# वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा पारेको प्रभाव सम्बन्धी अध्ययन–प्रतिवेदन २०७९

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +९७७-१-४२११९७०

फ्याक्सः +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

# वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा पारेको प्रभावसम्बन्धी अध्ययन प्रतिवेदन २०७९

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोनः +९७७-१-४२११९७०**

**फ्याक्सः +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np

---

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपालका लागि परामर्शदाता डा. चन्द्रप्रसाद ढकालद्वारा तयार गरिएको वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा परेको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन २०७८ ।

# कृतज्ञता ज्ञापन

'वैदेशिक  रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षमा पारेको प्रभाव' शीर्षकमा अध्ययन गर्न अनुमति दिनुहुने राष्ट्रिय योजना आयोगका अध्यक्ष डा. विश्व पौडेललगायत सम्पूर्ण सदस्यज्यूहरू तथा विशिष्ट श्रेणीका कर्मचारीहरू, राष्ट्रिय योजना आयोग अनुसन्धान अन्वेषण तथा तहगत समन्वय महाशाखाका प्रमुखज्यू लगायत राष्ट्रिय योजना आयोगका तर्फबाट यो अध्ययन पूरा गर्न सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

यस अध्ययनमा सहभागी सम्पूर्ण उत्तरदाताहरू, अध्ययन प्रतिवेदन तयार पार्न सहयोग गर्नुहुने मेरा परिवारका सदस्य, मेरा सहकर्मी साथीहरू सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**डा. चन्द्रप्रसाद ढकाल**

काठमाडौं

# अध्ययनको सारांश

यस अध्ययनले वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा पारेको प्रभावलाई मूल उद्देश्य मानी प्राप्त विप्रेषणले सामाजिक तथा आर्थिक अवस्थामा पारेको प्रभावको अध्ययन गरेको छ । वैदेशिक रोजगारीमा गएकाहरूको आश्रित परिवारको आर्थिक अवस्था जस्तैः आय, बचत, खर्च, सामाजिक अवस्था, स्वास्थ्य, शिक्षा आदिमा आएको परिर्वतन, वैदेशिक रोजगारीबाट कमाएको रकम नेपाल पठाउने, प्राप्त गर्ने तरिकालगायतका विषयसँगसँगै विप्रेषणले ल्याएका सकारात्मक तथा नकारात्मक प्रभाव उद्देश्यअनुरूप विश्लेषण गरिएको छ ।

नेपालमा वैदेशिक रोजगारीको प्रवृत्तिलाई हेर्दा प्रायः वैदेशिक रोजगारीमा पुरूषहरू गएको तथ्याङ्कले देखाएको छ । यस्तै नेपालबाट वैदेशिक रोजगारीमा जाने युवाहरू एकपटकमात्र नभएर पटकपटक जाने गरेको कारण वैदेशिक रोजगारीलाई नेपाली समाजले दीर्घकालीन स्रोतको रूपमा लिएको अवस्था छ । नेपालबाट दक्ष सिपयुक्त भन्दा पनि अदक्ष कामदार वैदेशिक रोजगारमिा जानु, वैदेशिक रोजगारीलाई नेपाल सरकारले व्यवस्थित गर्न नसक्नु आदि वैदेशिक रोजगारीभित्र रहेका प्रवृत्तिहरू हुन् । नेपालीहरू किन के कारणले वैदेशिक रोजगारीप्रति आकर्षित छन्, वैदेशिक रोजगारीका सबल र दुर्बल पक्षहरू के कस्ता छन्, किन वर्तमान समयमा वैदेशिक रोजगारी एक महत्वपूर्ण विषय बन्यो भन्ने विषय सैद्धान्तिक समीक्षामा प्रस्तुत गरिएको छ ।

प्राथमिक र द्वितीय दुवै सूचनाका स्रोतहरू प्रयोग गरेर गरिएको यस अध्ययनमा प्राथमिक सूचना प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता विधिबाट संकलन गरिएको छ । काठमाडौं उपत्यकाभित्रका चारवटा स्थानीय तह- काठमाडौं महानगरपालिका वडा नं १४, कीर्तिपुर नगरपालिका वडा नं २, तारकेश्वर वडा नं ५ र चन्द्रागिरी वडा नं ९ लाई यस अध्ययनको क्षेत्र बनाइएको छ । स्थायी वा अस्थायी रूपले बसोबास गर्ने वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरूलाई सुविधाजनक उद्देश्यपरक (Convenience Purposive Random Sampling) विधिबाट छनौट गरी यो अध्ययनमा सहभागी गराइएको छ ।

वैदेशिक रोजगारीले नेपालको गरिबी निवारण महत्वपूर्ण भूमिका खेलेको कारण विगत छोटो समयमा नै जनसंख्याको ठूलो हिस्सा निरपेक्ष गरिबीको रेखाबाट माथि उठेको अवस्था छ । विगतका वर्षहरूमा विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीका कारण र विप्रेषण प्रवाहमा केही कमी आएको अवस्थामा बाहेक विप्रेषणले कुल ग्राहस्थ उत्पादनको करिब एक

तिहाइ भाग ओगटेको छ जुन ६६ प्रतिशत जनसंख्या आश्रित रहेको कृषि क्षेत्रको बराबर हो । नेपालको आर्थिक गतिविधिको मूल स्रोत नै विप्रेषण भएका कारण गरिबी निवारण र सामाजिक सुरक्षामा यसको प्रभाव अन्य क्षेत्रको भन्दा बढी देखिएको छ ।

गरिबी निवारणको अवस्थामा वैदेशिक रोजगारीले के कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा अध्ययन गर्ने क्रममा उत्तरदाताको परिवारको कुन सदस्य, कुन स्रोतबाट रकम जोहो गरेर कुन देश गयो, उसले वार्षिक रूपमा कति रकम कमायो, उक्त रकमलाई कुन माध्यमको प्रयोग गरेर परिवारको सदस्यसम्म पुऱ्याउने व्यवस्था मिलायो, प्राप्त रकम परिवारका सदस्यले के प्रयोजनको लागि कति प्रतिशत खर्च गऱ्यो भन्ने विषयलाई तालका तथा रेखा चित्रद्वारा देखाइएको छ । वैदेशिक रोजगारीबाट प्राप्त रकमले सामाजिक अवस्थामा पनि परिर्वतन ल्याएको छ । जसका कारण उनीहरूका बालबच्चाले राम्रो विद्यालय पढ्न पाएका छन्, वृद्धवृद्धाले सहज ढंगले औषधी उपचार गर्ने रकम प्राप्त गरेका छन्, जुन विषय सामाजिक सुरक्षासँग सम्बन्धित विषय हो । वैदेशिक रोजगारीबाट विप्रेषणको रूपमा रकम प्राप्त भएपछि सामाजिक सुरक्षामा केही हदसम्म सकारात्मक प्रभाव परेको देखिन्छ ।

वैदेशिक रोजगारीले मानव विकासमा दुरगामी प्रभाव पार्ने विषय बसाइसराइ, भने खासै प्रभाव पार्न सकेको छैन । कुनै पनि व्यक्तिको आधारभूत आवश्यकता पूरा नभै सामाजिक सुरक्षाका सुनिश्चितता हुन सक्दैन । वैदेशिक रोजगारीले आर्थिक अवस्थामा मात्र नभएर संस्कृति र सामाजिक अवस्थामा समेत प्रभाव पारेको छ, जसको नकारात्मक प्रभावको स्वरूप सांस्कृतिक विचलन, सामाजिक अराजकता, आर्थिक अनियमितता, फजुल खर्च आदि विषय पनि बेलाबखत उठान हुने गरेको छ । यस्ता नकारात्मक प्रभावलाई कम गर्न सकेमात्र वैदेशिक रोजगारीले गरिबी निवारणमा प्रभावकारी भूमिका खेल्न सक्छ । वैदेशिक रोजगारीमा जाने युवाको अकालमा मृत्यु हुने, अङ्ग भंग हुने, विदेशबाट पठाएको रकम सही स्थानमा सदुपयोग नहुँदा पारिवारिक कलह बढ्नेजस्ता समस्या पनि देखिने गरेको छ तर उत्तरदाताहरूले त्यस विषयमा खासै प्रकाश नपारेका कारण वैदेशिक रोजगारीले ल्याएका नकारात्मक प्रभावभन्दा सकारात्मक प्रभाव बढी भएको देख्न सकिन्छ । मानव विकासमा प्रभाव पर्ने तत्व जस्तैः शिक्षा, स्वास्थ्य, सरसफाइ आय, वचत, पुर्वाधार आदिमा वैदेशिक रोजगारीबाट विप्रेषणको रूपमा प्राप्त रकमले सकारात्मक परिर्वतन ल्याएको देखिन्छ ।

# विषय सूची

कृतज्ञता ज्ञापन ........ ii

अध्ययनको सार ........ iv

विषय सूची ........ iv

**अध्यायः १ परिचय** ........ **१**

१.१ पृष्ठभूमि ........ १

१.२ समस्या कथन ........ ३

१.३ अनुसन्धान प्रश्न ........ ४

१.४ अध्ययनको उद्देश्य ........ ४

१.५ अध्ययनको औचित्य ........ ४

१.६ अध्ययनको संरचना ........ ५

**अध्यायः २ पूर्वकार्यको समीक्षा** ........ ६

२.१ वैदेशिक रोजगारी सम्बन्धी सैद्धान्तिक अवधारणा ........ ६

२.२ वैदेशिक रोजगारी नीतिहरू ........ १३

२.३ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन ........ २२

२.४ पुनरावलोकनको अध्ययनका लागि उपादेयता ........ २७

२.५ अनुसन्धान अन्तर ........ २९

**अध्यायः ३ अध्ययन विधि** ........ **३०**

३.१ अनुसन्धान ढाँचा ........ ३०

३.२ अनुसन्धान पद्धति ........ ३०

३.३ तथ्याङ्कको स्रोत ............ ३१

३.४ तथ्याङ्क सङ्कलन विधि ............ ३१

३.५ नमुना र अध्ययनको सीमा ............ ३२

३.६ विश्लेषण र प्रस्तुति ............ ३२

३.७ अध्ययनको सीमा ............ ३२

**अध्यायः ४** नेपालमा गरिबी र विप्रेषणको अवस्था ............ ३४

४.१ गरिबी निवारण विश्वव्यापी परिवेश ............ ३८

४.२ नेपालमा गरिबी निवारणको लागि भएका प्रयासहरू ............ ३८

**अध्यायः ५** वैदेशिक रोजगारीले पारेको प्रभाव ............ ३९

५.१ नेपालमा वैदेशिक रोजगारीको ट्रेन्ड (प्रवृत्ति) ............ ३९

५.१.१ नेपालले विप्रेषणको रूपमा वैदेशिक रोजगारीबाट विगत दश वर्षमा भित्रिएको रकम ............ ४१

५.२. सामाजिक आर्थिक अवस्था ............ ४२

५.२.१ परिवार संख्या ............ ४२

५.२.२ पारिवारिक पेसा/व्यवसाय ............ ४३

५.३ वैदेशिक रोजगारीले आर्थिक अवस्थामा पारेको प्रभाव ............ ४४

५.३.१ वैदेशिक रोजगारीमा गएको परिवारको सदस्य ............ ४४

५.३.२ वैदेशिक रोजगारीमा गएको देश ............ ४५

५.३.३ वैदेशिक रोजगारीमा जान उत्तरदाताको परिवारले गरेको खर्च ............ ४६

५.३.४ वैदेशिक रोजगारीमा जाने रकम संकलनको अवस्था ............ ४७

५.३.५ वैदेशिक रोजगारीमा गएको समय ............ ४८

५.३.६ वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण अवस्था ..... ४९

५.३.७ वैदेशिक रोजगारीबाट रकम प्राप्तपछि परिवारमा आएको आर्थिक सहजता ..... ५०

५.३.८ वैदेशिक रोजगारीबाट रकम पठाउने माध्यम ..... ५१

५.३.९ रकम प्राप्त गर्न सहजता ..... ५२

५.३.१० वैदेशिक रोजगारीले आयमा ल्याएको परिर्वतन ..... ५३

५.३.११ वैदेशिक रोजगारीबाट प्रतिवर्ष आम्दानी ..... ५४

५.३.१२ खर्च अवस्था (वार्षिक) ..... ५५

५.३.१३ वैदेशिक रोजगारीले पारिवारिक बचतमा ल्याएको परिर्वतन ..... ५६

५.३.१४ वैदेशिक रोजगारीबाट प्राप्त रकमले बचतमा पारेको प्रभाव ..... ५६

५.३.१५ बचत गरेको स्थान ..... ५७

५.३.१६ वैदेशिक रोजगारीले खर्चमा ल्याएको परिर्वतन ..... ५७

५.३.१७ खर्च गर्ने अवस्थामा ल्याएको परिर्वतनका कारणहरू ..... ५८

५.३.१८ विप्रेषणले पारिवारको क्रयशक्तिमा ल्याएको परिवर्तन ..... ५९

५.३.१९ वैदेशिक रोजगारीबाट आएको रकम खर्च भएको शीर्षक ..... ६०

५.३.२० वैदेशिक रोजगारीले मानव विकासमा पारेको प्रभाव ..... ६१

५.३.२१ वैदेशिक रोजगारीले बसाइँसराइँमा पारेको प्रभाव ..... ६१

५.३.२२ वैदेशिक रोजगारीमा रहेको वा फर्केको अवस्था ..... ६२

५.४ सामाजिक/सांस्कृतिक अवस्थामा आएको परिवर्तन ..... ६३

५.४.१ सामाजिक अवस्थामा आएको परिवर्तन ..... ६४

५.४.२ सांस्कृतिक अवस्थामा आएको परिवर्तन ...... ६४

५.५ वैदेशिक रोजगारी र सामाजिक समस्या ...... ६७

**अध्यायः ६ निचोड, निष्कर्ष र सुझाव ...... ७०**

६.१ निचोड ...... ७०

६.२ निष्कर्ष ...... ७२

सन्दर्भ ग्रन्थ सूची ...... ७५

प्रश्नावली ...... ८०

## तालिका

तालिकाः १ सन् १९९० देखि २०२० सम्मको निरपेक्ष गरिबीको अवस्था ...... ३४

तालिकाः २ सन् १९९० देखि २०२० सम्म वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण ...... ३५

तालिकाः ३ कुल ग्राहस्थ उत्पादनमा विप्रषणले ओगटेको प्रतिशत ...... ३७

तालिकाः ४ विगत दश वर्ष (२०१० देखि २०२०) सम्म नेपालबाट वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको संख्या ...... ३९

तालिकाः ५ सन् २०१० देखि २०१९/२० को अवधिमा वैदेशिक रोजगारीमा जाने महिलाको संख्या ...... ४०

तालिकाः ६ नेपालले विप्रेषणको रूपमा वैदेशिक रोजगारीबाट विगत १० वर्षमा भित्रिएको रकम ...... ४१

तालिकाः ७ परिवार संख्या ...... ४३

तालिकाः ८ वैदेशिक रोजगारीमा गएको देश ...... ४६

तालिकाः ९ वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण अवस्था ...... ४९

तालिकाः १० वैदेशिक रोजगारीबाट रकम प्राप्तपछि परिवारमा आएको आर्थिक सहजता ...... ५०

तालिकाः ११ छैन भने किन ...... ५१

तालिकाः १२ रकम प्राप्त गर्न सहजता ...... ५३

तालिकाः १३ वैदेशिक रोजगारीले पारिवारिक बचतमा ल्याएको परिर्वतन ...... ५६

तालिकाः १४ बचत गरेको स्थान ...... ५७

तालिकाः १५ विप्रेषणले पारिवारको क्रयशक्तिमा ल्याएको परिवर्तन ...... ६०

तालिकाः १६ वैदेशिक रोजगारीले बसाइँसराइँमा पारेको प्रभाव ...... ६२

तालिकाः १७ वैदेशिक रोजगारीले स्वास्थ्य सेवामा ल्याएको परिर्वतन ...... ६६

तालिकाः १८ शैक्षिक अवस्थामा आएको परिर्वतन ...... ६६

तालिकाः १९ चाड पर्व मनाउने अवस्थामा आएको परिवर्तन ...... ६७

**चित्र**

चित्रः १ आवधिक विप्रेषण प्रवाह (युएस डलर विलियनमा) ...... ३६

चित्रः २ परिवारको किसिम ...... ४२

चित्रः ३ पारिवारिक पेसा/व्यवसाय ...... ४३

चित्रः ४ वैदेशिक रोजगारीमा गएको परिवारको सदस्य ...... ४५

चित्रः ५ वैदेशिक रोजगारी जाने परिवारले गरेको खर्च ...... ४७

चित्रः ६ वैदेशिक रोजगारीमा जाने रकम संकलनको अवस्था ...... ४८

चित्रः ७ वैदेशिक रोजगारीमा गएको समय ...... ४९

चित्रः ८ वैदेशिक रोजगारीबाट रकम पठाउने माध्यम ...... ५२

चित्रः ९ वैदेशिक रोजगारीले आयमा ल्याएको परिर्वतन ...... ५३

चित्रः १० वैदेशिक रोजगारीबाट आम्दानी (वार्षिक) ...... ५४

चित्रः ११ खर्चको अवस्था ...... ५५

चित्रः १२ वैदेशिक रोजगारीबाट प्राप्त रकमबाट भएको बचतले पारेको प्रभाव..........५६

चित्रः १३ वैदेशिक रोजगारीले खर्चमा ल्याएको परिर्वतन ..........५८

चित्रः १४ विप्रेषणको कारण खर्चमा आएको परिर्वतन ..........५९

चित्रः १५ वैदेशिक रोजगारीबाट आएको रकम खर्च भएको शीर्षक ..........६०

चित्रः १६ वैदेशिक रोजगारीमा रहेको वा फर्केको अवस्था ..........६२

चित्रः १७ सामाजिक/सांस्कृतिक अवस्थामा परिर्वतन ..........६३

चित्रः १८ सामाजिक अवस्थामा आएको परिवर्तन ..........६४

चित्रः १९ सांस्कृतिक अवस्थामा आएको परिवर्तन ..........६५

चित्रः २० वैदेशिक रोजगारी र सामाजिक समस्या ..........६८

## अध्याय : १

# परिचय

### १.१ पृष्ठभूमि

अर्थ उपार्जनका लागि गरिने श्रमलाई रोजगार भनिन्छ । विभिन्न शब्दकोशहरूले रोजगारलाई विभिन्न प्रकारले अर्थ लगाएका छन् । अंग्रेजी भाषाको कुलीन शब्दकोशले जीविका उपार्जनका लागि गरिने कामलाई रोजगारी भनेको छ । (विलियम, कुलिन, २०१३) । रोजगारमा 'इ' प्रत्यय लागेर बनेको रोजगारी शब्दले रोजगार वा काम गर्नुलाई रोजगारी भन्ने अर्थ प्रदान गरेको छ । कामको प्रकृति, सिप, दक्षता, स्थान वा देश आदिको आधारमा रोजगारीलाई विभिन्न प्रकारमा वर्गीकरण गरिएको छ । स्थानको आधारमा आफू बसेको देशभन्दा बाहिर गएर गर्ने रोजगार वा श्रमलाई सामान्यतया वैदेशिक रोजगारी भन्ने गरिन्छ । अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा जारी गरेको प्रतिवेदनमा रोजगारीलाई यसरी परिभाषित गरेको छ, "काम गर्ने उमेरका आर्थिक क्रियाकलापमा संलग्न मानिस जो कुनै निश्चित समयसम्म काम गर्दछन् भने त्यसलाई रोजगारी भनिन्छ" । (अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३, पृ.४) । सामान्य भाषामा रोजगारी भन्ने बित्तिकै प्रतिफल आउनु पर्ने विषयले प्रथामिकता पाउने गर्दछ । जुन विषयलाई घिमिरे (२०६६) ले यसरी परिभाषित गरेका छन्, "नगद अथवा सेवा वा वस्तुका रूपमा प्रतिफल लिई काम गर्नुलाई रोजगारी भनिन्छ । (पृ.४) विगत ७ दिनमा कुनै व्यक्तिले कम्तीमा १ घण्टा कुनै आर्थिक काम गरेको वा सो अवधिमा बिदामा बसेको भएता पनि सो व्यक्तिलाई हाल 'रोजगार' भनिन्छ (के.त.वि., २०६८:४३) । अन्तर्राष्ट्रिय श्रम संगठनको सन् १९८३ को प्रतिवेदनले रोजगारीलाई २ भागमा वर्गीकरण गरेका छन् :

(क) तलबी रोजगार : कुनै पनि व्यक्तिले कुनै निश्चित समयमा बिदामा बसेको भए तापनि उनीहरू त्यो कामप्रति औपचारिक रूपमा सम्बन्धित हुन्छन् भने त्यो सम्पूर्ण तलब रोजगारअर्न्तगत पर्दछ । यसरी कुनै व्यक्तिले निश्चित समयमा कुनै काम आम्दानीको उद्देश्यले गर्दछ भने तलबी रोजगार अर्न्तगत पर्दछ ।

(ख) स्वरोजगार : कुनै पनि व्यक्ति आफैले व्यापार-व्यवसाय सञ्चालन ज्याला नलिएर पारिवारिक पालनपोषण नगद वा जिन्सीका लागि आफैले गर्ने कामलाई स्वरोजगार भनिन्छ (डाँगी, २०६८: ६) ।

केही दशक यता संसारभरि नै वैदेशिक रोजगारीमा जाने प्रचलन निकै बढेको सन्दर्भमा नेपालमा वैदेशिक रोजगारी अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको छ । नेपालको वैदेशिक रोजगारीको विगत र वर्तमान अवस्थालाई अन्तर्राष्ट्रिय श्रम संगठनको डाटा पोर्टल, २०२० ले यसरी प्रस्तुत गरेका छन् :

> *सन् १८१५ देखि तत्कालीन समयमा भारतमा अङ्ग्रेज शासन भएको बेला ब्रिटिश इस्ट इन्डिया कम्पनीले नेपालीलाई सैनिकमा भर्ती गर्ने सम्झौता गरेर लाहोर भन्ने स्थानमा लगेर तालिम गराएर विभिन्न ठाउँमा परिचालन गर्ने गरेकोदेखि सुरु भएको नेपालीको वैदेशिक रोजगारीको सुरुआत वा विकास त्यही लाहुरे (लाहुर गएर काम गर्ने) संस्कृतिबाट विकास भएर आजको समयसम्म आइपुग्दा सातवटै महादेशअन्तर्गतका १ सय १० वटा मुलुकमा गरी करिब ४३ लाख नेपालीहरू काम गरिरहेको तथ्याङ्कहरूले देखाएको छ ।*

वैदेशिक रोजगारीको संस्कृतिले दुई शताब्दी पार गरे पनि नेपालमा वैदेशिक रोजगार ऐन २०४२ बनेपछि संस्थागत रूपमा वैदेशिक रोजगारीमा कामदार पठाउने प्रक्रिया सुरु भएको हो । त्यसपछि वैदेशिक रोजगारीमा कामदार पठाउने प्रक्रियाले व्यवसायको रूप लिएको देखिन्छ ।

कुल ग्राहस्थ्य उत्पादनको अनुपातमा विप्रेषणको हिस्सा धेरै हुने देशमा नेपाल विश्वको तेस्रो स्थानमा छ । विप्रेषणले कुल ग्राहस्थ उत्पादनको करिब एक तिहाई हिस्सा ओकटेको छ (नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयको, २०७७) । विप्रेषणले नेपालमा गरिबी घटाउने, साक्षरता दर बढाउने, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, कृषि, व्यापार, पर्यटन, ऊर्जा, विकासका पूर्वाधार निर्माणजस्ता क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । योबाहेक सशस्त्र द्वन्द्व, नाकाबन्दी, भूकम्प आदि सङ्कटका बेलामा पनि यहाँको अर्थतन्त्र चलायमान बनाउन यसले निकै सघाउ पुऱ्याएको देखिन्छ ।

नेपालमा वैदेशिक रोजगारी र यसको आर्थिक सामाजिक प्रभावको बारेमा कुरा गर्दा दुई किसिमका दृष्टिकोणहरू देख्न सकिन्छ । एक खालेको अभिमतअनुसार वैदेशिक रोजगारीमा जानु भनेको देशको माटोमाथि घात गर्नु वा देशभित्र पसिना बगाउन अल्छी गर्नु हो भन्ने हो र यसलाई बन्द गरेर देशमा रोजगारीका अवसरहरू सृजना गर्नुपर्ने उनीहरूको तर्क रहेको छ । तर यो सम्भव छैन किनकि नेपालको हालको व्यवस्थालाई हेर्दा तत्कालका लागि वैदेशिक रोजगारीलाई व्यवस्थित गरी वैदेशिक रोजगारीबाट प्राप्त हुने रकम सदुपयोग गर्नुबाहेक अर्को विकल्प देखिँदैन । यस सन्दर्भमा

वैदेशिक रोजगारीका विविध आयामहरूको चर्चा गर्दै वैदेशिक रोजगारीले पारेको प्रभावका बारेमा विश्लेषण गरिएको छ ।

### १.२ समस्या कथन

देशभित्र रोजगारीको अवसर नभएकै कारण विगतदेखि नेपाली युवाहरू कामको खोजीमा विदेशिने गरेका छन् । वैदेशिक रोजगारीमा गएका युवाहरूले पठाएको विप्रेषणले गरिबी निवारण र सामाजिक सुरक्षमा प्रभाव पारेको देखिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणले देशको समग्र आर्थिक सूचकमा सकारात्मक प्रभाव पारी देशको समग्र अर्थतन्त्रको विकासमा प्रमुख भूमिका खेलेको छ । वैदेशिक रोजगारीको प्रभाव एउटा निश्चित क्षेत्रमा मात्र नपरी समग्र आर्थिक तथा सामाजिक अवस्थामा प्रभाव परेको सन्दर्भमा यस अध्ययनले वैदेशिक रोजगारीबाट प्राप्त विप्रषणले गरिबी निवारण र सामाजिक सुरक्षामा कस्तो प्रभाव पारेको छ भन्ने विषयमाथि प्रकास पारिएको छ । सन् २०१७ को आर्थिक सर्वेक्षणले करिब ५० देखि ५५ प्रतिशत घरका वयस्कहरू श्रम स्वकृत लिएर वैदेशिक रोजगारीमा गएको तथ्यलाई देखाएको छ । यसबाहेक पनि विद्यार्थीको रूपमा, घुम्ने बाहानामा वैदेशिक रोजगारीमा जानेहरू पनि छन् । जुनसुकै तरिकाले विदेशमा पुगे पनि उनीहरूले विभिन्न माध्यमको प्रयोग गरेर आफूले कमाएको रकम नेपालमा पठाउने गरेको देखिन्छ । यसरी पठाएको रकमले उनीहरूको आश्रित परिवारको खर्च टरेर केही बचत समेत हुने गरेको देखिन्छ । युवा जनशक्ति विदेशिँदा आर्थिक रूपमा परिवारले क्षणिक फाइदा पाए पनि दीर्घकालीन रूपमा भने नकारात्मक प्रभाव पनि देखिन सक्छ र सामाजिक सुरक्षामा चुनौती देखिन सक्छ । यस सन्दर्भमा वैदेशिक रोजगारी सही कि गलत भन्ने विषयले नेपाली समाजलाई विभाजन गर्न खोजेको छ । यसरी विभाजित भएर आएको धारणालाई तथ्यपरक ढंगले विश्लेषण गरी सत्यतथ्य पत्ता लगाई वैदेशिक रोजगारीले पारेको प्रभावको आर्थिक, समाजिक मूल्याङ्कन गर्दै गरिबी निवारण र सामाजिक सुरक्षामा यसले कसरी भूमिका खेलेको छ भन्ने विषयमा अनुसन्धान गर्न यो अध्ययनले निम्न समस्या कथनमाथि विमर्श गरेको छ :

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले गरिबी निवारणमा के कसरी प्रभाव पारेको छ ? विप्रेषणले समाजिक सुरक्षामा सकारात्मक वा नकारात्मक के कस्तो प्रभाव कसरी पारेको छ ? वैदेशिक रोजगारीको असर समग्र मानव विकास जस्तै बसाइँसराइँ, शिक्षा, स्वास्थ्यमा कस्तो प्रभाव परेको छ आदि समस्या कथन माथि विमर्श गरिएको छ ।

## १.३ अनुसन्धान प्रश्न

यस अध्ययन तल उल्लेखित अनुसन्धान प्रश्नमाथि केन्द्रित रहेको छ :

- वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षालाई प्रभाव पार्ने तत्वमा के कस्तो प्रभाव पारेको छ ?
- वैदेशिक रोजगारीले आम उपभोक्ताको बचत, आयत, क्रय शक्ति आदिमा के कस्तो प्रभाव पारेको छ ?
- वैदेशिक रोजगारीले समग्र मानव विकासमा प्रभाव पर्ने तत्व, बसाइँसराइँ, सहरीकरण, शिक्षा, स्वास्थ्य आदिमा के कस्तो असर पारेको देखिन्छ ?
- वैदेशिक रोजगारीले समग्रमा आर्थिक तथा सामाजिक अवस्थामा पारेको सकारात्मक तथा नकारात्मक असर के देखिन्छ ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षमा पारेको प्रभावको अध्ययन गर्नु रहेको छ भने अन्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

- वैदेशिक रोजगारीले आम उपभोक्ताको बचत, आयत, क्रय शक्ति आदिमा के कस्तो प्रभाव पारेको छ अध्ययन गर्ने ।
- वैदेशिक रोजगारीले समग्र मानव विकासमा प्रभाव पर्ने तत्व, बसाइँसराइँ, सहरीकरण, शिक्षा, स्वास्थ्य आदिमा के कस्तो असर पारेको देखिन्छ विश्लेषण गर्ने ।
- वैदेशिक रोजगारीले समग्रमा आर्थिक तथा सामाजिक सुरक्षामा पारेको प्रभाव र सामाजिक अवस्थामा पारेको सकारात्मक तथा नकारात्मक असर पत्ता लगाउने ।

## १.५ अध्ययनको औचित्य

वैदेशिक रोजगारी नै नेपालको अर्थतन्त्रको आसाको केन्द्र रहेको वर्तमान अवस्थामा वैदेशिक रोजगारीले आम नेपालीमा पारेको आर्थिक सामाजिक असरहरूका बारेमा अध्ययन गर्दा प्राप्त तथ्यहरूले त्यस क्षेत्रमा वर्तमानमा देखिएका समस्याहरू समाधान गर्दै वैदेशिक रोजगारीलाई समयसापेक्ष बनाउन योगदान पुऱ्याउने छ । हाल कार्यान्यनमा रहेका विद्यमान कतिपय नीति नियमहरूले पनि वैदेशिक रोजगारीलाइ समय सापेक्ष परिर्वतन गरी बढीभन्दा बढी वस्तुनिष्ट बनाउन बाधा पुऱ्याएको वर्तमान अवस्थामा यस अध्ययनले औंल्याएका सुझावहरूलाई कार्यान्वयन गर्न सके

वैदेशिक रोजगारीको क्षेत्रमा केही हदसम्म नीतिगत सुधार गर्न सकिन्छ । त्यसकारण यस अध्ययनको औचित्य नीतिगत सुधारदेखि कार्यान्यनको तहसम्म देखिएका वैदेशिक रोजगारीसँग जोडिएर आउने समस्या समाधान गर्न सहयोग पुऱ्याउने देखिन्छ । यस्तै यस अध्ययनको औचित्य वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने सरकारी निकाय, गैरसरकारी संघ संस्थाहरू, वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने व्यक्तिहरू सबैलाई यो अध्ययनले सहयोग पुऱ्याउने कारण यो अध्ययनको औचित्य देखिन्छ ।

**१.६ अध्ययनको संरचना**

यस अध्ययनलाई विषयवस्तुको प्रस्तुतीकरणलाई आधार मानेर छ भागमा विभाजन गरिएको छ । प्रथम खण्डमा अध्ययनको परिचय समेटिएको छ, जसअन्तर्गत अध्ययनको पृष्ठभूमि, उद्देश्य, समस्या कथन, औचित्य, अध्ययनको संरचना आदि विषयवस्तु समेटिएको छ भने दोस्रो खण्डमा पूर्वकार्यको समीक्षा समेटिएको छ । जसअन्तर्गत वैदेशिक रोजगारीसँग सम्बन्धित सैद्धान्तिक पक्ष, विद्यमान नीतिहरू र पूर्वकार्यको समीक्षा समावेश गरिएको छ । यस्तै अध्याय तीनमा अनुसन्धान विधिका बारेमा विश्लेषण गरिएको छ । अध्याय चारमा नेपालमा गरिबी र विप्रेषणको अवस्थालाई समावेश गरिएको छ  अनुसन्धान प्रश्न र उद्देश्यमाथिको विश्लेषण अध्याय पाँचमा समेटिएको छ भने निष्कर्ष र सुझाव अन्तिम अध्याय, अध्याय छमा समावेश गरिएको छ ।

अध्याय : २

# पूर्वकार्यको समीक्षा

### २.१ वैदेशिक रोजगारीसम्बन्धी सैद्धान्तिक अवधारणा

वैदेशिक रोजगारीको सम्बन्ध मानव विकास र बसाइँसराइँको आधारभूत सिद्धान्तसँग जोडिएको छ । रोजगारीको लागि वा श्रम बेच्न एक स्थानबाट अर्को स्थानमा मानिसहरू के कारणले किन जाने गर्दछन् भन्ने विषयमा विभिन्न विद्वानहरूले आआफ्ना मत प्रकट गरेका छन् । यसरी प्रकट गरेका मतका आधारमा वैदेशिक रोजगारीलाई श्रमको लागि एक स्थानबाट अर्को स्थानमा जाने भन्न सकिन्छ । यसरी अन्यत्र गएर काम गर्दा एक देशको सीमाना पार गरेर अर्को देशमा गएर श्रम गर्नुलाई  सामान्य भाषामा वैदेशिक रोजगारी भनिन्छ ।

सैद्धान्तिक रूपमा श्रमका लागि अल्पकालीन रूपमा एक स्थानबाट अर्को स्थान वा बाह्य देशमा जाने विषयलाई केही विद्वानहरूले बसाइँसराइँको सिद्धान्तबाट समेत हेर्ने गरेका छन् । वैदेशिक रोजगारीलाई बसाइँसराइँको दृष्टिकोणबाट हेर्दा मानिसहरू के कारणले श्रम गर्न विदेशी भूमिमा जाने गर्दछन् भन्ने विषयवस्तुमाथि प्रकाश पारिने गरिन्छ । यस सम्बन्धमा जि रिजर (१९९२) ले मानिसहरू पुलिङ फ्याक्टर र पुसिङ (आर्कषण र विर्कषणका कारणले वैदेशिक रोजगारमा जान बाध्य हुन्छन् भन्ने विषयलाई उल्लेख गरेको छन् । आर्कषणको सिद्धान्तअनुसार कुनै स्थानमा बसोबास गर्ने मानिसलाई श्रम गर्न जाँदा श्रमको राम्रो मूल्य पाइन्छ र जीवन सुखपूर्ण बन्छ भन्ने लागेर वा आकर्षित भएर अनेत्र काम गर्न जान तत्पर हुन्छन् । जस्तै नेपालीहरूले श्रम गर्न क्यानडा, अमेरिका जान देखाएको तत्परता । विर्कषणको सिद्धान्तको कुरा गर्दा बाढीपहिरो, भोकमरी युद्ध प्रभाव आदि कारणले आफू बसेको स्थानप्रति विर्कषण पैदा भई बसाइँ सरेर वा श्रम गरेर उचित तरिकाले कमाइ गर्न पाउने स्थानमा जान तत्पर हुने अवस्था । नेपालमा आकर्षण र विकर्षण दुवै सिद्धान्तको आधारमा मानिसहरू श्रमको लागि देश छोड्ने गरेका छन् । यसरी देश छोड्नेमध्ये जसले आफू गएको देशमा रकम पठाउँछन्, तिनीहरूलाई वैदेशिक रोजगारीमा गएको मानिन्छ अन्यथा मानिँदैन ।

यस्तै वैदेशिक रोजारीको सम्बन्धमा कसैले चार सिद्धान्त, कसैले तीन सिद्धान्त त कसैले दुई सिद्धान्त उल्लेख गरेका छन् । वैदेशिक रोजगारी तथा बसाइँसराइँको सम्बन्धमा थेरै सिद्धान्तहरूका बारेमा चर्चा गरिने भए पनि नवशास्त्रीय र नवउदारवादी सिद्धान्तलाई धेरैले प्रमुख सिद्धान्त मानेर व्याख्या गर्ने

गरेका छन् । यो अध्ययनमा पनि नवउदारवादी अर्थतन्त्रको प्रभावको कारणले आम मानिसमा वैदेशिक रोजगारप्रति विकास भएको धारणालाई मुख्य आधार मानिएको छ ।

नव उदारवादी धारणाले मानिसलाई एक स्थानबाट अर्को स्थानमा जान उत्प्रेरणा दिएको छ । अन्तराष्ट्रिय श्रम संगठन (इन्टरनेसनल लेवर अर्गनाइजेसन) को स्थापना पनि यसै नवउदारवादी अवधारणमा आधारित भएर गरिएको हो । यो अवधारणले एक देशका मानिस अर्को देशमा सहज रूपमा श्रम गर्न कसरी जान सक्छन् र किन जानुपर्ने हुन्छ भन्ने विषयलाई प्रमुखताका साथ उठाएको छ । श्रम गर्न जाँदा कामको सिलसिलमा वा आफ्नो देशमा रकम पठाउँदा केकस्ता समस्या देखापर्न सक्छन् भन्ने विषय पनि श्रम संगठनले उठाउने गरेको छ । नव उदारवादी अवधारणकै प्रभाव स्वरूप सन् १९९० मा प्रजातन्त्र पुनःस्थापना भएपछि नेपालीहरू सहज ढंगले विदेशमा काम गर्न जाने र विदेशमा भएको कमाइले आफ्ना परिवारका सदस्यहरूको आधारभूत आवश्यकता पूरा गर्ने र खर्च गर्ने परम्परा विकास भएको छ । सानो समुहबाट सुरु भएको वैदेशिक रोजगारी हाल नेपालको राष्ट्रिय आम्दानीको प्रमुख स्रोतको रूपमा स्थापित भएको देखिन्छ । यसले देशको गरिबी निवारण, सामाजिक विकासलगायतका विषयमा प्रत्यक्ष असर प्रभाव पारेको छ ।

विश्वव्यापी रूपमा बढ्दै गएको वैदेशिक रोजगारी र यसले कुनै पनि देशको समग्र सामाजिक तथा आर्थिक अवस्थामा पारेको प्रभावका बारेमा केही अध्ययनहरूले सैद्धान्तिक अवधारणासमेत विकास गरेका छन् । यस विषयमा टाडोल (सन् १९६९) र हारिस (१९७०) ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँ सरेर श्रम र रोजगारीका लागि आउने परम्परा वा प्रवृत्तिको विश्लेषण गरेर एउटा सैद्धान्तिक खाका तयार पारेका छन् । यस सैद्धान्तिक खाकाले मानव पुँजी परिचालनको वैज्ञानिक अवधारणा अगाडि सारेको छ । मानव पुँजीभित्र मानिसको शिक्षा, सिप, शारीरिक काम गर्ने क्षमता आदि पर्दछन् । विश्व बजारमा पुँजीवादको निर्माण हुन थालेपछि पुँजी निर्माणको अवस्थामा बढोत्तरी आयो, भौतिक तत्व जस्तै प्राकृतिक स्रोत, रूपैयाँ पैसा, कच्चा पदार्थ बजार आदिको तुलनामा मानवीय तत्वले पनि आफ्नो स्थान बनाउन थाल्यो । सबै तत्वको समायोजन मानवबिना असम्भव भएपछि । प्रविधिमा दक्षता भएका मात्र नभएर कुनै पनि काम गर्न शारीरिक रूपमा सक्षमहरूको पनि अन्तराष्ट्रिय श्रम बजारमा माग हुन थाल्यो । नेपालको वैदेशिक रोजगारी पनि सैद्धान्तिक रूपमा बढी ज्याला पाइने र आफ्नो शिप, शारिरिक परिश्रम, ज्ञान आदि बेच्न सकिने मनोविज्ञान बाट अगाडी बढेको देखिन्छ ।

यस्तै मेसी (१९९३) लेखेजस्तो पुस पुल सिद्धान्तले पनि नेपालको वैदेशिक रोजगारीको अवस्थालाई बढवा दिएको छ । पुस-पुल (आर्कषण र विर्कषण) को सिद्धान्तले माल्थसको जनसंख्याको सिद्धान्तलाई आधार बनाएर कुनै पनि क्षेत्रमा जनसंख्या बढ्दै जाँदा बढ्दो जनसंख्यालाई पुग्ने मात्रमा

स्रोत र साधनहरू जुट्दैन, जसको असर लडाइँ, झैझगडा, अनिकाल जस्ता अवस्थाको सृजना हुने गर्दछ । त्यसपछि मानिसहरू एक स्थान रोजगारीको लागि अन्यत्र जाने गर्दछन् । यस्तै काम गर्न जाने मुलुकको आर्थिक सामाजिक पक्ष आदिलाई तान्ने तत्व मानिन्छ । नेपालको सन्र्दभमा कुरा गर्दा माओवादी द्वन्द्वको समयमा मानिसहरू देशमा काम गर्न अवसर नभएर वैदेशिक रोजगारीमा गएका थिए । भने त्यसपछिको अवस्थामा देशको राजनीतिक अस्थिरता, देशभित्र काम गर्ने सहज वातावरण नहुनु आदि कारणले मानिसहरू विदेशमा वैधानिक तथा अवैधानिक बाटोबाट जान बाध्य भएको अवस्था छ ।

रोजगारका अवसर, राम्रो जीवनयापन, राजनीति र धार्मिक स्वतन्त्रता, राम्रो हावापानी, साथीभाइ गएको देखेर, कामको राम्रो अवसर, अध्ययनको अवसर आदिका कारण  नयाँ स्थानमा वा विदेशमा जाने गर्दछन् ।  रोजगारका अवसर कम, सामाजिक विविधता, राजनीतिक स्थिरता नहुनु, गरिबी, गासबासमा कठिनाइले मानिसलाई आफू बसेको क्षेत्रप्रति वितृष्णा पैदा गर्छ र उनीहरू वैदेशिक रोजगारीमा जाने गर्दछन् । यसरी मानिसहरू आफू र आफ्नो घरपरिवारको भलाइको लागि विविध अवसरको खोजिमा आफ्नो देश वा क्षेत्र छाडेर रोजगारको लागि जानुलाई वैदेशिकमा जानु  भनेर भन्ने गरिन्छ । वैदेशिक रोजगारले विशेष गरी आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिन्छ ।

नेपालको सम्वन्धमा कुरा गर्दा वैदेशिक रोजगारबाट आएको विप्रेषणले खाद्यान्न, लत्ताकपडा, विहाबारी, शिक्षा, स्वास्थ्य, जग्गा खरिद, घर निर्माण जस्ता विषयलाई समेटेको  देखिन्छ । विशेषगरी वैदेशिक रोजगारले परिवारको जीवनशैली, रहनसहनमा परिवर्तन ल्याएको छ र यसले समाजलाई आधुनिकता तर्फ लगेको देखिन्छ ।

नेपालको धार्मिक मान्यता, सामाजिक आवश्यकता आदिले वैदेशिक रोजगारीलाई सहजरूपमा लिएका कारण वैदेशिक रोजगारीप्रति त्यति धेरै नकारात्मक धारणा देखिँदैन । नेपाली समाज हिन्दु दर्शनबाट प्रभावित रहेको । हिन्दुहरूले चाणक्यलाई आफ्नो व्यवहार निर्देशित गर्ने गुरूका रूपमा लिने गर्दछन् र उनले भनेका विषयलाई जीवनयापनको मार्गदर्शन बनाउने पनि गर्दछन् । चाणक्य आफ्नो एक श्लोकमा रोजगारी मिलेन भने रोजगारीको लागि अन्यत्र जान राम्रो हुने विषय उजागर गरेका  छन् :

*यस्मिन देशेनसम्मानोनबृतिन च बानधवा*

*नच विद्यागमअपयिस्तवासंतत्र नकस्यते (अधिकारी २०६५)*

जुन देशमा सम्मान हुँदैन वृत्ति वा राम्रोसँग व्यापार व्यवसाय चल्दैन, त्यो देशमा नबस्नु भनी उल्लेख गरिएको छ । माओवादी द्वन्द्व चरम उत्कर्षमा पुग्दा उक्त उक्तिलाई मनन गरेर धेरैले रोजगारीका लागि देश छोडेका थिए । नेपाली समाज बसाइ सर्न त्यति असहज मान्दैन । सामाजिक र सांस्कृतिक रूपमा समेत बसाइसराइलाई सहज रूपमा लिने परम्पराले वैदेशिक रोजगारीलाई सामाजिक रूपमा प्रतिष्ठाका रूपमा पनि हेरिने गरिएको छ ।

वैदेशिक रोजगारको सैद्धान्तिक दृष्टिकोण समाजको एउटा महत्वपूर्ण चरित्रको रूपमा अत्यन्त चल वस्तु भनेको श्रम हो । परम्परादेखि अहिलेसम्म श्रमलाई विभिन्न दृष्टिकोणबाट परिभाषित र निर्देशित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुँदै जाने समाजमा श्रमको वस्तुस्थिति र परिपाटिले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्री र अन्य विद्वान वर्गले विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्ण मान्यता दिई पुष्टि गरेका छन् । यी विभिन्न मान्यताहरू मध्ये समाजशास्त्रीय दृष्टिकोण, अर्थशास्त्रीय, दृष्टिकोण, बजारशास्त्रिय दृष्टिकोण आदि रहेका छन् ।

आधुनिकीकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको व्यवस्थाको स्थिति, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरूमध्ये विकासका अवास्तविक सम्बन्धहरूको सृजनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिब राष्ट्रहरू किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्वव्यवस्था सिद्दान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालरस्टाइन हुन् । यसलाई नव माक्सवादी वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त सुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिबाट विश्वव्यापी रूपमा श्रम विभाजन भयो । यसैगरी १६ औं शताब्दिमा आइपुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समान रूपले भएन (वालरस्टाइन उद्धित रिट्जर, १९९२) । यस सिद्धान्तअनुसार विश्वव्यवस्था अर्न्तगत यसका विभिन्न भागहरू (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएका विशिष्ट कार्यहरू (श्रमको उत्पादन, खाद्यान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तै : अफ्रिकाले दासको उत्पादन, पश्चिम र युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिपयुक्त प्रशासकहरू रहन पुगे (रिट्जर, १९९२) । यसैगरी वालरस्टाइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर, अर्धपृष्ठ क्षेत्रमा किसानहरू र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर रहन गए । यसरी केन्द्रमा सिपमूलक र स्वतन्त्र मजदुरहरूको वाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमूलक मजदुरलाई प्रयोग गरी विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरूमा

उधोगधन्दा सञ्चालन गरी पुँजीवादलाई विस्तार गर्न थाले (रिट्जर, १९९२) । यसरी ती उधोगधन्दाहरू एसियाका अरवियन मुलुकहरूमा पुँजीवादी राष्ट्रले स्थापना गरे पछि उधोग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्ष र अर्धदक्ष कामदारहरूको आवश्यकता भएकाले रोजगारीको लागि जान थाल्यो । Todaro and Smith, (2005) का अनुसार बसाईसराई दुई ठाउँको अनुमानित आयका अन्तरले हुने बताएका छन् । उनले आफ्नो लेखमा जहाँ मानिस कम आय भएका तथा विपन्न ठाउँबाट बढी आय र सम्पन्न ठाउँतर्फ बसाई सर्ने कुरा उल्लेख गरेका छन । उनले के भनेका छन् भने नयाँ ठाउँको रोजगारको अवसर तथा त्यस ठाउँको बेरोजगारी दर बिच विपरित सम्वन्ध हुन्छ (Probobality या going employment in new area is inversely related to underemployment rate in the new areas) ।

विश्वभरि फैलिएको पुँजीवादी व्यवस्थाअन्र्तगत नेपाल एउटा अदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रूपमा विकसित हुन पुग्यो । यसरी नेपालीहरूको भर्खरै बामे सर्न लागेका घरेलु उद्योगबाट उत्पादित उत्पादनले विदेशी उत्पादनसित प्रतिस्पर्धा गर्न नसकेर र विदेशी उत्पादनभन्दा महँगो भएकाले यहाँका उद्योगहरू क्रमशः धराशायी बन्दै गए । यसरी सम्पूर्ण उत्पादन विदेशी राष्ट्रमा भर पर्नाले आफ्नो देशको उत्पादनले स्थानीय बजार नपाएर पनि ओझेलमा पर्न गयो । जसको परिणाम अन्य देशले सस्तो श्रमिक र कच्चा पदार्थ सस्तो मूल्यमा नेपालबाट पाउने अवस्था सृजना भएको छ । निरन्तर यो प्रक्रियामा चलिरहे वैदेशिक रोजगारीको प्रभाव सकारात्मकभन्दा नकारात्मक रूपमा बढी देखिने छ ।

**वैदेशिक रोजगार सम्बन्धी विश्वव्यापी प्रवृत्ति**

वैदेशिक रोजगारीको विश्वव्यापी प्रवृत्तिलाई हेर्दा पश्चिमा मुलुकहरूले अपनाएको नव-उदारवादी अर्थतन्त्रको विषयमाथि चर्चा गर्ने गरिन्छ । नव-उदारवादी अर्थव्यवस्थाले श्रमलाई सञ्चय गरेर राख्न नमिल्ने पुँजीका रूपमा लिने गरेको छ, जसका कारण यसको प्रयोगमा पुँजीपतिहरूको बोलवाला देखिन्छ । सन् १७ औं शताब्दीमा बेलायत, फ्रान्सजस्ता देशले सुरु गरेको औद्योगिकीकरण कार्लमाक्सको समयसम्म आइपुग्दा युरोपमा औद्योगिक सामराज्य खडा भएको थियो । जसको फलस्वरूप, युरोपका ग्रामिण भेग, एसिया, अफ्रिका आदि स्थानबाट रोजगारीका लागि मानिसहरू युरोपका उद्योग धन्दा भएका मुलुकसम्म कामका लागि आउने प्रवृत्ति रहेको स्थिति थियो । तत्कालीन अवस्थालाई मध्यनजर गरेर पुँजीपतिको पञ्जाबाट वा उद्योग पतिको शोषणबाट बाहिर आउन माक्सले आहावन गरे । वैदेशिक रोजगारी भनी किटान नगरे पनि संसार भरका मजदुरहरू एक बनौं भन्ने नारा अगाडि सारेर माक्सले तत्कालीन समयको वैदेशिक रोजगारीको अवस्थालाई

देखाएका थिए । कार्लमार्क्सको समयबाट सुरु भएको यो आन्दोलन पछि सम्म पनि चलिरह्यो । युरोप र अमेरिका फ्रान्सलगायत देशहरूमा श्रमिकलाई केही अधिकार दिने नीतिहरू पनि बने तर वास्तविक रूपमा ती नीतिहरूले वैदेशिक रोजगारीका सवाललाई माथि उठाउन सकेका थिएनन् । प्रथम र दोस्रो विश्वयुद्धको सुरुतिर वैदेशिक रोजगारीको सवालमा केही छलफलहरू भएका थिए तर युरोप भरि चलेको आर्थिक संकटले यस विषयलाई ओझेलमा पारिदिएको थियो ।

हाल नेपालमा देखिएको वैदेशिक रोजगारीको प्रवृत्ति दोस्रो विश्वयुद्धपछि राज्यहरूले अवलम्बन गरेको प्रवृत्ति मध्यकै एक हो । जुन एक देशबाट कामका लागि अर्को देशसम्म आफ्ना नागरिकहरूलाई वैधानिक तरिकाले पुऱ्याउने नीतिअन्तर्गत् पर्दछ । सन् १९९० मा आएको विश्वव्यापी प्रजातन्त्रको लहरले कम्युनिस्ट अर्थ व्यवस्थाले अंगिकार गरेको श्रमको अवधारणलाई प्रतिस्थापन गरी मानव पुँजीको अवधारणन अगाडि बढाएका कारण जो सँग जे सिप वा सामर्थ्य छ । उनीहरूको सिप र सामर्थलाई विश्वका जुनकुनै स्थानमा गएर बेच्न पाउने अधिकार सुनिश्चितता गर्ने प्रणालीको विकास गरेको छ । जसअन्तर्गत विश्वका कुनै पनि देशका नागरिकले आवश्यक कानुनी मापदण्ड पूरा गरी आफ्नो श्रम बेच्न विश्वभरि जान पाउने र त्यस स्थानमा गएर पाएको पारिश्रमिक सजिलै आफ्नो देशमा ल्याएर खर्चगर्न सक्ने कानुनी व्यवस्था पनि रहेको छ ।

वैदेशिक रोजगारीको विश्वव्यापी प्रवृत्तिलाई हेर्दा एकखाले प्रवृत्ति जे जसरी हुन्छ विश्व बजारमा आफ्ना नागरिकको श्रम र सिप निर्यात गरेर त्यसको बदलामा आएको रकमले नागरिकको जीविका सञ्चालन गर्ने खालको छ । जस्तै नेपाल, फिलिपिन्स, बंगलादेश, पाकिस्तान लगाएत अफ्रिकी महादेशका केही देशहरूले त्यस्तो प्रवृत्ति अपनाएको देखिन्छ । केही देशहरूले प्रतिभा पलाएन रोकेर स्वदेशमा श्रम गर्ने अवस्था निर्माण गरी देशलाई आत्म निर्भर बनाउनु पर्ने धारणा  अगाडी ल्याएको देखिन्छ । हिजोका दिनमा प्रायः सबैजसो नागरिकलाई यो वा त्यो बाहनामा वैदेशिक रोजगारीमा जान प्रोत्साहान गर्ने मनोविज्ञानले स्वदेशमा रोजगारी खडा गर्ने विषय छलफलको विषयबाहेक केही नबनेको वर्तमान अवस्थामा नेपाललगायतका विकास उन्मुख र अल्पविकसित देशहरूले पहिलो विश्वको भरमा वा विकसित राष्ट्रले उपलब्ध गराउने रोजगारीको भरमा देशको अर्थतन्त्र चलायमान गराउनुपर्ने बाध्यात्मक अवस्था देखिएको छ ।

विश्व श्रम बजारमा मानिस द्वारा हुने काम प्रविधिको प्रयोग भएमा शारिरिक श्रम मात्र वेचेर आय आर्जन गर्ने ठुलो हिस्साले वैदेशिक रोजगारीको अवसरबाट विमुख हुनुपर्ने देखिन्छ । विश्वमा स्रोत र साधन माथिको पहुँच केही देशहरूसँग मात्र भएको कारण अधिकांश मुलुकको नियती उनीहरूको

हातमा रहेको देखिन्छ । हालको वैदेशिक रोजगारीको ट्रेन्ड केही देशले अवलम्बन गर्ने बजारनीतिमा आधारित रहेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको केही आफ्ना प्रवाधानहरूमार्फत गरिब देशका नागरिकहरूले पनि धनी देशका नागरिकले सरह ज्याला लगायत सेवा सुविधा पाउन वकालत गरेको भएपनि हाल सम्म ज्यालालाई श्रमिकको जिवन स्तरसँग तुलना गरेर विकासशील र विकसित देशको प्रतिब्यक्ति आय, प्रति परिवार खर्चको हिसावमा आधारित भएर ज्याला निर्धारण गरिनुले गरिब राष्ट्रका कामदार माथि संरचनागत वा नीतिगतरूपमा नै विभेद गरेर समानताको वकालत गर्ने गरिएको छ । यस्ता सवै हर्कतले के देखाउँदछ भने विश्व श्रम बजारले गरिब देशका नागरिकलाई यथोचित तलव दिएर आर्थिक रूपमा सक्षम बनाउने देखिँदैन । खान लगाउन पुग्ने हिसावमा मात्र तलबमान कायम गरिने र वैदेशिक रोजगारीमा गएका नेपालीले कमाएको तलब घरखर्चमा सकिने जति मात्र हुने संयोगमात्र नभएर एउटा गहन अध्ययनबाट निकालिएको तथ्यमा आधारित तलवमान हो । जसले श्रमिकलाई सधैं श्रमिक र मालिकलाई सधैं मालिक वनाउने आधार र्निमाण गरेको देखिन्छ । वैदेशिक रोजगारीमा केही समय गएपछि त्यसबाट आएको रकम बचाएर नयाँ लगानीको सपना देख्न सक्ने अवस्था छैन । यो ट्रेण्डले नेपाललगायत गरिब मुलुकहरू श्रमिक उत्पादन गर्ने कारखाना बन्नेतर्फ गएको देखिन्छ ।

**नेपालको सन्दर्भमा वैदेशिक रोजगारी सम्बन्धमा भएका अध्ययन**

नेपालको सम्बन्धमा वैदेशिक रोजगारी र विप्रेषणको बारेमा विभिन्न लेखक तथा अनुसन्धान दाताहरूले आआफ्नो ढंगले व्याख्या विश्लेषण गरेका छन् ।

कंसाकार (१९९८) ले आफ्नो एक अनुसन्धानमा सन् १८१४ पछि नेपालमा विप्रेषणको सुरुआत सेनाहरूबाट भए तापनि पछि गएर गैर सैनिक श्रमिकहरूबाट पर्याप्त हुन गरेको उल्लेख गरिएको छन् । उनको उक्त अनुसन्धानले नेपालको बढ्दो जनसंख्या रोजगारीका अवसरहरू वीच सन्तुलन ल्याउन तथा वैदेशिक मुद्रा आर्जन गर्न एउटा कोशे ढुङ्गा नै सावित भएको छ । उनले आफ्नो अध्ययनमा वैदेशिक रोजगारीबाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारको आर्थिक सामाजिक तथा शैक्षिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख छ । त्यसको नकारात्मक अथवा वैदेशिक रोजगारीको खराब पक्षमा श्रमिकको तीव्र पलायनका कारण कृषि उत्पादनमा ह्रास आउन सक्नेतर्फ पनि सचेत गरिएको छ ।

गिरी (२००१) ले इ. जि रेभेनस्टेनको पुस्तकलाई विश्लेषण गर्दै भनेका छन् कि बसाइँसराइँ मुख्य गरी आर्कषण र विर्कषणका कारणले हुन्छ । जहाँ विर्कषण तत्वको रूपमा व्यापक गरिबी, भूमिका उत्पादन तथा व्यापक असमानताका कारणले हुने गर्दछ भने आर्कषण गर्ने तत्वको रूपमा त्यसको ठिक विपरीत रोजगारी शिक्षा आदिले हुने गर्दछ । त्यसरी यी माथिका विविध समस्याले गर्दा मानिसलाई वैदेशिक रोजगारीमा जान बाध्य बनाउँछ भन्ने तर्क दिएका छन ।

चौधरी, (१९९३) ले ५ वटा अनुसन्धानलाई विश्लेषण गर्दै भनेका छन्, विप्रेषण आयको आकार विदेशमा गरेका काम, श्रमिकहरूको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् विप्रेषण आएको प्रभावलाई मुख्य गरी ४ वटा तत्वले प्रभाव पारेको हुन्छ गरिबलाई मुख्य तत्व मान्दै विप्रेषण आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखामुनी भएमा अनिवार्य आवश्यक वस्तुहरूको उपभोगमा विप्रेषण आय बढी खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखा भन्दा माथि गएमा उच्च कोटिका वस्तु उपभोगमा ज्यादा खर्च गर्ने तथ्य पत्ता लगाएका छन् । दोस्रो तत्व बचत तथा तेस्रो तत्व वस्तु तथा सेवाहरूको उपलब्धता हो भने चौथो तत्व विभिन्न पेसाप्रतिको दृष्टिकोण हो भनी व्याख्या गरेका थिए ।

नेपालमा विद्यमान वैदेशिक रोजगारीको अवस्थालाई एकमात्र सिद्धान्तले निर्देशित गरेको छैन । यहाँको भुगोल, विविधतापूर्ण सामाजिक स्वरूप, विभेदयुक्त आर्थिक अवस्था, विश्वव्यापीकरण, सूचना सञ्चारले ल्याएको सूचनाको क्रान्ति, राज्यले वैदेशिक रोजगारीको सवालमा लिएको नीति, स्वदेशमा विद्यमान समयममा देखिएको रोजगारीको अवसर आदिले प्रभाव पारेको देखिन्छ ।

### २.२ वैदेशिक रोजगारी नीति

विगत लामो समयदेखि नेपालीहरू असंगठित रूपमा विदेशमा श्रम गर्न जाने गरेको भए पनि नीति बनाएर नेपाली कामदारलाई विदेश पठाउन थालेको भने धेरै भएको छैन । २०२८ सालमा श्रमविभागको स्थापना गरेपछि मात्र नीतिगत रूपमा नेपालीहरू काम गर्न विदेश जाने गरेको पाइन्छ तैपनि तत्कालीन नेपालको संविधानमा त्यस्ता विषय समेटिएको थिएन । २०६४ सालमा गणतन्त्र स्थापना भएपछि बनेको नयाँ संविधान २०७४ भने संवैधानिक रूपमा नै रोजगारीको अधिकारलाई समावेश गरेको छ ।

**नेपालको संविधान**

नेपालको वर्तमान संविधानमा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुने कुरा मौलिक हकमा नै उल्लेख गरिएको भए तापनि संविधानमा स्वदेशमै रोजगारी उपलब्ध गराउने कुरा उल्लेख नगरिएकाले वैदेशिक रोजगारीलाई समेत रोजगारीको अवसरको रूपमा लिनुपर्ने देखिन्छ ।

सन् १९५० पछि अर्थव्यवस्था खुल्ला रूपमा अगाडि बढ्न थालेको पाइन्छ । सन् १९६३ पछि नेपाली आप्रवासीहरूलाई विविध ठाउँमा दुःख दिएको, रोजगारीमा गएका व्यक्तिले दुःख पाएका समाचारहरू प्रकाशमा आउन थालेपछि निजी क्षेत्रहरूको सहभागिता पनि विभिन्न देशहरूमा वृद्धि हुन थालेको पाइन्छ । नेपाल सरकारले वि.सं. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लाने निति लिएको हो (डाँगी, २०६८: ६) वैदेशिक रोजगारीलाई अझ मर्यादित, व्यवस्थित र सुरक्षित बनाउनको लागि मिति २०६५ पौष १६ गते वैदेशिक रोजगार विभागको छुट्टै स्थापना भएको छ । हाल वैदेशिक रोजगार विभाग अर्न्तगत अन्तर्राष्ट्रिय विमानस्थलमा श्रमकक्ष १, आगमन कक्ष १, तथा कोरिया अनुमति प्रणाली (इ.पि.एस) शाखासमेत रहेको छ । (वैदेशिक रोजगार विभागको प्रतिवेदन २०११)

नेपाल सरकारले वि.सं. २०३८ सालमा वैदेशिक रोजगारलाई व्यवस्थित रूपमा विकास गर्ने श्रम मन्त्रालयको गठन गरी श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लाने नीति लिन थालेको पाइन्छ । यसरी मन्त्रालयको गठन भएपछि विशेषगरी वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउनसक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ बाट वैदेशिक रोजगार ऐन लागु गरियो । हाल आएर यस ऐनलाई संशोधन गर्ने वि.सं. २०६४/०५/१९ बाट लागु हुने गरी संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको छ । वैदेशिक रोजगार ऐन, २०६४ वैदेशिक रोजगार ऐन, २०६४ र यससँग सम्बन्धित नियमहरूले नेपालबाट वैदेशिक रोजगारका लागि आप्रवासनसँग सम्बन्धित सबै विषयलाई समेट्छन् । कानुन र सम्बद्ध नियमहरूले विदेशमा रहेका आप्रवासीहरूको सुरक्षा र कल्याणलाई उनीहरूका अधिकारहरूको संरक्षण गर्ने र आप्रवासन प्रक्रियालाई सहजता प्रदान गर्ने खालका काम कार्वाहीलाई नियमित एवं अनुगमन गर्ने प्रावधानको माध्यमद्वारा प्रवर्द्धन गर्ने गर्दछ । यी प्रावधानहरूमा वैदेशिक रोजगार कल्याणकारी कोषको सिर्जना, बीमा, पूर्व प्रस्थान तालिम तथा अभिमुखीकरण, आप्रवासी कामदार र उनीहरूका परिवारहरूलाई क्षतिपूर्ति, आप्रवासी कामदारहरूको उद्धार र उनीहरूको फिर्ती पर्दछन् । यसका अतिरिक्त, अनुगमन संयन्त्रहरूसम्बन्धी प्रावधानहरू पनि

निर्दिष्ट गर्दछन्, जस्तै अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क, उजुरी दर्ता गर्ने, अनुसन्धान गर्ने र निर्णय गर्ने तथा मुद्धाको किनारा लगाउने र दोषीमाथि सजाय गर्ने न्यायाधीकरणको व्यवस्था आदि ।

यी प्रावधानहरू ऐन जारी गरिएपछि स्थापित वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र वैदेशिक रोजगार न्यायाधीकरणजस्ता विभिन्न संस्थागत संयन्त्रहरूमार्फत कार्यान्वयन गरिएका छन् । श्रम सहचारीहरू श्रम आप्रवासीहरूको उजुरीहरू र पीडाको क्षतिपूर्तिका लागि सहजीकरण गर्ने भूमिकाको लागि गन्तव्य मुलुकहरूमा नेपाली दुतावासहरूमा कर्मचारी नियुक्ति गरिएको छ (श्रम सहचारीसम्बन्धी विस्तृत विवरणका लागि खण्ड ३.१.३ हेर्नुहोस्) । आप्रवासी कामदारहरूको कल्याण कोषको सिर्जना वैदेशिक रोजगार प्रवर्द्धन बोर्डअन्तर्गत गरिएको थियो भने काठमाडौं अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्कको स्थापना गरिएको थियो ।

नीति एउटा वैदेशिक रोजगार नीतिको सन् २०१२ मा घोषणा गरिएको थियो । यो वैदेशिक श्रम रोजगारको बढ्दो प्रवृत्तिहरूको सामाजिक-आर्थिक आयतनलाई सम्बोधन गर्ने गरी लक्षित सरकारको पहिलो नीति हो । यस नीतिले रोजगारीका लागि आप्रवासन प्रक्रियाको व्यवस्थापनमा हुने गरेको अनियमितताहरू र सुशासनको अभावलाई प्रमुख समस्याको रूपमा पहिचान गरेको छ । यसले यथेष्ट जानकारी प्राप्त नगरेका र पूर्व तयारी बेगर गएका आप्रवासी कामदारहरू शोषण तथा सङ्कटोन्मुख स्थितिहरूको ठूलो जोखिममा रहेको कुरा पनि पहिचान गरेको छ । यसले महिला श्रमिक आप्रवासीहरूको बढ्दो प्रवृत्तिलाई स्वीकारगर्नुका साथै उनीहरूले आप्रवासन प्रक्रियाको क्रममा सामना गर्नुपर्ने समस्याहरूलाई पनि पहिचान गरेको छ । यसका अतिरिक्त, यसले नेपालमा रहेका उनीहरूका परिवारहरूका सवालहरूलाई मध्यनजर गर्दै फिर्ती हुने आप्रवासीहरूको लागि पुनःएकीकरण प्रक्रियाका लागि रणनीति तय गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

यस नीतिले 'वैदेशिक रोजगारको आर्थिक र गैरआर्थिक लाभहरूमार्फत दीर्घकालीन आर्थिक तथा सामाजिक विकास सहितको गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउनका लागि सुरक्षित, संगठित, सम्मानजनक र भरपर्दो वैदेशिक रोजगार सुनिश्चित गर्ने' लक्ष्य तय गरी निम्न नीतिगत आधारहरू निर्दिष्ट गरेको छ :

अन्तर्राष्ट्रिय बजारमा रोजगारका अवसरहरूको पहिचान तथा प्रवर्द्धन गर्ने । वैदेशिक रोजगारबाट अधिकतम लाभ लिनका लागि प्रतिस्पर्धात्मक क्षमताको सीपयुक्त मानव स्रोतहरूको विकास गर्ने । वैदेशिक रोजगार प्रक्रियाको प्रत्येक चरण सरल, पारदर्शी, व्यवस्थित र सुरक्षित बनाउने । ल महिला आप्रवासी कामदारहरूका सरोकारहरूलाई सम्बोधन गर्ने र समग्र आप्रवासनको चक्रमा उनीहरूका

अधिकारहरू सुनिश्चित गर्ने । वैदेशिक रोजगारको व्यवस्थापनमा सुशासन सुनिश्चित गर्ने । वैदेशिक रोजगारको व्यवस्थापन गर्नका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोतसाधनहरूको प्रबन्ध मिलाउने र क्षेत्रगत साझेदारी वृद्धि गरी सहयोगात्मक प्रयासहरूको प्रवर्द्धन गर्ने । आप्रवासी कामदारहरूले आर्जन गरेको विप्रेषण सम्भव भएसम्म उनीहरूको आफ्नै "मानव विकासका लागि" उपयोग गर्न सहयोग गर्ने ।

राष्ट्रिय रणनीतिमूलक कार्य योजनाका प्रमुख व्यवहारिक आकर्षणहरू देहाय अनुसार रहेका छन् : फिर्ति भएका कामदारहरूको सामाजिक-आर्थिक पुनःएकिकरण; विप्रेषणसँग सम्बन्धित नीति तर्जुमा; वैदेशिक रोजगारीका लागि सामाजिक लागतमा न्यूनीकरण; काठमाडौं केन्द्रित वैदेशिक रोजगार सेवाहरूलाई स्थानीय तहसम्म विकेन्द्रिकरण; महिलाहरूका लागि सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका अवसरहरूमा सुधार; बालबच्चाले अभिभावकबाट पाउने बात्सल्यता गुमाउने परिस्थिति, प्रौढहरूको रेखदेखमा हुने कमी (युवाहरूको अनुपस्थितिमा स्याहार सुसारको अभावको सामना गरिरहेका व्यक्तिहरू) लाई सामाजिक सुरक्षाको प्रत्याभूतिमा समावेश; अनियमित आप्रवासीहरू, खासगरी महिला कामदारहरूको दस्तावेजीकरण; भारतमा हुने आप्रवाससम्बन्धी अनुसन्धान र यसका परिणामलाई अझ बढी व्यवस्थित प्रक्रियाको विकास गर्नका लागि प्रयोग; नेपाली दुतावासहरू र महावाणिज्य दुतहरूका कार्यालयहरू तथा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको क्षमता विकास; फिर्ती भएका कामदारहरूलाई सामाजिक-आर्थिक पुनःएकीकरण लक्षित तालिम कार्यक्रमहरूमा स्रोत व्यक्तिको रूपमा प्रयोग; राजदुतहरू र महावाणिज्य दुतहरूको जिम्मेवारीमा वैदेशिक रोजगारका सवालहरूलाई समावेश गरी श्रम कुटनीतिलाई पक्ष पोषण; जिल्ला अस्पतालहरू र श्रम कार्यालयहरूमा मनोसामाजिक विमर्श सेवाहरूको प्रावधान; सबै प्रमुख तालिम संस्थानहरूमा सञ्चालन हुने तालिम कार्यक्रमहरूमा वैदेशिक रोजगार विषय समावेश; र श्रमिक आप्रवासीहरूका लागि सुरक्षित आवासहरूको उचित व्यवस्थापन हाल कार्यान्वयमा रहेको पन्ध्रौं योजनामा अन्तरसम्बन्धित विकास नीतिअन्तर्गत श्रम तथा रोजगार नीति शीर्षकमा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति उल्लेख गरिएको छ जुन यसप्रकार छन् :

**सोच** : दक्ष, सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकासद्वारा पर्याप्त रोजगारी एवम् स्वरोजगारका अवसरहरू सृजना ।

**लक्ष्य** : मुलुकभित्रै वार्षिक करिब ४ लाख रोजगारी सिर्जना गर्ने । उद्देश्यः १. स्वदेशमा मर्यादित रोजगारीका अवसरहरू सृजना गरी बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्नु । २. रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा

गर्नसक्ने श्रमशक्तिको विकास गर्नु । ३. वैदेशिक रोजगारीलाई बढी उत्पादक, सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै जानु ।

**रणनीति** : १. लगानीमैत्री वातावरण सृजना गरी स्वदेशमै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व-रोजगारीका अवसर सिर्जना गर्ने । २.सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्नसक्ने श्रम शक्तिको उत्पादन गर्ने । ३. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने । ४. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने र प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।

**अन्य कानुनी व्यवस्था**

वैदेशिक रोजगारीलाई व्यवस्थित, भरपर्दो, सुरक्षित बनाउन वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली २०६४, वैदेशिक रोजगार न्यायाधीकरण नियमावली, २०६८ लगायतका थुप्रै ऐन, नियम, निर्देशिका, कार्यविधिहरू रहेका छन् । वैदेशिक रोजगारीलाई व्यवस्थापन र नियमन गर्नको लागि श्रम तथा रोजगार मन्त्रालय र त्यसअन्तर्गत वैदेशिक रोजगार विभाग तथा अन्य विभिन्न निकायहरू रहेका छन् । वैदेशिक रोजगारीको प्रवर्द्धन, कल्याणकारी कार्य र सचेतना अभिवृद्धि सम्बन्धी कार्य सम्पादनको लागि वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड क्रियाशील छ । वैदेशिक रोजगारसम्बन्धी विभागबाट भएका अनुसन्धान र अभियोजनको न्यायिक अभियोजनको लागि विशेषज्ञ अदालतको रूपमा वैदेशिक रोजगार न्यायाधीकरण रहेको छ ।

वैदेशिक रोजगारमा गएका कामदारसहित विदेशमा नेपाल र नेपालीको हित संरक्षणको लागि नेपाली दूतावासहरू रहेका छन् । वैदेशिक रोजगार व्यवसाय संचालनको लागि इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायीहरू रहेका छन् । कामदारको स्वास्थ्य परीक्षणको लागि वैदेशिक रोजगार स्वास्थ्य परीक्षण संस्थाहरू रहेका छन् । कामदारको बीमाको लागि बिमा कम्पनीहरू रहेका छन्। वैदेशिक रोजगारमा जाने नेपाली श्रमिक आप्रवासीहरूको सङ्ख्यामा वृद्धि भइरहेको अवस्था र त्यसबखत औपचारिक प्रणालीको अभावलाई मध्यनजर गर्दै सरकारले सन् १९९८ मा वैदेशिक रोजगार ऐनलाई (दोस्रो पटक) संसोधन गरी त्यसपछि ऐनका प्रावधानहरूलाई कार्यान्वयन गर्ने उद्देश्यले सन् १९९९ मा वैदेशिक रोजगार नियमावली जारी गर्‍यो ।

यी संसोधनहरूमार्फत सरकारको निरीक्षणमुखी कार्यलाई सुदृढ गर्नुका साथै व्यक्तिगत प्रबन्धमा वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरूलाई समेत समावेश गर्‍यो । सन् १९९९ मा जारी गरिएको राष्ट्रिय श्रम नीतिले आप्रवासी कामदारहरूका अधिकारको संरक्षण र सुरक्षा सहितको वैदेशिक

रोजगारलाई सहजता प्रदान गर्ने उद्देश्यले उपयुक्त संयन्त्र र संरचनाहरूको विकास गर्न मार्गदर्शन गरेको छ । विगतमा आप्रवासी कामदारहरूको सङ्ख्यामा सामान्य वृद्धि भए तापनि सन् १९९९/२००० को २७,७९६ बाट सन् २००१/०२ मा १०४,७३६ पुगेको सङ्ख्या अनुसारको वैदेशिक रोजगारीका लागि जारी गरिएको श्रम स्वीकृतिमा भएको तीब्र वृद्धि यस्ता प्रयासहरूको सकारात्मक संकेत थियो त्यसैगरी, सरकारले वैदेशिक श्रम आप्रवासन नियमावलीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप गर्नुका साथै भर्ती र रोजगारीका बखत हुने गरेका शोषणयुक्त अभ्यासहरूसँग सम्बन्धित सवालहरूको पहिचान गर्नका लागि अन्तर्राष्ट्रिय एजेन्सीहरूसँग सहकार्य गरेको छ ।

नेपाल कोलम्बो प्रक्रिया (२००३) र अबुधावी बार्ता (२००८) जस्ता वैदेशिक रोजगार तथा करारयुक्त श्रमिकको व्यवस्थापन एवं आप्रवासी कामदारहरूका अधिकारहरूको संरक्षणसम्बन्धी क्षेत्रीय परामर्श मञ्चहरूको सदस्य हो । नेपाल सरकारले बलजफ्ती श्रमिक बनाउने विरूद्धका महासन्धीहरू, १९३० (नं. २९) र बलजफ्ती श्रमिक उन्मूलन महासन्धि, १९५७ (नं. १०५)२० जस्ता महासन्धिहरूलगायतका आठवटा आधारभूत महासन्धिहरूमध्ये रोजगारका लागि आप्रवासन (पुनरावलोकन) महासन्धि, १९४९ ( नं. ९७), सातवटा महासन्धीहरूसहित ११ वटा आइएलओ महासन्धिहरू अनुमोदन गरेको छ । सरकारले अनुमोदन नगरेका आप्रवासी कामदारसम्बन्धी (पूरक प्रावधानहरू) महासन्धि, १९७५ (नं. १४३) तथा तिनीहरूका सम्बन्धित सिफारिसहहरू (नं. ८६ र नं. १५१) जस्ता महासन्धि र सिफारिसहरूको बारेमा नियमित रूपमा प्रतिवेदन पठाउने गरेको छ । सरकारले सम्बन्धित कानुन र नीतिहरूलाई यी महासन्धी र सिफारिसहरू अनुरूप पूनरावलोकन गरेको छ । परिणाम स्वरूप, वैदेशिक रोजगार मर्यादित, सुरक्षित, व्यवस्थित र भरपर्दो हुने अपेक्षा गरिएको छ । (वैदेशिक राजेगारका लागि श्रम आपव्रासन नेपालको स्थिति प्रतिवदेन २०१४/१५)

**नेपालमा वैदेशिक रोजगारको इतिहास**

वैदेशिक रोजगार भनेको नेपाली नागरिकले विदेशमा पाउने रोजगार वा स्रोत सृजना र त्यसको परिचालनका लागि बजार विकास गर्नु हो । नेपालमा वैदेशिक रोजगारको सुरुआत १६ औं शताब्दीमा राम शाहको पालाबाट भुटानका राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी, धातुकर्मीका रूपमा कामदार आपूर्ति र चीनमा अरनिकोलाई मूर्ति बनाउन लगे पश्चात शुरू भएको भएता पनि मूलतः भारत, संयुक्त अधिराज्य, ब्रुनाइ, मलायमा काम गर्ने लाहुरेबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाइन्छ (Foreign Employment Sector, 2012) । यसरी एक देशको श्रमिक अर्को देशमा रोजगारको लागि जाने परिपाटिबाट नै वैदेशिक रोजगारको शुरूवात भएको हो । वास्तवमा वैदेशिक रोजगारको शुरूवातको इतिहास धेरै पहिला देखि शुरू भएता पनि नेपालबाट विदेश जाने थालनी

करिब २०० वर्ष पहिले अर्थात् सन् १८१४ मा नेपाल र इष्टइन्डीया कम्पनी सरकारबीच भएको युद्ध समाप्ति पछि भएको पाइन्छ । यसरी सर्वप्रथम वैदेशिक रोजगारको सुरुआत ब्रिटिस गोर्खा सेनाबाट भएको हो । संगठित र असंगठित रूपमा विदेशी सैनिक सेवा र अन्य कामदारको रूपमा नेपालीहरू विदेश जाने क्रम धेरै लामो समयसम्म चलिरहेको पाइन्छ । विगत २० वर्ष देखि नेपाली कामदारहरू मुख्य रूपमा खाँडी मुलुक तथा मलेसियामा संस्थागत रूपमा वैदेशिक रोजगारका लागि जाने गरेको पाइन्छ । वैदेशिक रोजगार हाल बाध्यात्मक हुनुको प्रमुख कारण देशमा भएको बेरोजगारी समस्या, आन्तरिक द्वन्द्व तथा स्वदेशी उद्योग तथा कलकारखाना क्रमशः बन्द हुँदै जानु पनि हो (Aakarshan International, 2012) । नेपालीहरू विदेशिनुमा शिक्षित तथा वौद्धिक वर्गले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउनु, गरिबी, सिजनेबल रोजगार, साथीभाइ गएको देखेर, धेरै कमाइ गर्न र भर्खरै बामे सर्न लागेको घरेलु उद्योगबाट उत्पादित सामानले विदेशी उत्पादन सित प्रतिस्प्रर्धा गर्न नसकेर धारासायीमा पर्न गयो । यसरी नेपालीहरू रोजगारको लागि विदेश जाने प्रचलन सुरु भएको हो ।

सन् १८१५ भन्दा अगाडि नेपालीहरू भारतको आसाम, मणिपुर, मेघालय, दार्जिलिङ्, भुटान, वर्मा आदि ठाउँहरूमा वैदेशिक रोजगारीको लागि गएको पाइन्छ । ती ठाउँहरूमा नेपाली श्रमिकहरूद्वारा कृषि, कोइला खानि, जंगल फडानी, रबर खेती, चिया बगानजस्ता आदि क्षेत्रमा रोजगारीका लागि जाने गरेको पाइन्छ । यसका साथै उनीहरूले विदेशमा सिकेका सीपलाई समेत सँगै ल्याएको पाइन्छ । जसको उदाहरण नेपालमा सञ्चालित चिया खेतीलाई लिन सकिन्छ (गौतम, २०५८: १०) । यसरी नेपाल र भारतको खुल्ला सीमानाका कारण धर्म, संस्कृति, आर्थिक, सामाजिक आदि पक्षहरूको समानताका कारण पनि बिना रोकावट नेपालीहरू जाने आउने गरेको धेरै पहिला देखि पाइन्छ ।

सन् १८१६ को सुगौली सन्धिपछि तत्कालीन सम्झौता अनुरूप इष्टइण्डिया कम्पनिले ३ वटा रेजिमेन्ट स्थापना गरी लाहोरमा राखियो । यसरी रेजिमेन्टमा भर्ना हुन प्रायः नेपालीहरू लाहोर जाने गर्दथे । त्यसैले लाहोर जाने नेपालीले उसका परिवारका अन्य सदस्यहरूलाई पनि सँगै लाने र त्यहाँका कलकारखाना, होटल आदिमा काममा लगाउन थाले । यसप्रकार इष्टइण्डिया रेजिमेन्टमा भर्ना हुनेहरूमा हालको गोर्खा, लमजुङ्, तनहुँ, कास्की आदि क्षेत्रबाट बढि जाने र त्यसबेलाको नेपाली पहिचान नेपाली भन्दा गोर्खालीको नामले चिनिन थालियो । यसरी विदेश हिन्दुस्तान जाने आउने नेपालीलाई नेपालमा 'लाहुरे' र विदेशमा गोर्खाली भन्न थालिएको हो (पोखरेल, २०५७: ४) ।

**वर्तमान अवस्था**

उद्योग तथा कलकारखानाहरूमा रोजगारीको खोजीमा नै ग्रामिण क्षेत्रबाट शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्याको अत्यधिक चाप र आन्तरिक बसाइसराइका साथै कामको खोजिमा आउने, खुल्ला सीमानाका कारण हुने बाह्य बसाइसराई एवं कामको खोजीमा यहाँ आउने भएकाले पनि बेरोजगारी झन् विकराल समस्याको रूपमा देखिएको छ ।

यही कुरालाई ध्यानमा राखि नेपाल सरकारले मुलुकभित्र दीर्घकालीन व्यवस्थामा सुधार गर्दै आइरहेको छ (पण्डित, २०५६: ४१) । यसरी मुलुकभित्र दीर्घकालीन व्यवस्थामा सुधार गर्ने मुख्य कारक तत्व वैदेशिक रोजगार बन्न गएको देखिएको छ । नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारबाट प्राप्त रकमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । विप्रेषण भन्नाले 'विगत १२ महिनामा परिवारलाई आफ्नो परिवारको अनुपस्थित सदस्य वा अन्य कसैले स्वदेश वा विदेशबाट पठाएको रकमलाई जनाउँछ' (के.त.वि., २०६८: ४९) । यसरी आफ्नो परिवारको अनुपस्थितिमा देश वा विदेशबाट पठाएको रकम नै विप्रेषण हो ।

विगत १५ वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरूको प्रतिशत क्रमशः वृद्धि हुँदै गइरहेको छ । पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले विप्रेषण प्राप्त गरेकोमा अहिले तेस्रो सर्वेक्षणमा विप्रेषण प्राप्त गर्ने परिवार ५६ प्रतिशत पुगेको देखाएको छ । परिवारको आम्दानीमा विप्रेषणको हिस्सा पनि वृद्धि हुँदै गएको छ । सन् १९९५/९६ मा यो २७ प्रतिशत थियो भने सन् २०१०/११ मा ३१ प्रतिशत रहेको थियो । स्रोतका अनुसार प्राप्त विप्रेषणको संरचनामा परिवर्तन आएको पाइएको छ । यसप्रकार परिवारको आम्दानीमा विप्रेषणको हिस्सा कुल आम्दानीको ३१ प्रतिशत ओगटेको छ (के.त.वि., २०६८: ५०) । यसरी विप्रेषणको प्रतिशत दिन प्रति दिन वृद्धि हुँदै जानुले देश विकासलाई टेवा दिदै आइरहेको छ । यो दिन प्रति दिन वृद्धि हुनुको कारण देशमा वेरोजगार र युवावर्ग विदेशिने परिपाटी प्रमुख कारक तत्व मान्न सकिन्छ ।

आ.व. ०६७/०६८ मा रू.२ खर्ब ५५ करोडको हाराहारीमा मात्र विप्रेषण आउथ्यो । त्यस पछि आ.व. ०६८/६९ मा विप्रेषणको आकार बढेर रू.४३४ खर्ब ६ अर्ब र आ.व. ०६९/०७० को ८ महिनामा रू. ३५६ खर्ब ७२ अर्ब रूपियाँ विप्रेषण भित्रिएको थियो । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण कुल ग्राहस्थ उत्पादनको करिब २९.१ प्रतिशतको हाराहारीमा रहेको छ (वैदेशिक रोजगार विभाग, २०७०/०७१ । अहिले वैदेशिक रोजगारमा लाखौको संख्या छन् । यो संख्या दिनदिनै बढ्दै छ । वैदेशिक रोजगारीको कारण विप्रेषणमार्फत ठूलो धनराशी भित्रिरहेको छ र यो विप्रेषणबाट मुलुकको

अर्थतन्त्रमा योगदान पुग्दै आएको छ भन्न सकिन्छ । नेपाल सरकारबाट आर्थिक वर्ष २०७०/२०७१ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न दिएका १०३२ मेनपावर कम्पनीलाई वैदेशिक रोजगार सञ्चालन इजाजत दिएकोमा हाल ७५२ वटा मेनपावर कम्पनीले व्यवसाय संचालन गरिरहेका छन् ९ वैदेशिक रोजगार विभाग, २०७०/०७१ यसरी नेपाल सरकारबाट संस्थागत रूपमा वैदेशिक रोजगारका लागि खुल्ला गरिएका ११० वटा देशहरूमध्ये हाल २ वटा (ईराक, लिविया) देशलाई रोका गरिएको छन् । जसको नामावली यसप्रकार छ । (अनुसूचीः १)

नेपालको सन्दर्भमा वैदेशिक रोजगार विभागका अनुसार आ.व.२०६७/०६८ मा नेपालीहरू वैदेशिक रोजगारीमा जानेहरूको संख्या ३ लाख ५४ हजार ७ सय १६ जना रहेकोमा सो संख्या करिब ८ प्रतिशतले वृद्धि भई आ.व.२०६८/०६९ मा ३ लाख ८४ हजार ६ सय ६५ जना, आ.व. २०६९/०७० मा यो संख्या करिब ८ प्रतिशतले वृद्धि भई ४ लाख ५३ हजार ५ सय ४३ जना र आ.व. २०७०/०७१ मा करिब ८ प्रतिशतले वृद्धि भई ५ लाख २७ हजार ८ सय १४ जना नेपालीहरू विभिन्न देशमा विदेशिएको देखिन्छ । वि. सं. २०५२ मा ने.क.पा. माओवादीले सशस्त्र जनयुद्ध थालेपछि द्वन्द्वका कारण नेपाली युवा युवतीहरू विदेशिने क्रम ह्वात्तै बढेको देखिन्छ ।

माओवादी २०६३ सालमा शान्ति प्रक्रियामा आएपछि भने मुलुकमा लोकतन्त्र स्थापना भए पनि नेपालीहरू विदेशिने क्रम रोकिएन । यस तथ्याङ्कलाई हेर्ने हो भने द्वन्द्वको मारमा पर्नुभन्दा स्वदेशमा रोजगारीको अभावले नेपालीहरू विदेशिएको स्पष्ट हुन्छ । यसका साथै व्याप्त अशिक्षा, बेरोजगारी, न्यूनतलब, निरन्तरको द्वन्द्व र रोजगार कम्पनीको अभावमा नेपालीहरू विदेशिने गरेको कुरा तथ्याङ्कले देखाउँछ । देशमा पटकपटक सरकार परिवर्तन भएपछि रोजगारीको सिर्जनाका लागि कुनै पनि सरकारले नयाँ योजना ल्याउन नसक्नु र नेपाली मुद्राको तुलनामा विदेशी मुद्रा बढी हुनुले पनि नेपालीहरू वैदेशिक रोजगारका लागि बढी आकर्षित हुने गरेको देखिन्छ (के.सी., २०६६) ।

यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने नेपालीहरू वैदेशिक रोजगारमा जाने क्रम प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको देखिएको छ (डाँगी, २०६८: ८) । हालको अवस्थालाई हेर्दा देशमा १० वर्षे जनयुद्धपश्चात द्वन्द्वका कारण हालसम्म सरकारको स्थिरता नहुनु, स्वदेशी रोजगारको अभावका साथै राजनैतिक परिवर्तन भइरहनु, स्वदेशी घरेलु उधोग तथा कलकारखानाहरू क्रमिक रूपमा धारासायीमा पर्नु आदि समस्याले पनि नेपालीहरू वेरोजगारी भएर विदेशिएको पाइएको छ । वैदेशिक रोजगार सम्बन्धी विभिन्न तथ्याङ्क अनुसार विश्वभरिमा २० करोड ५० लाख भन्दा बढि नागरिक आफू जन्मेको भूमि छाडी कामको लागि अन्य मुलुकमा गएको पाइन्छ ।

नेपालको सन्दर्भमा पनि कामको लागि विदेशिने क्रम बढ्दो रहेको छ (वैदेशिक रोजगार विभाग, २०६८ को पछिल्लो रिपोर्ट) । यसै क्रममा सर्लाही जिल्लाबाट वैदेशिक रोजगारमा संलग्न हुनेहरूको संख्या आ.व.२०६३/०६४ देखि आ.व.२०७०/०७१ सम्ममा पुरूष ५८,६३६ जना र महिला ७०५ जना गरी जम्मा ५९,३४१ जना रहेको छ भने आ.व.२०७०/०७१ मा मात्र पुरूष १४,४३७ जना र महिला २०० जना गरी जम्मा १४,६३७ जना रहेको बताइएको छ (वैदेशिक रोजगार विभाग, २०७०/०७१ यसरी ग्रामिण क्षेत्रबाट विदेशिने क्रम बढ्नुको उद्देश्य स्थानीय स्तरमा मौसमी रोजगार हुनुले हो ।

**पन्ध्रौं योजना (२०७५/७६-२०८०/८१)** : गरिबी निवारण र सामाजिक सुरक्षालाई विभिन्न कार्यक्रम मार्फत सम्वोधन गरिएको छ । वैदेशिक रोजगारीमा गएका व्यक्तिको विमा लगायत, श्रम स्वकृतिमा सहजता, वैदेशिक रोजगारीलाई मर्यादित बनाउने, वैदेशिक रोजगारीबाट फर्केकालाई स्वदेशमा ब्यवसाय गर्न विशेष सहुलियत प्रदान गर्ने, विदेशबाट प्राप्त विप्रेषणलाई उत्पादनमुखी काममा लगाउन अभिप्रेरित गर्ने जस्ता कार्यक्रमहरू अल्पकालीन र मध्यकालीन रूपमा अगाडि सारेको छ ।

**आर्थिक सर्वेक्षण (२०७८)**: आर्थिक सर्वेक्षणले विगत वर्षहरूमा कोरोना महामारीको कारण वैदेशिक रोजगारी र विप्रेषणको आएको गिरावटले समग्र आर्थिक अवस्थामा नकारात्मक प्रभाव पारेको विषय उठान गरेको छ । विप्रेषण प्रवाहमा कमी आएको कारण अन्य क्षेत्रमा आर्थिक भार परेको विषयलाई उल्लेख गरिएको छ । आर्थिक सर्वेक्षणले विप्रेषणले पारेको प्रभावको असर र असर कम गर्ने योजना समेत प्रस्तुत गरेको छ ।

## २.३ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन

पण्डित, (२०५७) ले गरेको नेपालको वैदेशिक रोजगार नामक अध्ययनमा विकासोन्मुख मुलुकबाट विकसित मुलुकमा वैदेशिक रोजगारको लागि जाने कार्यले प्रविधि हस्तान्तरण तथा विदेशी मुद्राको आर्जन र बेरोजगारी समस्या हल हुने हुँदा विश्व अर्थ व्यवस्थामा वैदेशिक रोजगारीको महत्वपूर्ण स्थान रहने उल्लेख गरेका छन् । त्यसैक्रममा दक्षिण एसियाली तथा सार्क मुलुकहरूबीचमा पनि यसको ठूलो महत्व हुने जसमा सबभन्दा बढी महत्व भारत, त्यसपछि क्रमैसँग पाकिस्तान बंगलादेश, श्रीलङ्का र नेपाल पर्दछन् भनी उक्त अध्ययनमा उल्लेख गरेका छन् ।

चौधरी (सन १९९३) मा ५ वटा अनुसन्धानलाई विश्लेषण गर्दै भनेका छन् । विप्रेषण आयको आकार विदेशमा गरेको काम, श्रमिकहरूका शैक्षिक स्तर, वैवाहिक स्थिति र श्रमिकहरूको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् । विप्रेषण आएको प्रभावलाई मुख्य गरी ४ वटा तत्वले प्रभाव पारेको हुन्छ । गरिबलाई मुख्य तत्व मान्दै विप्रेषण आय

प्राप्त गर्ने व्यक्ति गरिबीको रेखामुनि भएमा अनिवार्य आवश्यक वस्तुहरूको उपभोगमा विप्रेषण आय बढी खर्च हुने र आय प्राप्त गर्ने व्यक्ति गरिबीको रेखाभन्दा माथि गएमा उच्च कोटिका वस्तु उपभोगमा ज्यादा खर्च गर्ने तथ्य पत्ता लगाएका छन् । दोस्रो तत्व बचत प्रकृति तथा तेस्रो तत्व वस्तु तथा सेवाहरूको उपलब्धता हो । भने चौथो तत्व विभिन्न पेसाप्रतिको दृष्टिकोण हो भनी व्याख्या गरेका थिए ।

कंसाकार (सन १९८२) ले आफ्नो अनुसन्धानमा सन् १८१४ पछि नेपालमा विप्रेषण सुरुआत सेनाहरूबाट भए तापनि पछि गएर गैर सैनीक श्रमिकहरूबाट प्राप्त हुने गरेको उल्लेख गरेका छन् । उनको उक्त अनुसन्धानले नेपालको बढ्दो जनसंख्या रोजगारीका अवसरहरू बिच सन्तुलन ल्याउन तथा वैदेशिक मुद्रा आर्जन गर्न एउटा कोशेढुङाको रूपमा वैदेशिक रोजगारी लाई लिएको छ । उनले आफ्नो अध्ययनमा वैदेशिक रोजगारीबाट प्राप्त आयले उक्त आय प्राप्त गर्ने परिवारको शिक्षा तथा प्राविधिक ज्ञान एवम् सिपमा उच्च लगानी गरी आफ्नो परिवारको आर्थिक सापाजिक तथा शैक्षिक अवस्था उच्च राखेको कुरा अध्ययनमा उल्लेख छ । त्यसको नकरात्मक अथवा वैदेशिक रोजगारीको खराव पक्षमा श्रमिकको तीव्र पलायनका कारण कृषि उत्पादनमा ह्रास आउन सक्ने तर्फ पनि सचेत गरिएको छ ।

खत्री, (२०६०) ले गरेको अनुसन्धान अनुसार वैदेशिक रोजगारी नेपालको सन्दर्भमा नौलो होइन । करिब २ सय वर्षअघिदेखि नेपालीहरू आप्रवासको रूपमा जाने गरेको इतिहास छ । सन् १९७० को दशकपछि यसमा आमुल परिवर्तन आएको छ । अहिले सरकारले विश्वका १ सय ९ देश वैदेशिक रोजगारका लागी खुल्ला गरेको छ । संसारका सबै कुनामा धेरथोर नेपाली वैदेशिक रोजगारका लागि पुगेका छन् । वैदेशिक रोजगारीमा नेपालीलाई पठाउने व्यवसायमा निजी क्षेत्रको प्रवेशपछि नेपाली कामदारको उपस्थिति खाडी राष्ट्रहरूका साथै दक्षिण पूर्वी एसियाली राष्ट्र मलेसियामा बढिनै हुने गरेको छ । कुल वैदेशिक रोजगारीको ९० प्रतिशत अंश यी राष्ट्रले आगटेको तथ्यांकले देखाउछ । आज करिब ३५ लाख नेपाली श्रमस्वीकृति लिएर विदेशी भूमिमा श्रम गरिरहेका छन् । नेपालको वैदेशिक रोजगारीको निर्भरता दिनहुँ बढिरहेको छ । गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या ३ लाख ४८ हजार ६ सय ६५ पुगेको छ । एकपटक वैदेशिक रोजगारी गएर पुनः जानेको संख्या १ लाख ४६ हजार १ सय ४० समेत जोड्दा एक आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्या ५ लाख ३० हजार ८ सय ५ पुगेको छ । तिनीहरूलाई करीब ८ सयको संख्यामा रहेको वैदेशिक रोजगार व्यावसायिक सेवा पुऱ्याइरहेका छन् ।

सेल्डन र गारनर (सन्, २००४) ले आफ्नो लेखमा सन् १९९६-९७ देखि २००३ - ०४ सम्मको विप्रेषणको परिवर्तनलाई प्राथमिक दिँदै नेपाली श्रमिकहरूले विदेशी भूमिमा जान खोज्ने प्रवृत्ति तथा जसका कारणले भित्रिएका विप्रेषण उल्लेखिय मात्रामा वृद्धि हुँदै गएको कुरा उल्लेख गरेका छन् । Gurung and Gramer को अनुसन्धानलाई विश्लेषण गर्दै उक्त लेखमा के उल्लेख गरिएको छ भने सामान्यतया खाडी राष्ट्रमा जाने ५३ प्रतिशत मानिसहरू विशिष्ट तथा महत्वपूर्ण पेसामा नभई श्रमिकका रूपमा गएका छन् ।

नेपाल जीवनस्तर सर्वेक्षण २०६६ र ६७ का अनुसार एक वर्षमा देश भरका ५६५ परिवारले विप्रेषणको अनुमानित औषत रकम चालु मूल्यमा रू. ८०,४३६ रहेको छ । प्रतिव्यक्ति विप्रेषणको रकम हिसाब गर्दा चालु मूल्यमा रू ९,२४५ हुन आउछ । यसरी विप्रेषण प्राप्त गर्नेको संख्या मध्ये ५८ छ । स्वदेशबाट १९५ भारत र २३५ अन्य मुलुकबाट प्राप्त भएको छ । विगत १५ वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरूको प्रतिशत बढ्दै गएको छ ।

वैदेशिक रोजगार विभागबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०६८ र ६९ को दोस्रो चौमासिकसम्ममा २३ लाख ५८ हजार ७ सय १० जना वैदेशिक रोजगारमा गएको देखिन्छ । भारतसँगको खुला सीमानाका कारण भारत हुँदै अनधिकृत रूपमा तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जानेहरूको संख्या पनि निकै रहेको अनुमान छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिको लागि आवश्यक कार्य गर्न २०६५ पुस १६ गते देखि छुट्टै वैदेशिक विभागको स्थापना भई कार्य सञ्चालन भइरहेको छ ।

सिक्देल (२०६२) का अनुसार नेपालमा प्रतिवर्ष ३ लाख श्रम शक्तिहरू श्रम बजारमा प्रवेश गर्दछन् । तर श्रम वजारमा प्रवेश गरेका श्रमिकको तुलनामा अत्यन्त कम अनुपातमा मात्र नेपाली बजारमा रोजगारी प्राप्त गर्ने गर्दछन् । जसको विकल्पको रूपमा वैदेशिक रोजगारीलाई अँगाल्ने परिपाटी नेपालमा लामो समयदेखि रही आएको छ । स्वदेशमा रोजगारीको राम्रो अवसरको न्यूनतम, बन्द हड्ताल, अशान्त वातावरण, राजनैतिक अस्थिरता आदि कारणले गर्दा विगत केही वर्षदेखि युवाहरूको वैदेशिक रोजगारप्रतिको आकर्षण बढ्दै गइरहेको छ ।

के. सी.(२०६४) का अनुसार आर्थिक रूपमा सक्षम नेपालीहरू मध्ये ५ प्रतिशत श्रमशक्ति पूर्ण रूपले वेरोजगारी रहेको अवस्था छ । नेपालको जनसंख्या २.३ प्रतिशतले वृद्धि भएपछि प्रत्येक वर्ष ३ लाख श्रमिकहरूको नेपाली श्रम बजारमा थपिने गरेका छन् । नेपालमा रोजगार पाएका श्रमिकहरू मध्ये धेरैजसो कृषिमा श्रमिक छन् । त्यसको साथै कृषि क्षेत्रको अलावा उद्योग, सेवा र अन्य विविध

आर्थिक क्षेत्रहरूको यथेष्ठ विकास गर्न नसकेकाले वर्षेनी डरलाग्दो अवस्था बढिरहेको श्रमशक्तिलाई समायोजन गर्न सक्ने क्षेत्र नभएको अवस्था छ । तसर्थ यस अवस्थालाई समायोजन गर्नको लागी पर्यटन र वैदेशिक रोजगार त्यस्ता क्षेत्र हुन जसले बढ्दो श्रमशक्तिलाई रोजगार दिन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

चन्द (२०६५) का अनुसार वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको कूल गार्हस्थ्य उत्पादनमा ठुलो योगदान दिने गरेको छ । वैदैशिक रोजगारी नेपाली अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र भएकोले यस क्षेत्रलाई स्वीकार्नु सरहना गर्नु पर्दछ । साथै यसको मूल्याङ्कन प्रोत्साहन गर्नु पर्दछ । वैदेशिक रोजगारीलाई पारदर्शी, सवैको पहुँच, हक सवै प्रकारका ठगी रोक्ने सयन्त्र निमार्ण गर्नु पर्दछ । प्राप्त विप्रेषण लाई प्रोत्साहन र उत्पादन क्षेत्रमा खर्च गर्ने वातावरण सिर्जना गरिनु पर्दछ । त्यसका लागि विप्रेषणलाई गरिबी निवारण र आर्थिक कार्यमा लगाउनु पर्दछ ।

रेग्मी, (२०६५) ले गरेको अनुसन्धानअनुसार वैदेशिक रोजगार भन्नाले जीवन निर्वाह गर्न गरिने काम, इलम, पेसा वा व्यवसाय हो भनेका छन् । अर्थात् विकासोन्मुख देशमा रोजगारका पर्याप्त अवसर नभएका कारण विकसित देशतिर वैदेशिक रोजगार पर्याप्त पाउने र आफ्ना आवश्यकता पूरा हुने गरी श्रम शक्तिको आपुर्ति हुनु भन्ने बुझिन्छ भने नेपालमा वैदेशिक रोजगार भन्नाले भारतभन्दा बाहिर, अमेरिका, जापान, कोरिया गएर काम गर्नु भन्ने बुझिन्छ । लाखौं युवायुवतीहरू वैदेशिक रोजगारीमा गइरहेका छन् । यसबाट प्राप्त विप्रेषणले युवाहरूको मात्र होइन, नेपालको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पारेको छ । तैपनि वैदेशिक रोजगारमाथि अत्यधिक निर्भरताले दीर्घकालका लागि प्रत्युत्पादक बन्न सक्दछ भन्ने कुराहरूलाई हामीले भुल्नु हुदैन किनभने कुनै समयमा नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको ऊनी गलैंचा र तयारी पोशाक आज आएर धारासायी तथा बन्दै हुने अवस्थामा पुगेको तितो यथार्थ हाम्रो सामु ताजा नै रहेको छ अन्तराष्ट्रिय श्रम बजारमा तुलनात्मक रूपमा श्रमको माग तीव्र रूपमा हुन सकेको खण्डमा मात्र आपुर्ति पक्षको भूमिका सहज हुन सक्दछ । तर दीर्घकाल सम्ममा यस प्रक्रियाले निरन्तरता पाउन सक्दछ भन्ने कुरामा एकिन गर्न गाह्रो छ । तसर्थ कुनै समयमा अन्तराष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकको माग घट्न गई आम्दानीले निरन्तरता नपाउन सक्ने संभावाना माथि पनि उत्तिकै सजग हुनुपर्ने देखिन्छ । वर्तमानको आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गरी स्वदेशमा नै रोजगारीको अवसरहरू सिर्जना गर्न सकेको खण्डमा वा स्वरोजगारलाई प्रोत्साहन दिन सकेको खण्डमा मात्र भविष्यमा समुन्नति र दीगो आर्थिक विकासको आशा गर्न सकिन्छ ।

पोखरेल, (२०६७) ले गरेको अनुसन्धानअनुसार विदेशबाट प्राप्त विप्रेषण आयले गरिबी निवारणमा मेरूदण्डको काम गरेको छ । त्यसैगरी उनले आफ्नो लेखमा विप्रेषण नहुने हो भने गरिबीको रेखामुनीको गरिबी ३१% बाट बढेर ३६.३७% हुने थियो भनी उल्लेख गरेका छन् । उनले विप्रेषण आय घरायसी खर्च मात्र नभएर पुँजी निर्माणमा पनि ठुलो भूमिका हुने निष्कर्ष निकालेका छन् । सन् २०१३ देखि २०१५ सम्म यो मुलुकमा विप्रेषणको आप्रवास ८ प्रतिशतले बढ्ने अनुमान बैंकको छ । वृद्धिपछि यो २०१५ मा ५ खर्व १५ अर्ब अमेरिकी डलर पुग्ने प्रक्षेपण गरिएको छ । अमेरिका आप्रवासी कामदारका लागि रोजगारीको अवसर वृद्धि भइरहेकाले पनि विप्रेषणको गति बढ्ने अनुमान विश्व बैंकको छ । जुन १ खर्ब ९ अर्ब डलर बराबर छ । पछिल्लो दुई वर्षमा यो १३.८ प्रतिशतको वृद्धिदर हो । भारतमा मुख्यरूपमा अदक्ष कामदारले बहराइन, कुवेत, ओमन, कतार, साउदी अरेबिया र युएईजस्ता जीसीसी सदस्य मुलुकहरूबाट आएको प्रतिवेदनले उल्लेख गरिएको छ दक्षिण एसियाली मुलुकमा विप्रेषण भित्रिने क्रम आगामी वर्षमा पनि सुखत रहने तर २०११/१२ जस्तो वृद्धिदर भने नदेखिएको अध्ययनमा लेखिएको छ । नेपाल राष्ट्र वैंकको तथ्याङकले पनि मुलुक भित्र विप्रेषणको वृद्धिदरमा कमी आएको देखाउँछ ।

नेपाल राष्ट्र बैंक, (२०६८) ले गरेको अनुसन्धानमा भारतबाहेक तेस्रो मुलुकतर्फ गएका नेपाली कामदारहरू मध्ये झन्डै ८६ प्रतिशत खाडी मुलुकहरूमा मात्र गएको र बाँकी विश्वका अन्य मुलुकहरूमा गएको देखाइएको छ । उक्त अध्ययनमा नेपालको वैदेशिक रोजगारको क्षेत्र मूलतः खाडी मुलुकमा मात्र केन्द्रित भएको हुनाले तुलनात्मक रूपले नेपाली कामदारहरूको न्यून वेतन प्राप्त गर्ने गरेकोले यसबाट नेपालले अपेक्षित लाभ लिन नसकेको कुरा उल्लेख गरिएको छ । साथै नेपाली कामदारहरूले काममा जाँदा झेल्नु परेका विभिन्न समस्याहरू, विदेशमा काम गर्दा सहनु परेको पिर मर्काहरूका बारेमा पनि उक्त अध्ययन व्याख्या गरिएको छ ।

रिजाल, (२०६७) का अनुसार नेपाली कामदारहरू वैदेशिक रोजगारीमा जाने क्रम बढिरहेको छ । निम्न र मध्यम वर्गीय नेपालीहरू थेरै मात्रामा वैदेशिक रोजगारमा जाने गर्दछन् । यस्ता नेपालीहरूलाई विदेशमा गरिनुपर्ने कामको बारेमा केहिपनि थाहा हुदैन । विदेशमा रोजगारीका अवसरहरू प्रशस्त पाइन्छन् र रोजगारीका लागि विदेश जानुपर्दछ भन्ने धारणा रहेको हुन्छ । यस्ता कामदारले कुनैपनि सिप सिकिरहेका हुँदैनन । यसरी विदेश गएका कामदारहरूले विदेशमा कडा परिश्रम गर्नुपर्ने र तलव तथा सेवा सुविधाहरू न्युन पाउने भएकाले उनीहरूको आर्थिक अवस्थामा उल्लेख्य परिर्वतन हुँदैन ।

श्रम मन्त्रालय, (२०६८) ले स्थानीय सुशासनका समग्र प्रक्रियाहरूमा वैदेशिक रोजगारीसँग सम्बन्धित विविध विषयबारे सामाजिक परिचालकहरूलाई प्रशिक्षित गरी वडा नागरिक मञ्च, नागरिक सूचना

केन्द्र आदि जस्ता नागरिक संस्थामार्फत् स्थानीय तहमा व्यक्ति तथा परिवारको सचेतना अभिवृद्धि गर्ने र स्थानिय सरकारलाई वैदेशिक रोजगार सम्बन्धी विविध सवालहरू प्रति संवेदनशिल जिम्मेवारी एवम उत्तरदायी बनाउन सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । भने प्रस्तावित अन्तरक्रिया/छलफलका विधिहरू प्रयोग गर्ने भनिएको छ । यस अध्ययनको अन्त्यमा वैदेशिक रोजगारीको नाममा हुने गरेको मानव बेचबिखनप्रति सचेत रहेको यस अध्ययनको निष्कर्ष निकालेका छन् । वैदेशिक रोजगार विभाग, (२०६८) मा वैदेशिक रोजगारमा जानेकामदारहरूप्रति वर्तमान स्थिति, समस्याहरू तथा चुनौती, नीति तथा रणनीतिहरूका बारेमा सुनिश्चित गरेको पाइयो, जसमा यसको उद्देश्य मुलुकको ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान् र प्रतिस्पर्धी श्रमशक्तिको रूपमा विकास गर्दै वैदेशिक रोजगारमा उनीहरूको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने लिएको थियो ।

अधिकारी र सिलवाल (सन.२०६४) का अनुसार विदेशबाट प्राप्त विप्रेषण आयले गरिबी निवारणमा मेरूदण्डको काम गरेको छ । त्यसैगरी उनले आफ्नो लेखमा विप्रेषण नहुने हो भने गरिबीको रेखामुनिको गरिबी ३१ प्रतिशतबाट बढेर ३६.३७ प्रतिशत हुने थियो भनी उल्लेख गरेका छन् । उनले निष्कर्षमा विप्रेषण आय घरयासी खर्च मात्र नभएर पूँजी निमार्णमा पनि भूमिका हुने निष्कर्ष निकालेका छन् ।

### **२.४ पुनरावलोकनको अध्ययनका लागि उपादेयता** (Implication of the Review for the Study)

यस अध्ययनका लागि विभिन्न पत्रपत्रिका, लेखरचना, जर्नल तथा अप्रकाशित शोधपत्रलाई आधार बनाइएको छ । वैदेशिक रोजगारीले गर्दा मानिसको न्यूनतम आधारभूत आवश्यकता सहजै पूरा भएको छ, आर्थिक तथा शैक्षिक स्तरमा वृद्धि भएको छ । यसका साथै यस पेसामा स्वदेशदेखि विदेशसम्म ठगिने, श्रम शोषण हुने, विलासिताका लागि रकम खर्च गरिनेजस्ता समस्याहरू पनि देखिएका छन् ।

चौधरी, (१९९२) ले ५ वटा अनुसन्धानलाई विश्लेषण गर्दै भनेका छन् । विप्रेषणको आकार विदेशमा गरेको काम, श्रमिकहरूको शैक्षिक स्तर वैदेशिक स्थिति र श्रमिकहरूको सामाजिक स्थितिले प्रभाव पार्दछ । उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेका छन् । विप्रेषणको प्रभावलाई मुख्य गरी ४ वटा तत्वले प्रभाव पारेको हुन्छ ।

दाहाल, (२०६३) का अनुसार हाम्रो देश नेपालमा प्रशस्त मात्रामा उद्योग धन्दाको अभावका कारण श्रमिकहरू वैदेशिक रोजगारमा जान बाध्य भएका छन् भन्ने कुरा उल्लेख गर्नुभएको छ । विदेशमा नेपाली कामदारले सुरक्षित रूपमा काम गर्न पाउनु भनेको नेपालमा रहेका उसको परिवार मात्र हैन

नेपालको आर्थिक क्षेत्रमा रेमिट्यान्सले ठुलो सहयोग पुऱ्याउनु हो भन्ने कुरा उल्लेख गर्नुभएको छ । नेपालमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको संख्या बढी रहेको छ । यसमा पनि निम्न र मध्यम वर्गीय खालको मानिसहरू विदेश जान्छन् तर उनीहरूलाई आफ्नो कामको बारेमा केही थाहा हुँदैन भन्ने कुरा उल्लेख गर्नु भएको छ । श्रम तथा यातायात व्यवस्था मन्त्रालय, (२०६७) का अनुसार अन्तर्राष्ट्रिय बजारमा आफ्नो उत्पादन र सेवालाई स्थापित गर्ने तथा एकाधिकार कायम गर्न साथै प्रतिस्थापन, दिगो शक्तिशाली राष्ट्रहरू अगाडि देखिएका छन् । यसका साथै विकासोन्मुख राष्ट्र तथा अविकसित राष्ट्रका विविध स्रोत साधनहरूमाथि शोषण गरेको पाइन्छ ।

कार्की (२०६८) का अनुसार नेपालको वर्तमान अवस्थामा आम्दानीका स्रोतहरू मध्ये विप्रेषण आयको प्रमुख हो । अर्को शब्दमा नेपालको अर्थतन्त्र विप्रेषण आयबाट चलिरहेको छ । ज्ञवाली ( २०७१) का अनुसार वैदेशिक रोजगारीमा गएका युवाहरूबाट प्राप्त विप्रेषण रकमले राष्ट्रिय कूल आय अभिवृद्धिमा ठूलो भूमिका निर्वाह गरेको र सीप उपलब्धताको माध्यमबाट विविध क्षेत्रमा रोजगारीको अवसर सृजना हुन गई आयस्तर सुधार तथा मुलुकको गरिबी न्यूनिकरणको दिशामा लक्षित वर्गको आयस्तर उल्लेख्य योगदान पुगेको छ । श्रम मन्त्रालय, (२०६८) का अनुसार वैदेशिक रोजगारका अवसरहरू विस्तार हुँदै गए पनि मुलुकभित्र बेरोजगारी संख्या तीव्र रूपमा बढ्दै गएको तर उद्योग धन्दा एवम् विकास निमार्णको कार्यहरू अपेक्षाकृत वृद्धि भएको देखिँदैन । यसबाट वैदेशिक रोजगारमा जाने नेपालीहरूको संख्यामा अत्यधिक वृद्धि भएको कुरा उल्लेख गर्नुभएको छ ।

धिताल (२०७६) ले वैदेशिक रोजगारीबाट प्राप्तबाट रकम हिनामिना र यसले पारेको नकारात्मक प्रभावको वारेमा व्याख्या गरेको छ । युवा पलायनले कृषि क्षेत्रमा पारेको नकारात्मक प्रभाव, समाजमा ल्याएको विचलन आदि विषयमाथि प्रकास पारिएको छ । मूलतः वैदेशिक रोजगारीलाई अनन्त कालसम्म एकमात्र विकल्पका रूपमा प्रयोग गरिनुले राष्ट्रियता कमजोर बनाएको छ । यस्तै स्वदेशी उद्योग र उत्पादनले प्राथमिकता नपाउने प्रथाको विकास हुने खतरा देखिने अवस्थालाई लेखले प्रकाश पारेको छन् ।

खनाल (२०७७) ले कोरोना महामारीको समयमा नेपाली श्रमिकको अवस्थाको बारेमा प्रकाश पार्नुभएको छ । उनको लेखले नेपालको अर्थ व्यवस्था कति कमजोर छ भन्ने यर्थाथतालाई उजागर गर्न खोजेको छ । कोरोनाको समयमा खाडी लगायतका मुलुकमा उद्योग धन्दा बन्द हुँदा नेपाल सरकारले श्रमिकको उद्धार गर्न नसक्नु, स्वदेशमा कमको अवसर नहुँदाको अवस्थालाई उजागर गरेर कुनै महामारी आर्थिक मन्दी आउँदा नेपालीको अवस्था र विप्रेषणको अवस्था के हुने भनेर प्रश्न गरेका छन् ।

## **२.५ अनुसन्धान अन्तर** (Research Gap)

यस अध्ययनले दुईवटा अनुसन्धान अन्तरलाई प्रमुख रूपमा पूरा गरेको छ । विगतका वर्षहरूमा कोरोना महामारीका कारण यस प्रकारको अध्ययन हुन नसकेको कारण अनुसन्धानमा अन्तराल देखिएको थियो । जुन अन्तराललाई यस अध्ययनले पूरा गरेको छ । यस्तै यस विषयसँग सम्बन्धित यसअघि गरिएका अनुसन्धानले पुर्णरूपमा समेट्न नसकेको विषयलाई सिलसिलेवार ढंगले प्रस्तुत गरेको कारण अध्ययनको विषयवस्तुमा रहेको अन्तराललाई समेत यस अध्ययनले पूरा गरेको छ । यस अध्ययनलाई यस अघिका अनुसन्धानभन्दा केही भिन्न र पृथक बनाउने योजना अनुरूप यो अध्ययनमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको मात्र अध्ययन गरिएको छ ।

**अध्यायः तीन**

# अध्ययन विधि

यस अध्ययनलाई गुणात्मक अनुसन्धान विधिको अवधारणा अनुरूप तुलनात्मक अध्ययन विधिको प्रयोग गरी सम्पन्न गरिएको छ । गुणात्मक अनुसन्धान विधि अनुरूप तुलनात्मक विधिको प्रयोग गर्दा नेपाल सरकार तथा गैरसरकारी संस्थाहरूले अध्ययन गरेर निकालेका दश वर्षको तथ्याङ्कलाई विभिन्न दृष्टिकोणले अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा वर्तमान समयमा भएका तथ्याङ्क र विगतका तथ्याङ्कमा देखिएको अन्तर र त्यस्तो अन्तरको आधारमा वैदेशिक रोजगारी आम नेपालीमा पारेको आर्थिक सामाजिक असरलाई विस्तृत रूपमा व्याख्या विश्लेषण गरिएको छ । सरकारी तथा गैरसरकारी निकायले प्रस्तुत गरेका तथ्याङ्कहरूलाई आधार मानेर गरिएको विश्लेषणलाई थप प्रभावकारी बनाउन प्राथमिक स्रोतहरू प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अनुसन्धान मुख्य रूपले व्याख्यात्मक र वर्णनात्मक ढाँचामा आधारित छ । यसमा अध्ययनका उद्देश्यहरूसँग सम्बन्धित विषयको हालको अवस्थाका तथ्याङ्कको विश्लेषण र निष्कर्षको वर्णन अर्थात् सामान्य प्रस्तुति गरिएको छ । यसका साथै केही सूचकहरूका हकमा सूचनादाताले दिएका सूचनाका आधारमा वैदेशिक रोजगारबाट आय हुनु अघि र पछिको अवस्थाको तुलना पनि गरिएको छ । त्यस्तै अन्य कतिपय सूचक या तथ्याङ्कहरूका बिचको सम्बन्ध र कारक परिणाम सम्बन्ध पनि देखाइएको छ ।

## ३.२ अनुसन्धान पद्धति

यो अनुसन्धान मिश्रित पद्धतिमा आधारित छ । यसमा परिवारको आकार, वैदेशिक आय, आयको प्रयोग, रोजगारको अवधि, पारिवारिक खर्च आदि जस्ता सूचकहरूसँग सम्बन्धित परिमाणात्मक तथ्याङ्कका साथै विभिन्न अन्य सूचकहरूमा परिवारका सदस्यहरूका धारणा, बुझाइ, मूल्याङ्कन, दृष्टिकोण जस्ता गुणात्मक पक्षहरूको पनि सङ्कलन र विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनले उल्लिखित उद्देश्यहरू प्राप्त गर्न प्राथमिक स्रोतको प्रयोग गरेको छ । अध्ययनको पृष्ठभूमि तयार गर्न केही द्वितीय स्रोतको पनि प्रयोग गरिएको छ, जसमध्ये नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाका प्रतिवेदन तथा प्रकाशन एवम् पाठ्यपुस्तक विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूले गरेका काम अनुसन्धान आदि सामग्रीलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन विधि

### अन्तरवार्ता

यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै प्रकृतिका सूचकसँग सम्बन्धित सूचनाहरू संकलन गर्न संरचित अन्तर्वार्ता तथा अर्ध संरचित (Structured interview and semi structural) प्रश्नावलीहरूको प्रयोग गरिएको छ । तर अन्तर्वार्ताको दौरानमा पूर्वनिर्धारित प्रश्नलाई स्पष्ट पार्न, उत्तरदाताले प्रश्न राम्ररी बुझेर उत्तर दिउन् भन्ने यकिन गर्न र उनीहरूले जे भने त्यो उनीहरूले भन्न खोजेको कुरा नै हो भन्ने पक्का गर्न आवश्यकता अनुसार थप प्रश्नहरू सोधिएका छन । यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका लागि अन्तवार्ताको रूपमा प्रश्नावलीको माध्यमबाट अन्तवार्ता अन्तर्गत प्रत्यक्ष व्यक्तिगत अन्तरवार्ता विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली लिएर अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई वैदेशिक रोजगारीमा गएका नमूना छनौटमा परेका सदस्यहरू र तिनका अभिभावकहरूसँग आमनेसामने बसी प्रश्न उत्तरका माध्यमबाट तथ्याङ्क संकलन गर्न प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता गरिएको छ ।

### अवलोकन

यस अध्ययनको उद्देश्यलाई पूरा गर्न व्यक्तिलाई लिएर वैदेशिक रोजगारीमा संलग्न भएका र नमूना छनौटमा परका सदस्यहरूको घरधुरीमा प्रत्यक्ष गएर उनीहरूले बस्दै गरेको घरको अवस्था, सरसफाइ, खानेपानीको अवस्था, शौचालयको अवस्था, बालबालिकाको सरसफाइ बोलीचाली आदि कुराहरूको बारेमा प्रत्यक्ष रूपमा अवलोकन गरिएको छ ।

### स्थलगत कार्य (Field Work)

यस अध्ययनको तथ्याङ्क सङ्कलन कार्य राष्ट्रिय योजना आयोग अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा संग कार्य सम्पन्न गर्न सम्झौता भएको एक महिना पछि २०७८ चैत्र ६ गते देखि

चैत्र ३० गते सम्म गरिएको थियो । स्थलगत रूपमा तथ्याङ्क संकलन गर्न काठमाण्डौ उपत्याकामा रहेका काठमाडौ महानगरपालिका लगायत चन्द्रागिरि, तारकेश्वर र कीर्तिपुर नगरपालिका चार स्थानीय तह छनौट गरिएको थियो । यसरी छनौट गरिएका चार स्थानीय तहबाट २५/२५ वैदेशिक रोजारीमा परिवारको सदस्य गएका घर छनौट गरिएको थियो । छनौट गरिएका जम्मा १०० वटा परिवारका एक एक जना सदस्यलाई अन्तर्वार्तामा सहभागी गराई तथ्याङ्क संकलन गरिएको थियो । अन्तर्वार्तामा सहभागी सदस्यहरू छनौट गर्दा काठमाडौ उपत्यकामा हाल बसोबास गर्ने आफ्नो स्थायी घर भएका र नभएका दुबैलाई समावेश गरिएको छ ।

### ३.५ नमूना र अध्ययनको सीमा (Samples and Limitation of the Study)

यस अध्ययनको उद्देश्य अनुसारका निष्कर्षहरू नेपालभरि सामान्यकृत रूपले मान्य हुन देशभरिबाट वैदेशिक रोजगारमा गएकाहरूको परिवारलाई युनिभर्स मानेर त्यसबाट तथ्याङ्क शास्त्रीय विधिबाट नमुना निर्धारण गर्नुपर्ने हुन्छ । तर यो अध्ययनको स्रोत र समय सीमाका कारणले त्यसो गर्न सम्भव भएन । तथापि समय र स्रोतको अधिकतम प्रयोग गर्दै काठमाडौ उपत्यकाभित्रका ४ वटा स्थानीय निकाय छानी जम्मा एक सय परिवारलाई नमुनाको रूपमा लिइयो ।

### ३.६ विश्लेषण र प्रस्तुति

सङ्कलित सूचना तथा तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुतिमा तालका, प्रतिशत तथा छोटो व्याख्या जस्ता वर्णनात्मक विधिहरूको प्रयोग गरिएको छ ।

### ३.७ अध्ययनको सीमा

यस अध्ययनलाई तल उल्लेखित सीमाभित्र रहेर सम्पन्न गरिएको छ ।

- यो अध्ययनले काठमाडौ उपत्यकाभित्र रहेका चारवटा स्थानीय तहलाई समेटेको छ ।
- यस अध्ययनमा प्रत्येक स्थानीय तहबाट २५/२५ का दरले १०० जनालाई उत्तरदाताको रूपमा सहभागी गराइएको छ भने ५ जनालाई वैदेशिक रोजगारीको बारेमा विशेष जानकारी राख्ने व्यक्तित्वको रूपमा छनौट गरिएको छ ।
- यो अध्ययनले वैदेशिक रोजगारीले पारेको आर्थिक सामाजिक प्रभावलाई मात्र अध्ययनको मूल विषय बनाएको छ ।

माथि उल्लेख गरिएको सीमाका अलवा अन्य विधिशास्त्रीय सीमाहरू पनि छन् । यस अध्ययनले मापन, अवलोकन आदि मार्फत उद्देश्यसँग सम्बन्धित मात्रात्मक तथ्याङ्क अझ बढी सङ्कलन गर्न र

गुणात्मक तथ्याङ्क सङ्कलनमा अवलोकन, गहन अन्तर्वार्ता, समूहगत छलफल (एफजीडी) मध्ये एक वा सोभन्दा बढी विधि प्रयोग गर्न पाएको भए अझ बढी मान्य निष्कर्ष निस्कन सम्भव हुन्थ्यो तर समय सीमाको कारण ती विषयवस्तुलाई समावेश गर्न सकिएको छैन ।

**अध्यायः चार**

# नेपालमा गरिबी र विप्रेषणको अवस्था

एकतन्त्रीय जहाँनिया शासन व्यवस्थाबाट गुज्रेर आएको नेपालको अर्थव्यवस्थालाई २०१३ सालबाट योजनाबद्ध विकासको ढाँचामा लाने काम गरिए पनि आठौं योजनाबाट मात्र गरिबी निवारणका बारेमा प्रकाश पार्न थालियो । योजनाबद्ध विकास प्रयासको ३५ वर्षपछि २०४६ सालमा आएको राजनीति परिर्वतनलेमात्र नेपालमा गरिबीको बारेमा लेखाजोखा गर्न थालिएको हो । सन् १९९० मा गरिबीको सर्वेक्षण गर्दा नेपालमा कुल गरिबीको रेखामुनि रहेको जनसंख्या ४९ प्रतिशत रहेको थियो । सन् १९९० को विश्व बैंकको प्रतिवेदनले दैनिक १.२५ डलरभन्दा कम आय भएको परिवारलाई गरिबीको रेखामुनि राखेको छ । हाल विश्व बैंक समुहले १.९० न्युनतम प्रतिव्यक्ति प्रतिदिन आयलाई निरपेक्ष गरिबीको रेखा मानेको छ ।

आठौं पञ्चवर्षीय योजनामा नेपालमा गरिबी घटाउन अन्तर्राष्ट्रिय दातृ निकाय विशेष गरेर विश्व बैंक, अन्तराष्ट्रिय मुद्राकोष लगायतको साझेदारीमा कार्यक्रम गर्ने र बदलिँदो परिवेशमा कृषि क्षेत्रको अलावा अन्य क्षेत्रमा पनि श्रम शक्तिलाई परिचालन गर्ने नीति लिएर स्वदेश तथा विदेशमा श्रम गर्ने इच्छुक नेपालीहरूलाई सहजीकरण गर्न थाल्यो जसका कारण क्रमशः गरिबी निवारणमा पनि सहजता प्राप्त हुँदै आयो । तलको तालिकामा सन् १९९० देखि सन् २०२० सम्मको गरिबीको अवस्थालई देखाइएको छ ।

**तालका : १ सन् १९९० देखि २०२० सम्मको  निरपेक्ष गरिबीको अवस्था**

| क्र. स. | मिति | गरिबी निवारण प्रतिशत |
|---|---|---|
| **१** | १९९० | ४९ |
| **२** | १९९५ | ४२ |
| **३** | २००० | ४१ |
| **४** | २००५ | ३०.४ |
| **५** | २०१० | २५.१६ |
| **६** | २०१५ | २१.६ |
| **७** | २०२० | १८.७ |

*स्रोतः  विश्व बैंक २०२०*

माथिको तालिकामा विगत ३० वर्षको गरिबीको अवस्था देखाइएको छ । सन् १९९० मा ४९ प्रतिशत रहेको गरिबी सन २०२० सम्म आइपुग्दा १८.५ प्रतिशतमा सीमित रहेको छ । दशवर्षे माओवादी द्वन्द्वका कारण सरकार र गैरसरकारी संस्थाका कार्यक्रमहरू त्यति प्रभावकारी नभए पनि विप्रेषणले भने उक्त अवधिमा प्रभावकारी भूमिका खेलेको देखिन्छ । २०६३ सालमा माओवादी द्वन्द्वको विधिवत् अन्त भइसकेपछि पनि वैदेशिक रोजगारीले गरिबी घटाउन प्रमुख भूमिका खेलेको देखिन्छ । सन १९९० देखि २०२० सम्म वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिकाः २ सन् १९९० देखि २०२० सम्म वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण**


| **क्र.स.** | **मिति** | **विप्रेषण  विलियन युएस डलरमा** |
|---|---|---|
| १ | १९९० | ००.३ |
| २ | १९९१ | ००.४१ |
| ३ | १९९२ | ००.४४ |
| ४ | १९९३ | ००.५५ |
| ५ | १९९४ | ००.५० |
| ६ | १९९५ | ००.५७ |
| ७ | १९९६ | ००.४४ |
| ८ | १९९७ | ००.४९ |
| ९ | १९९८ | ००.६८ |
| १० | १९९९ | ००.८३ |
| ११ | २००० | ०.१११ |
| १२ | २००१ | ०.१४७ |
| १३ | २००२ | ०.६७८ |
| १४ | २००३ | ०.७७१ |
| १५ | २००४ | ०.८२३ |
| १६ | २००५ | १.२१२ |
| १७ | २००६ | १.४५३ |
| १८ | २००७ | १.७४३ |
| १९ | २००८ | २.७२७ |
| २० | २००९ | २.९८३ |
| २१ | २०१० | ३.४६४ |
| २२ | २०११ | ४.२१७ |

| | | |
|---|---|---|
| २३ | २०१२ | ४.२१७ |
| २४ | २०१३ | ५.५८४ |
| २५ | २०१४ | ५.८८९ |
| २६ | २०१५ | ६.७३० |
| २७ | २०१६ | ६.६१२ |
| २८ | २०१७ | ६.९२८ |
| २९ | २०१८ | ८.२९४ |
| ३० | २०१९ | ८.१०० |

*स्रोतः विश्व बैंक, २०२०*

माथिको तालिकामा विगत ३० वर्षमा नेपालमा आधिकारिक रूपमा भित्रिएको विप्रेषणको परिमाणलाई देखाइएको छ । सन २००० पछि विप्रेषण निरन्तर रूपमा वृद्दिहुदै आएको देखिन्छ । विगतका योजनाहरूमा देखाइएको आवधिक विप्रेषण प्रवाहलाई तलको रेखा चित्रमा देखाइएको छ ।

**चित्रः १ आवधिक विप्रेषण प्रवाह (युएस डलर विलियनमा)**




माथिको रेखा चित्रमा विगत ३० वर्षको अवधिमा नेपाल भित्रिएको विप्रेषण रकमलाई युएस ( विलियनमा) देखाइएको छ । रेखाचित्रले नेपालमा विप्रेषणको अवस्था गुणात्मक रूपमा बढेको तथ्यलाई उजागर गरेको छ ।

यसरी प्राप्त विप्रेषणले देशको कुल ग्राहस्थ उत्पादनमा पनि गुणात्मक रूपले योगदान पुऱ्याएको देखिन्छ । तलको तालिकामा विगत तीस वर्षमा विप्रेषणले देशको कुल ग्राहस्थ उत्पादनमा दिएको योगदानलाई देखाइएको छ ।

**तालिकाः ३ कुल ग्राहस्थ उत्पादनमा विप्रेषणले ओगटेको प्रतिशत**

| क्रस | मिति | कुल ग्राहस्थ उत्पादनमा विप्रेषणले ओगटेको प्रतिशत |
|---|---|---|
| १ | १९९० | ० |
| २ | १९९५ | २ |
| ३ | २००० | ५ |
| ४ | २००५ | १५ |
| ५ | २०१० | २५ |
| ६ | २०१५ | ३२ |
| ७ | २०२० | २७ |

*स्रोतः राष्ट्रिय योजना आयोग*

नेपालको गरिबी निवारण र विप्रेषण प्रवाहका बारेमा चर्चा गर्दा विभिन्न समयमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग, विभिन्न दातृ निकाय तथा सहयोग समूहले गरेका अध्ययन प्रतिवेदनलाई हेर्न सकिन्छ । नेपाल लाइफ स्टान्डर सर्वेक्षण सन् १९९५/९६ ले नेपालका २३ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेको देखाएको छ । माओवादी द्वन्द्वको समयमा स्वदेशमा रोजगारीको अवसर नभएकाले धेरै युवा विदेशिएको कारण सन् २००२/२००३ को नेपाल लाइफ स्टान्डर सर्वेक्षणमा विप्रेषण प्राप्त गर्ने घरपरिवारको संख्या ३२ प्रतिशत देखाएको छ । यस्तै सन् २०११ को नेपाल लाइप स्टान्डर सर्वेक्षणले ५१ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेको तथ्याङ्क प्रस्तुत गरेको छ र उक्त तथ्याङ्कले ग्रामीण क्षेत्रमा बसोबास गर्ने ५८ प्रतिशतले विप्रेषण प्राप्त गर्ने गरेको र प्राप्त विप्रेषणको ७० प्रतिशत घरखर्चमा प्रयोग हुने गरेको देखाएको छ भने ३० प्रतिशतमात्र उत्पादनमुखी कार्यमा प्रयोग भएको देखाएको छ ।

## ४.१ गरिबी निवारण विश्वव्यापी परिवेश

गरिबी के हो? कस्तो अवस्थालाई गरिबी भनिन्छ भन्ने विषयमाथि छलफल गर्दा विभिन्न तर्कहरू पाइन्छ । कसैले गरिबीलाई आम्दानी खर्च संग तुलना गरेर प्रस्तुत गर्ने गरिन्छ । यसरी आम्दानी खर्चलाई आधार मानेर गरिने गरिबीको परिभाषालाई निरपेक्ष गरिबी भनिन्छ । विश्व बैंकले एक डलर भन्दा कम प्रतिव्यक्ति आयलाई निरपेक्ष गरिबी भनेको छ तर डिएफआइडी लगायतका विकास साझेदार संस्थाले आधारभूत आवश्कता जस्तै स्वास्थ्य, शिक्षा, खाना आदिमा पहुँच नहुनु गरिबी हो । गरिबीलाई निरपेक्ष र सापेक्ष भनेर व्याख्या गरिए पनि वास्तवमा गरिबी भनेको नहुनु हो वा अभाव हुनु हो ।

गरिवीको विश्वव्यापी अवधारणा हेर्दा सन् १९९० पछि विश्वमा आएको आर्थिक परिर्वतन र उक्त परिर्वतनले सृजना गरेको अवस्थाले गरिबीको आयामहरूलाई फरक ढंगले प्रस्तुत र विभिन्न इन्डेक्सहरू समेत प्रस्तुत गरेको छ । जसमा कुनै पनि व्यक्तिले मानव भएको नाताले उपभोग गर्न पाउने अधिकार र त्यस्ता अधिकार माथिको पहुँचलाई सूचीकृत गरिएको हुन्छ ।

विश्वमा गरिबीको अवस्था हेर्दा गरिबीकोको ९० प्रतिशत एसिया र अफ्रिकामा रहेको छ । एसियामा भएको गरिबीको ९५ प्रतिशत दक्षिण एसियामा रहेको छ । जसअन्तर्गत नेपालमा करिब पचास लाख मानिसहरू कुल जनसंख्याको १८ प्रतिशत गरिबीको रेखामुनि रहेका छन् ।

## ४.२ नेपालमा गरिबी निवारणका लागि भएका प्रयास

आठौं पञ्च वर्षीय योजनाबाट योजनाबद्ध विकासमा गरिबी निवारणलाई प्रमुखताका साथ समावेश गरियो । यस्तै सन् २००४ मा गरिबी निवारणकोषको स्थापना र २०६३ मा गरिबी निवारण कोष ऐन जारी, गरिबसँग विश्वेश्वरलगायत विभिन्न कार्यक्रमहरू देशैभरि लागु गरिएको । २०६३ सालमा गरिबीसम्बन्धी काम गर्न मन्त्रालयको व्यवस्था । हाल गरिबी निवारण मन्त्रालयलाई भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गत राखिएको छ ।

२०७२ सालको संविधानले पनि नागरिकलाई विभिन्न सुविधाहरू प्रदान गरेर गरिबीबाट माथि उठाउन महत्वपूर्ण कानुनी आधार निर्माण गरेको छ । सुखी नेपाली समृद्ध नेपाल, भोकै कोही मर्दैन भन्नेजस्ता सरकारी घोषणा, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा भत्ता आदिले पनि गरिबी घटाउन सहयोग पुऱ्याएको अवस्था छ ।

**अध्याय : ५**

# वैदेशिक रोजगारीले पारेको प्रभाव

नेपालमा लामो इतिहास बोकेको वैदेशिक रोजगारीले समग्र मानव जीवनका आयामहरू जस्तै आर्थिक आयामः पेसा व्यवसाय, आम्दानी, सामाजिक आयामः शिक्षा, स्वास्थ्य, खानपान, चाडपर्व मनाउने शैली, पोसाक विविध विषयमा समेत प्रभाव पारेको देखिन्छ । यति मात्र नभएर वैदेशिक रोजगारीले बसाइँसराइँलगायतका दूरगामी क्रियाकलापमा समेत असर पारेको देखिन्छ । यस अध्ययनका विभिन्न उपखण्डमा यी विषयमा छलफल गरिएको छ ।

## ५.१ नेपालमा वैदेशिक रोजगारीको ट्रेन्ड (प्रवृत्ति)

नेपालमा विगत लामो समयदेखि चल्दै आएको वैदेशिक रोजगारी बढ्दो ट्रेन्डमा रहेको छ । नेपालबाट विगत दश वर्षको अवधिमा वैदेशिक रोजगारीको लागि नेपाल सरकारबाट स्वीकृति लिएर जानेको संख्या तलको तालिकामा देखाइएको छ ।

**तालिकाः ४ विगत दश वर्ष (२०१० देखि २०२०) सम्म नेपालबाट वैदेशिक रोजगारीमा गएका श्रमिकहरुको संख्या**

| क्रस | आर्थिक वर्ष (सन्) | विदेश गएका श्रमिकको संख्या |
|---|---|---|
| १ | २०१०/११ | ३३४७१६ |
| २ | २०११/१२ | ३८४६६५ |
| ३ | २०१२/१३ | ४५०८८९ |
| ४ | २०१३/१४ | ५१९६३८ |
| ५ | २०१४/१५ | ४९९१०२ |
| ६ | २०१५/१६ | ४०३६९३ |
| ७ | २०१६/१७ | ३८२८७१ |
| ८ | २०१७/१८ | ३५४०९८ |
| ९ | २०१८/१९ | २३६२०८ |
| १० | २०१९/२० | १६६६९८ |

*स्रोतः वैदेशिक रोजगार विभाग, २०२०*

विगत दश वर्षमा नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीको लागि विभिन्न मुलुकमा जाने श्रमिकहरूको एक मुष्ठ संख्या तालिकामा देखाएको छ । तालिकामा हेर्दा वैदेशिक रोजगारीको लागि विदेश जाने श्रमिकको संख्या निरन्तर रूपमा बढदै गएको पाइन्छ । आ. व. २०१०/११ मा ३३४७१६ रहेको छ । यो संख्या सन् २०१५ सम्म बढ्दो ट्रेण्डमा देखिन्छ भने त्यसपछि क्रमशः घट्दोक्रममा रहेको छ । सन् २०१४ मा पाँच लाखको संख्यामा रहेको वैदेशिक रोजगारी सन् २०१९ मा २ लाख ३६ हजार २०८ छ । सन् २०२० मा आइपुग्दा १ लाख ६६ हजार ६९८ मा सीमित भएको छ ।

नेपालको सन्दर्भमा वैदेशिक रोजगारीको विषयमा कुरा गर्दा उल्लेख गर्नुपर्ने विषय भित्र महिला पुरूषको असमानता पनि हो । नेपालमा वैदेशिक रोजगारीको लागि जाने सम्पूर्ण संख्यामा महिलाको संख्या अत्यन्त न्युन रहेको छ । विगतदेखि नै महिला घरमा बस्ने बालबच्चा हुर्काउने र पुरूषबाहिर गएर कमाउने भन्ने धारणाको असर वैदेशिक रोजगारीमा पनि देखिन्छ । तलको तालिकामा विगत दश वर्षको अवधिमा वैदेशिक रोजगारीमा जाने महिला पुरूषको संख्या देखाइएको छ ।

**तालिकाः ५ सन् २०१० देखि २०२० को अवधिमा वैदेशिक रोजगारीमा जाने महिलाको संख्या**

| क्रस | आर्थिक वर्ष (सन्) | महिला |
|---|---|---|
| १ | २०१०/११ | १०४१६ |
| २ | २०११/१२ | २२९५८ |
| ३ | २०१२/१३ | २७७५७ |
| ४ | २०१३/१४ | २९१२१ |
| ५ | २०१४/१५ | २१४१२ |
| ६ | २०१५/१६ | १८४६७ |
| ७ | २०१६/१७ | २०१०५ |
| ८ | २०१७/१८ | २२४१९ |
| ९ | २०१८/१९ | २०५७८ |
| १० | २०१९/२० | ११४५६ |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०२०*

नेपालमा चल्दै आएको वैदेशिक रोजगारीको महत्वपूर्ण ट्रेण्ड भनेको पुरूष विदेशमा जाने महिला घरमा बस्ने र पुरूषले पठाएको रकमले घरखर्च चलाउने खालको छ । महिला कामदारका लागि वैदेशिक रोजगार सुरक्षित नहुनु । नेपाली समाजले महिलालाई घरमै बसेर काम गरेको देख्न चाहनु आदि कारणले वैदेशिक रोजगारीमा महिलाहरूको उपस्थिति नगन्य रहेको देखिन्छ । माथिको तालिकामा हेर्दा सन २०१२/१३ मा २९१२१ रहेको संख्या सन २०१७/१८ आइ पुग्दा २२४१९मा

खुम्चिएको छ । यो संख्या सन २०१८ मा आइ पुग्दा २०५७८ मा सीमित भएको छ । महिलाको रोजगारीको अवस्था बढ्नुको साटो घट्नु दुःखद् हो । महिला पुरूष समान भने पनि वैदेशिक रोजगारमि नेपालबाट कम महिला विदेश जानुले महिलामा परर्निभरता बढी देखिएको छ, जसले समग्र देशको आर्थिक विकासमा सकारात्मकभन्दा नकारात्मक असर पर्ने देखिन्छ ।

### ५.१.१ नेपालले विप्रेषणको रूपमा वैदेशिक रोजगारीबाट विगत १० वर्षमा भित्रिएको रकम

नेपालमा केही वर्ष यता कृषिक्षेत्रको योगदान घटेर अन्य क्षेत्रको योगदान बढ्ने क्रम जारी रहेको देखिन्छ । वैदेशिक रोजगारीको पनि कुल ग्राहस्थ उत्पादनमा राम्रै स्थान देखिन्छ । तलको तालिकामा वैदेशिक रोजगारीले कुल ग्राहस्थ उत्पादनको अंश प्रतिशतमा देखाइएको छ ।

**तालिकाः ६ नेपालले विप्रेषणको रूपमा वैदेशिक रोजगारीबाट विगत १० वर्षमा भित्र्याएको रकम**

| क्रस | आर्थिक वर्ष (सन्) | विप्रेषण (विलियनमा) | कुलग्रास्थ उत्पादनको अंश (प्रतिशत) |
|---|---|---|---|
| १ | २०११/१२ | ५५६.१२ | २३.२ |
| २ | २०१२/१३ | ६३४.०५ | २४.०३ |
| ३ | २०१३/१४ | ७९८.१५ | २८.३ |
| ४ | २०१४/१५ | ८३८.६८ | ३०.५ |
| ५ | २०१५/१६ | ६६५.१ | २५.५ |
| ६ | २०१६/१७ | ६९५.५ | २२.६ |
| ७ | २०१७/१८ | ७५५.१ | २१.८ |
| ८ | २०१८/१९ | ८७९.३ | ३३.८ |
| ९ | २०१९/२० | ८७५.० | २२.४ |
| १० | २०२०/२१ | ६९२.१ | १२ |


*स्रोतः वैदेशिक रोजगार विभाग, २०२०*

माथिको तालिकालाई हेर्दा वैदेशिक रोजगारीबाट प्राप्त रकमले देशको कुल ग्राहस्थ उत्पादनको महत्वपूर्ण हिस्सा ओकटेको देखिन्न्छ । कोरोना महामारीको समयमा बाहेक अन्य आर्थिक वर्षमा विप्रेषणले उल्लेखनीय योगदान दिएको छ । सबैभन्दा बढी आ. व. २०१८/१९ मा विप्रेषणले २५ प्रतिशत हिस्सा ओकटेको छ भने सबैभन्दा कम आ. व. २०२०/२१ मा कुल ग्राहस्थ उत्पादनको जम्मा १२ प्रतिशत हिस्सा ओगटेको देखिन्छ ।

### ५.२ सामाजिक आर्थिक अवस्था

यस अध्ययनमा वैदेशिक रोजगारीले आम नेपालीमा पारेको आर्थिक, सामाजिक तथा सांस्कृतिक प्रभावको बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा बसोबास गर्ने वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरूलाई यस विषयसंग सम्बन्धित प्रश्नहरू सोधिएको थियो र उनीहरूले दिएका उत्तरको आधारमा वैदेशिक रोजगारीको प्रभावको विश्लेषण गरिएको छ । प्रभावका बारेमा अध्ययन गर्ने क्रममा उत्तरदाताको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको बारेमा पनि छोटकरीमा चर्चा गरिएको ।

**चित्र: २ परिवारको किसिम**




*स्रोत: अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ वैदेशिक रोजगारीमा गएका परिवारको बनौट देखाइएको छ जसअनुसार ७० प्रतिशत एकल परिवारमा बस्ने गर्दछन् भने ३० प्रतिशत संयुक्त परिवारमा बस्ने गर्दछन् । वैदेशिक रोजगारीमा गएका परिवार एकल रूपमा शहरी वा अर्ध शहरी क्षेत्रमा बच्चा पढाउनेलगायतका कारण एकल रूपमा वस्ने गरेको देखिन्छ ।

### ५.२.१ परिवार संख्या

नेपालमा हाल परिवारको सदस्य संख्यामा उच्च गिरावट आएको अवस्था छ यो अध्ययनमा पनि त्यस्तै देखिन्छ । तलको तालिकाको पारिवारिक अवस्था देखाइएको छ ।

**तालिकाः ७ परिवार संख्या**

| क्र.स. | **परिवार संख्या** | प्रतिशत |
|---|---|---|
| १ | १ देखि ४ | ६० |
| २ | ४ देखि ८ | ३० |
| ३ | ८ भन्दा बढी | १० |
| ४ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकामा उत्तरदाताको परिवार संख्या देखाइएको छ । जसअन्र्तगत ६० प्रतिशतको परिवार सदस्य संख्या १ देखि ४ रहेको छ भने ३० प्रतिशतको परिवार सदस्य संख्या ४ देखि ८ रहेको छ । यस्तै १० प्रतिशतको परिवार सदस्य संख्या ८ भन्दा बढी रहेको छ ।

### ५.२.२ पारिवारिक पेसा/व्यवसाय

अधिकांसको पारिवारिक पेसा कृषि रहेको कारण उनीहरूको परिवारको सदस्य विदेश जानु पेरेको देखिन्छ किनकि कृषि पेसाले नेपालमा खासै प्रगति र प्रतिष्ठा प्राप्त गर्न सकेको देखिँदैन । तलको तालिकामा उत्तरदाताको परिवारको पेसा देखाइएको छ ।

**चित्रः ३ पारिवारिक पेसा/व्यवसाय**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ पारिवारिक पेसा/व्यवसायको अवस्था देखाइएको छ जस अन्तर्गत ४० प्रतिशत उत्तरदाताको पारिवारिक पेसा कृषि रहेको छ भने १० प्रतिशतको व्यापार रहेको देखिन्छ । यस्तै २५ प्रतिशतको पारिवारिक पेसा ज्याला मजदुरी रहेको छ भने मात्र ५ प्रतिशतको पारिवारिक पेसा जागिर रहेको छ । यस्तै २० प्रतिशतको पारिवारिक स्थायी पेसा खुलेको छैन, त्यसकारण अन्यमा राखिएको छ ।

### ५.३ वैदेशिक रोजगारीले आर्थिक अवस्थामा पारेको प्रभाव


नेपालको सन्दर्भमा वैदेशिक रोजगारीले समग्र आर्थिक अवस्थामा  हालसम्म सकारात्मक प्रभाव पारेको देखिन्छ । आर्थिक वर्ष सन २०२० को आर्थिक सर्वेक्षणले कुल उत्पादनका २९ प्रतिशत हिस्सा ओकटेको छ । विगत एक दशकदेखि वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले शिक्षा, स्वास्थ्यलगायतका सामाजिक अवस्थाको अलवा आय, बचत, लगानी आदिको अवस्थामा समेत परिवर्तन ल्याएको छ । जसका कारण गरिबी निवारण र सामाजिक समस्यामा प्रभाव पारेको देखिन्छ ।

प्रायः नेपालबाट खाडी देशहरू जस्तै कतार, दुबई, साउदी अरब कुवेतलगायतका मुलुकमा जानेको संख्या धेरै देखिन्छ । यस्तै मलेसिया, जापान, कोरिया, अमेरिका, क्यानडा, युरोपियन मुलुकहरूमा समेत जाने गरेका छन् । सन् २०१९ मा कुल विदेसिने श्रमिकको ९० प्रतिशत श्रमिक काम गर्न खाडीमुलुक गएको आँकडा देखाएको छ तर विद्यार्थी भिसामा विदेश गएकाहरू समेत विदेशमा गएर काममा बढी व्यस्त हुने र उनीहरूले समेत पैसा पठाउने गरेकाले श्रम स्वीकृति लिएर गएकाहरूकै अनुपातमा विप्रेषण भित्रने गरेको देखिन्छ । अध्ययनको क्रममा रोजगारीका लागि मात्र गएका व्यक्ति तथा व्यक्तिको परिवारसँग मात्र अन्तर्वार्ता लिएको थियो । तलको तालिकामा उत्तरदाताको परिवार रोजगारीमा गएको अवस्था उल्लेख छ ।

#### ५.३.१ वैदेशिक रोजगारीमा गएको परिवारको सदस्य

प्रायः गरेर परिवारका पुरूष सदस्य विदेशमा कमाई गर्न जाने गर्दछन् । पुरूष सदस्यमा बुबा, छोरा, लोग्ने विदेशमा कमाइ गर्न जाने गरेको देखिन्छ । तलको चित्रमा वैदेशिक रोजगारीमा गएका परिवारका सदस्यहरूको विवरण उललेख गरिएको छ ।

**चित्रः ४ वैदेशिक रोजगारीमा गएका परिवारको सदस्य**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ विदेशमा भएको उत्तरदाताको परिवारको सदस्यको विवरण उल्लेख गरिएको छ । १५ प्रतिशत उत्तरदाताको बुवा वैदेशिक रोजगारीमा गएका छन् भने २० प्रतिशतका छोरा वैदेशिक रोजगारीमा गएको अवस्था छ । यस्तै ५० प्रतिशतको श्रीमान् वैदेशिक रोजगारीमा गएको अवस्था छ भने १० प्रतिशतका दाजुभाइ वैदेशिक रोजगारीमा गएका छन् । यस्तै ५ प्रतिशतका परिवारका अन्य सदस्य जस्तै काका, काकी, श्रीमती वैदेशिक रोजगारीमा गएको अवस्था छ । परिवारको जुनसुकै सदस्य वैदेशिक रोजगारीमा गए पनि पारिवारको न्यूनतम आवश्कता पूरा गर्न पुग्ने रकम भने पठाउने गरेको अवस्था देखिन्छ ।

### ५.३.२ वैदेशिक रोजगारीमा गएको देश

नेपालबाट वैदेशिक रोजगारीमा जान नेपालले एक सयभन्दा बढी मुलुक खुल्ला गरेको छ । यस अध्ययनमा भारत, खाडी, जापान लगायत अन्य गरी ६ कलस्टरमा विभाजन गरिएको छ जुन तलको तालिकामा देखाइएको छ ।

**तालिकाः ८ वैदेशिक रोजगारीमा गएको देश**

| क्र.स. | वैदेशिक रोजगारीमा गएको देश | प्रतिशत |
|---|---|---|
| १ | भारत | २० |
| २ | खाडी मुलुक | ६० |
| ३ | जापान | ५ |
| ४ | कोरिया | ७ |
| ५ | युरोप⁄ अमेरिका | ५ |
| ६ | अन्य | ३ |
| ७ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकामा वैदेशिक रोजगारीमा गएको देशको विवरण देखाइएको छ । समग्रमा २० प्रतिशत भारतमा गएका छन भने ६० प्रतिशत खाडी मुलुक साउदी, अरब, बराइन, संयुक्त अरबलगायतका देशमा गएका छन् भने ५ प्रतिशत जापान लगायतका मुलुकमा गएको अवस्था छ । यस्तै ७ प्रतिशत कोरिया र ५ प्रतिशत युरोप, अमेरिका गएको अवस्था छ । यस्तै ३ प्रतिशत अन्य मुलुक जस्तै मकाउ हङकङ रसिया, आदि मुलुकमा समेत गएका छन् । तुलनात्मक रूपमा विप्रषण पठाउनेमा खाडी मुलुक गएकाहरूको संख्या बढी भए पनि रकमको आधारमा कोरिया, जापान र अस्ट्रेलियाजस्ता देशबाट बढी रकम प्राप्त भएको देखिन्छ ।

### ५.३.३ वैदेशिक रोजगारीमा जाने परिवारले गरेको खर्च

बेलाबखत नेपालीहरू महँगो रकम तिरेर वैदेशिक रोजगारीमा गएको, ठगिएको भन्ने विषय पनि उठ्ने गरेको सन्दर्भमा उत्तरदाताहरूलाई उनीहरूको आफन्तले वैदेशिक रोजगारीमा जाँदा कति रकम खर्च गरे भनेर सोधिएको थियो जुन तलको चित्रमा देखाइएको छ ।

**चित्रः ५ वैदेशिक रोजगारी जाने परिवारले गरेको खर्च**





*स्रोत: अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ ३५ प्रतिशतका आफन्तहरूले पचास हजारदेखि एक लाख सम्म खर्च गरेर वैदेशिक रोजगारीमा गएको देखियो भने ४० प्रतिशतले वैदेशिक रोजगारीमा जाँदा एक लाखदेखि दुई लाखसम्म खर्च गरेका थिए । यस्तै २५ प्रतिशतले वैदेशिक रोजगारीमा जाँदा दुई लाखभन्दा बढी खर्च गरेको अवस्था छ । धेरै जति उत्तरदाताहरूले दुई लाख सम्म खर्च गरेर विदेश गएको देखिन्छ ।

### ५.३.४ वैदेशिक रोजगारीमा जाने रकम संकलनको अवस्था

वैदेशिक रोजगारीमा जानको लागि ग्रामिण भेगमा बसोबास गर्ने बासिन्दाहरूले दलालमार्फत् चर्को ब्याजमा सापटी लिएर विदेश जानुपर्ने वाध्यता छ । तलको चित्रमा उत्तरदाताहरूले कुन स्रोतबाट वैदेशिक रोजगारीमा जान रकम जम्मा गरे भन्ने विषय उल्लेख गरिएको छ ।

**चित्रः ६ वैदेशिक रोजगारीमा जाने रकम संकलनको अवस्था**





*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ वैदेशिक रोजगारीमा जान परिवारले कुन स्रोतबाट रकम जम्मा गरे भन्ने विषय उठान गरिएको छ, जस अनुसार ३५ प्रतिशतले साहुसँग ऋण काढेर वैदेशिक रोजगारीमा जाने रकम जोहो गरेका छन् भने २५ प्रतिशतले बैंकमा धितो राखेर रकमको जोहो गरेका थिए । यस्तै २० प्रतिशतले घरको पशु चौपाया बेचेर रकमको जोहो गरेका छन् भने २० प्रतिशतले अन्य स्रोतबाट रकम जो गरेका थिए । धेरै जति उत्तरदाताले बैंक भन्दा अन्य स्रोतबाट रकम जोहो गरेको छ । नेपालमा अझै पनि सर्वसाधारणको विश्वास बैक तथा वितिय संस्थामा भन्दा गाउँका ठुलाठालु व्यक्तिमा विश्वास रहेको देखिन्छ ।

### ५.३.५ वैदेशिक रोजगारीमा गएको समय

परिवारका सदस्य विगत लामो समयदेखि विदेशमा रहेका छन् । तलको चित्रमा उत्तरदाताका परिवार विदेशमा बसेको समय उल्लेख गरिएको छ ।

**चित्रः ७ वैदेशिक रोजगारीमा गएको समय**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ वैदेशिक रोजगारीमा गएको समय उल्लेख गरिएको छ जसअनुसार २० प्रतिशतको परिवार सदस्य विगत दुई वर्षदेखि वैदेशिक रोजगारीमा गएका छन् भने ३५ प्रतिशतका परिवार विगत ५ वर्षदेखि वैदेशिक रोजगारीमा गएका छन् । यस्तै ४५ प्रतिशत उत्तरदाताको परिवार सदस्य विगत ५ वर्षदेखि वैदेशिक रोजगारीमा गएका छन् ।

### ५.३.६ वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण अवस्था

हालसम्म पनि केही परिवारका वैदेशिक रोजगारीमा गाँउका सदस्यहरूले आफू विदेश जाँदा लिएको ऋणको ब्याज किस्ता तिर्दै आएको अवस्था देखिन्छ । तलको तालिकामा वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण अवस्थाका बारेमा उल्लेख गरिएको छ ।

**तालिकाः ९ वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण अवस्था**

| क्र.स. | वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण अवस्था | प्रतिशत |
|---|---|---|
| १ | तिरेको छ | ४० |
| २ | तिरेको छैन | ६० |
| ३ | जम्मा | १०० |

*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकामा वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण तिरेको अवस्था उल्लेख गरिएको छ । तालका अनुसार ६० प्रतिशत उत्तरदाताको परिवारले आफू विदेश जाँदा लागेको ऋणको ब्याज हालसम्म पनि तिर्न सकेको अवस्था देखिन्छ । ४० प्रतिशतले भने विदेश जाँदा लागेको ऋण चुक्ता गरिसकेको अवस्था छ ।

### ५.३.७ वैदेशिक रोजगारीबाट रकम प्राप्तपछि परिवारमा आएको आर्थिक सहजता

वैदेशिक रोजगारीबाट आफन्तले पठाएको रकमले बहुमत उत्तरदाताको आर्थिक अवस्थामा सहजता ल्याएको छ । तलको तालिकामा वैदेशिक रोजगारीबाट रकम प्राप्तपछि परिवारमा आएको आर्थिक सहजताको वारेमा उल्लेख गरिएको छ ।

**तालिकाः १0 वैदेशिक रोजगारीबाट रकम प्राप्तपछि परिवारमा आएको आर्थिक सहजता**

| क्र.स. | वैदेशिक रोजगारीबाट रकम प्राप्तपछि परिवारमा आएको आर्थिक सहजता | प्रतिशत |
|---|---|---|
| १ | छ | ६० |
| २ | छैन | ४० |
| ३ | जम्मा | १०० |

*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकमा हेर्दा ६० प्रतिशतले वैदेशिक रोजगारीमा परिवारको सदस्य गएपछि आर्थिक सहजता प्राप्त गरेको अवस्था देखिन्छ भने ४० प्रतिशत उत्तरदाताले हालसम्म पनि आर्थिक सहजता प्राप्त गर्न सकेको अवस्था छैन । विदेशमा सोचे जस्तो कमाई नहुनु विगत सन् २०२० मा कोरोनाले विदेशमा उद्ययोग बन्द हुनु, वैदेशिक रोजगारीमा जाँदा लागेको ऋणको ब्याज, नेपालमा महँगी बढ्नु आदि कारणले आर्थिक सहजता प्राप्त हुन सकेको छैन ।

वैदेशिक रोजगारीबाट प्रप्त विप्रेशणले केही हदसम्म आर्थिक सहजताको वातावरण निर्माण भएको कारण वैदेशिक रोजगारकिो कारण उतरदताको गरिबीको अवस्थामा परिर्वतन आएको देखिन्छ ।

**छैन भने किन**

माथिको तालिकामा ४० प्रतिशतको परिवारले हालसम्म पनि सोचेअनुसार वैदेशिक रोजगारीबाट आर्थिक सहजता प्राप्त गर्न सकेको अवस्था देखिँदैन । किन उनीहरूले आर्थिक सहजता प्राप्त गर्न

सकेनन् भन्ने प्रश्नको जवाफमा उनीहरूले तल उल्लेखित जवाफ दिएका छन जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका : ११ छैन भने किन**

| क्र.स. | छैन भने किन | प्रतिशत |
|---|---|---|
| १ | विदेशमा सोचे अनुरूप कमाई नभएर | ५० |
| २ | चर्को ब्याजमा ऋण लिएर वैदेशिक रोजगारीमा गएको भएर | २५ |
| ३ | अन्य | २५ |
| ४ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

तालिकामा वैदेशिक रोजगारीबाट प्राप्त रकमले किन आर्थिक सहजता हुन सकेन भन्ने विषयमाथि प्रकाश पारिएको जसअनुसार ५० प्रतिशतले विदेशमा सोचेअनसुार कमाइ नहुनलाई प्रमुख कारण मानेका छन् भने २५ प्रतिशतले चर्को ब्याजलाई प्रमुख कारण मानेका छन् । यस्तै २५ प्रतिशतले अन्य जस्तै कोरोना, देशमा बढेको महँगी आदिलाई कारण मानेका छन् । भरखर कोरोना महामारी सकिएको कारण विदेशमा प्रयाप्त रकम कमाउन नसकेको कारण कम विप्रेषण पठाएको कारण आधाजसो उतरदताले हालको अवस्थामा आर्थिक सहजता आएको अनुभव नगरेको पनि उनीहरूको अवस्थाले गरिबी घटेको आर्थिक सहजता आएको देखिन्छ ।

**५.३.८ वैदेशिक रोजगारीबाट रकम पठाउने माध्यम**

उत्तरदाताले उनीहरूको आफन्तले विदेशबाट पठाएको रकम विभिन्न माध्यमबाट प्राप्त गर्ने गरेका छन् । तलको तालिकामा रकम प्राप्त गर्ने माध्यम उल्लेख गरिएको छ ।

**चित्रः ८ वैदेशिक रोजगारीबाट रकम पठाउने माध्यम**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ वैदेशिक रोजगारीबाट पठाएको रकम प्राप्त गर्ने माध्यमका बारेमा उल्लेख गरिएको छ जस अनुसार २० प्रतिशतले बैंकमार्फत रकम प्राप्त गर्छन् भने ५० प्रतिशतले विभिन्न रेमिटेन्स कम्पनीमार्फत रकम प्राप्त गर्ने गरेका छन् । यस्तै १५ प्रतिशतले साथीभाइमार्फत र बाँकी १५ प्रतिशतले अन्य स्रोत जस्तै आफै आउदा, हुन्डीमार्फत रकम प्राप्त गर्ने गरेका छन् । सरकारले विप्रेषण बैकमार्फत ल्याउने भने पनि हालसम्म विप्रेषणको ठुलो हिस्सा अवैध स्रोतबाट आउने गरेको देखिन्छ ।

### ५.३.९ रकम प्राप्त गर्न सहजता

कुनै समयमा विदेशबाट रकम प्राप्त गर्न त्यति सहजता थिएन तर हाल धेरै देशका धेरै स्थानबाट रकम प्राप्त सहजता प्राप्त भएको अवस्था छ । तलको तालिकामा रकम प्राप्त गर्न सहजताको अवस्थालाई देखाइएको छ ।

**तालिकाः १२ रकम प्राप्त गर्न सहजता**

| क्र.स. | रकम प्राप्त गर्न सहज छ वा छैन ? | प्रतिशत |
|---|---|---|
| १ | छ | ६० |
| २ | छैन | ४० |
| ३ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकामा सहज रूपमा रकम प्राप्त गर्न सके नसकेको बारेमा प्रकाश पारिएको छ जसअनुसार ६० प्रतिशतले रकम प्राप्त गर्न सहज भएको बताएका छन् भने ४० प्रतिशतले अझै कुनैकुनै बेला विदेशबाट पठाएको रकम सहज ढंगले प्राप्त नभएको गुनासो गरेको अवस्था छ । रकम पठाउने देशको नीतिलगायतका कारण असहजता उत्पन्न भएको देखिन्छ । थोरै रकम पठाउदा पनि धरै रकम काट्ने समस्या पनि रहेको देखिन्छ ।

### ५.३.१० वैदेशिक रोजगारीले आयमा ल्याएको परिर्वतन

परिवारको सदस्य विदेशमा रोजगारीमा गएर पैसा पठाउन थाले पछि धरै जसोको परिवारको आयमा परिवर्तन आएको छ जुन तलको चित्रमा देखाइएको छ ।

**चित्रः ९ वैदेशिक रोजगारीले आयमा ल्याएको परिर्वतन**





*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

७० प्रतिशतको परिवारको आयमा वैदेशिक रोजगारीले परिर्वतन ल्याएको छ भने ३० प्रतिशतको परिवारमा खासै परिवर्तन ल्याएको छैन । पारिवारिक खर्च, विदेशबाट सोचेअनुसार रकम प्राप्त नहुनु आदि कारणले परिवारको आयमा खासै परिवर्तन ल्याउन सकेको छैन । कोरोना महामारी भरखर बन्द भएको हालको अवस्थामा विदेशमा गएका परिवारको सदस्यले सोचेअनुसार रकम पठाउन नसकेको हालको अवस्थामाले यस्तो अवस्था देखिएको हो र अन्यथा वैदेशिक रोजगारीले गरी घटाउन महत्वपूर्ण योगदान गरेको अवस्था देखिन्छ ।

### ५.३.११ वैदेशिक रोजगारीबाट प्रतिवर्ष आम्दानी

समग्रमा प्रतिमहिना चालीस हजारको हाराहारीमा परिवारिक मासिक आम्दानी  रहेको देखिन्छ । तलको चित्रमा उत्तरदाताको परिवारले गरेको वार्षिक आम्दानीको रकम उल्लेख गरिएको छ ।

**चित्रः १० वैदेशिक रोजगारीबाट आम्दानी (वार्षिक)**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित  २०२२*


यहाँ परिवारले वार्षिक रूपमा कमाएको रकम उल्लेख गरिएको छ जसअनुसार २५ प्रतिशतको परिवारले वार्षिक रूपमा ३०० हजारसम्म रकम कमाएका छन् भने ४० प्रतिशतको परिवारले वार्षिक रूपमा ३०० देखि ४०० सम्म रकम प्राप्त गरेका छन् । यस्तै २५ प्रतिशतले ४०० देखि ५०० सम्म वार्षिक आम्दानी गरेका छन् । १० प्रतिशतले मात्र ५०० भन्दा माथि वार्षिक आम्दानी गरेको देखिन्छ । आ. व. २०७७/७८ को आर्थिक सर्वेक्षणले नेपालको प्रतिव्यक्ति आय १२२३ अमेरिकन डलर देखाएको जुन नेपाली रूपैयाँमा रूपान्तरण गर्दा एकलाख पचास हजारको हाराहारीमा हुन

आउँछ तसर्थ वैदेशिक रोजगारीमा जाने प्रत्येक परिवारको कमाइ प्रतिव्यक्ति आयभन्दा बढी रहेको छ ।

### ५.३.१२ खर्चको अवस्था (वार्षिक)

परिवारको बसाइ काठमाडौंमा भएको र काठमाडौंको बसाइ महँगो भएको कारण उत्तरदाताको वार्षिक खर्च पनि बढी नै देखिन्छ । तलको चित्रमा वार्षिक खर्च देखाइएको छ ।

**चित्रः ११ खर्चको अवस्था**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको चित्रमा उत्तरदाताको वार्षिक खर्च उल्लेख गरिएको छ जसअनुसार २५ प्रतिशतले वार्षिक रूपमा दुई लाखसम्म खर्च गर्ने गरेका छन् भने ३५ प्रतिशतले दुई लाखदेखि तीन लाखसम्म खर्च गरेका छन् । यस्तै ३० प्रतिशतले तीन लाखदेखि चार लाख सम्म खर्च गर्ने गरेको देखिन्छ । यस्तै १० प्रतिशत उत्तरदाताले वार्षिक रूपमा चार लाखभन्दा बढी खर्च गरेको देखिन्छ । महँगीलगायतका कारण उतर दाताको खर्चको अवस्था आम्दानीको अवस्थाको तुलनामा अलिक बढी देखिन्छ ।

**५.३.१३ वैदेशिक रोजगारीले पारिवारिक बचतमा ल्याएको परिर्वतन**

वैदेशिक रोजगारीबाट पठाएको विप्रेषणले उत्तरदाताको परिवारिक बचतमा केही परिवर्तन ल्याएको छ जुन विषयलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः १३ वैदेशिक रोजगारीले पारिवारिक बचतमा ल्याएको परिर्वतन**

| क्र.स. | बचतमा आएको परिर्वतन | प्रतिशत |
|---|---|---|
| १ | छ | ७५ |
| २ | छैन | २५ |
| ३ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

तालिकामा पारिवारिक बचतको अवस्था बारे प्रकाश पारिएको छ जस अनुसार ७५ प्रतिशतले वैदेशिक रोजगारीबाट आएको विप्रषणले पारिवारिक वचतमा परिर्वतन आएको महसुस गरेका छन् भने २५ प्रतिशतले परिवर्तनको महसुस गर्न सकेको अवस्था छैन । परिवारिक खर्च भन्दा विदेशबाट पठाएको विप्रेषण कम भएको कारण उनीहरूमा बचत गर्न नसकेको उत्तरदाताहरूले बताउने गरेको अवस्था छ ।

**५.३.१४ वैदेशिक रोजगारीबाट प्राप्त रकमबाट भएको बचतले पारेको प्रभाव**

वैदेशिक रोजगारीबाट विप्रेषणको रूपमा पठाएको रकमबाट भएको पारिवारिक बचतले केही हद सम्म प्रभाव पारेको अवस्था छ । तलको तालिकामा उत्तरदाताको पारिवारिक बचतले पारेको प्रभावको अवस्थालाई देखाइएको छ ।

**चित्रः १२ वैदेशिक रोजगारीबाट प्राप्त रकमबाट भएको बचतले पारेको प्रभाव**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ विप्रेषणबाट भएको परिवारिक बचतले पारेको प्रभाववारे प्रकास पारिएको छ । तालका अनुसार ३० प्रतिशत उत्तरदाताको पारिवारिक बचतले चल अचल सम्पत्ती जोड्नेलगायत विभिन्न कार्यमा प्रभाव पारेको अवस्था छ भने ७० उत्तरदाताको परिवारमा बचतले चल अचल सम्पति जोड्न नसके पनि दैनिक खर्च चलाउन भने सहजता प्रदान गरेको अवस्था छ ।

### ५.३.१५ बाचत गरेको स्थान

यस अध्ययनमा सहभागी ३० प्रतिशत उत्तरदाताले मात्र बचत गर्न सकेको अवस्था देखिन्छ । उनीहरूल बचतलाई बैंकदेखि साहुमहाजनकोमा समेत राखेको अवस्था छ जुन तलको तालिकामा देखाइएको छ ।

**तालिकाः १४ बचत गरेको स्थान**

| क्र.स. | बचत गरेको स्थान | प्रतिशत |
|---|---|---|
| १ | बैंक वित्तीय संस्था | ३३ |
| २ | सहकारी | ५० |
| ३ | व्यक्तिगत सापटी | १७ |
| ४ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकामा विदेशबाट विप्रेषणको रूपमा पठाएको रकम बचत गरेको स्थानमाथि प्रकाश पारिएको छ । चित्रका अनुसार ३३ प्रतिशतले बैकमा, ५० प्रतिशतले सहकारीमा र बाँकी १७ प्रतिशतले व्यक्तिगत सापटीको रूपमा रकम बचत गरेको देखिन्छ । विप्रेषणबाट प्राप्त रकमको आधा हिस्सा सहकारीमा रहने गरेको देखिन्छ । विप्रेषणको रकमको ठुलो हिस्सा सहकारी संस्थामा बचत हुने गरेको देखिन्छ ।

### ५.३.१६ वैदेशिक रोजगारीले खर्चमा ल्याएको परिर्वतन

परिवारको सदस्य वैदेशिक रोजगारीमा गएर विप्रेषण पठाउन थालेपछि परिवारको खर्च गर्ने हैसियत पनि बढेको धेरै उत्तरदाताहरूले अनुभव गरेको अवस्था छ जुन तलको तालिकामा देखाइएको छ ।

**चित्र: १३ वैदेशिक रोजगारीले खर्चमा ल्याएको परिर्वतन**





*स्रोत: अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

चित्रमा वैदेशिक रोजगारीले परिवारको खर्च गर्ने अवस्थामा पारेको प्रभावलाई देखाइएको छ । तालिकाअनुसार ७० प्रतिशत उत्तरदाताको परिवारको खर्च गर्ने हैसियत विप्रेषणले बढाएको अवस्था छ भने ३० प्रतिशत उत्तरदाताको खर्च गर्ने हैसियत बढ्ने गरी विप्रेषण प्राप्त हुन सकेको अवस्था छैन । विप्रेषणबाट प्राप्त रकम आधारभूत आवश्कता पूरा गर्न नै ठिक भएको अवस्था देखिन्छ ।

### ५.३.१७ खर्चमा परिर्वतन ल्याउने कारणहरु

कुनै पनि परिवारको सदस्य वैदेशिक रोजगारी गए पछि उस्ले पठाएको विप्रेषणले परिवारको खर्च गर्न सक्ने अवस्थामा परिर्वतन ल्याइदिएको छ जस्तै परिवारको सदस्य रोजगारीमा गए पछि सरकारी विद्यालयमा पढेका बालबालिका प्राइभेट विद्यालयमा पढन थाल्नु, आधारभूत आवश्यकताका सामान मात्र किन्ने परिवारले बिलासिताका सामान किन्न थाल्नु आदि सबै खर्च गर्ने अवस्थामा आएको परिर्वतनको संकेत हो । तलको तालिकामा खर्च गर्ने अवस्थामा आएको परिर्वनका सूचकलाई देखाइएको छ ।

**चित्रः १४ विप्रेषणको कारण खर्चमा आएको परिर्वतन**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

वैदेशिक रोजगारीले खर्च गर्ने अवस्थामा आएको परिवर्तनलाई देखाइएको छ । चित्रको अनुसार २९ प्रतिशत उत्तरदाताले शिक्षामा खर्च सस्तो विद्यालयबाट महँगो विद्यालयमा सारेको कारण खर्चमा परिवर्तन आएको बताएका छन् भने ४३ प्रतिशतले घर खर्चमा बढोत्तरी आएको कारण खर्चमा परिर्वतन आएको देखिन्छ । यसै गरी १४ प्रतिशत उत्तरदाताले स्वास्थ्य उपचारमा खर्च बढेको कारण खर्च गर्ने अवस्थामा परिर्वतर्न आएको छ भने अरू १४ प्रतिशतले विलासिताको बस्तुमा खर्च बढेको कारण विप्रेषणले खर्च गर्ने अवस्थामा परिर्वतन आएको देखिन्छ ।

### ५.३.१८ विप्रेषणले परिवारको क्रयशक्तिमा ल्याएको परिवर्तन

परिवारको सदस्य वैदेशिक रोजगारीमा गएर विप्रेषण पठाउन थालेपछि परिवारको क्रय शक्तिमा परिर्वतन आएको देखिन्छ । तलको तालिकामा उत्तरदाताहरूले क्रय शक्तिमा आएको परिर्वतनलाई गरेको अनुभवलाई देखाइएको छ ।

**तालिकाः १५ विप्रेषणले पारिवारको क्रयशक्तिमा ल्याएको परिवर्तन**

| क्र.स. | क्रयशक्तिमा परिर्वतन | प्रतिशत |
|---|---|---|
| १ | छ | ६० |
| २ | छैन | ४० |
| ३ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकाको क्रय शक्तिमा आएको परिर्वतनलाई देखाइएको छ जसअनुसार ६० प्रतिशत उत्तरदाताले परिवारको क्रय शक्तिमा परिवर्तन आएको अनुभव गरेका छन् भने ४० प्रतिशत उत्तरदाताले क्रय शक्तिमा परिवर्तन आएको अनुभव गरेका छैनन् । उत्तरदाताले भने भन्दा बढीमात्रमा क्रय शक्तिमा परिर्वतन आएको देखिन्छ । वैदेशिक रोजगारीमा गएको व्यक्तिको परिवारका सदस्यको लवाइ, उनीहरूले प्रयोग गरेका मोबाइल लगायतका सामानको अवस्थालाई हेर्दा यो अवस्था देख्न सकिन्छ ।

**५.३.१९ वैदेशिक रोजगारीबाट आएको रकम खर्च भएको शीर्षक**

वैदेशिक रोजगारीबाट प्राप्त रकमको महत्वपूर्ण हिस्सा खाना, पोसाक, मनोरञ्जन आदिमा खर्च हुने गरेको कारण लगानी हुन सकेको छैन । तलको तालिकामा उत्तरदाताले विप्रेषणबाट प्राप्त रकम खर्च गरेको शीर्षक देखाइएको छ ।

**चित्रः १५ वैदेशिक रोजगारीबाट आएको रकम खर्च भएको शिर्शक**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहाँ वैदेशिक रोजगारीबाट आएको रकम खर्च भएको शीर्षक देखाइएको छ । चित्रका अनुसार ३५ प्रतिशत रकम खानामा/घर भाडामा खर्च गरेको देखिन्छ भने २० प्रतिशत रकम कपडा/शृङ्गारमा खर्च हुने गरेको देखिन्छ । यस्तै १५ प्रतिशत रकम शिक्षामा खर्च भएको छ भने १० प्रतिशत रकम स्वास्थ्यमा खर्च भएको देखिन्छ । यस्तै २० प्रतिशत रकम चाडपर्व, घुमफिरमा खर्चहुने गरेको देखिन्छ । विप्रेषणको महत्वपूर्ण हिस्सा खाना र चाडपर्व घुमफिरमा खर्च भएको देखिन्छ ।

### ५.३.२० वैदेशिक रोजगारीले मानव विकासमा पारेको प्रभाव

वैदेशिक रोजगारीले मानव विकासमा पनि प्रभाव पारेको देख्न सकिन्छ । कुनै पनि परिवारको सदस्य वैदेशिक रोजगारीमा गएर रकम पठाउन थालेपछि दुर्गम स्थानमा बसोबास रहेका परिवार सुगम तथा अर्धसहरी क्षेत्रमा बसाइँ सरेर आउने गरेको देखिन्छ । वैदेशिक रोजगारीले ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइँ सरेर जाने गरेको तथ्याङ्कहरूले देखाएको छ । २०१९ को आर्थिक सर्वेक्षणले पनि उक्त विषयलाई उठान गरेको देखिन्छ । सर्वेक्षण अनुसार विकट ग्रामिण वस्तीबाट वैदेशिक रोजगारीको कारण सुविधा सम्पन्न ग्रामिण क्षेत्र तथा सहर उन्मुख क्षेत्रमा जनसंख्याको करिब ५ प्रतिशत हिस्सा बसाइँ सरेर आएको देखाएको छ ।

यस्तै वैदेशिक रोजगारीले समग्र मानव विकासजस्तै प्रतिव्यक्ति आय, औसत उमेर, पोषण, शिशु मृत्युदर, साक्षरता, वैवाहिक अवस्थाजस्ता विषयमा समेत केही असर गरेको छ तर वैदेशिक रोजगारीमा गएका नेपालीहरूको मृत्यु, अंग भङ्ग, पारिवारिक विचलन आदिले समग्र मानव विकासमा पारेको प्रभावमा चुनौती थपेको अवस्था छ ।

### ५.३.२१ वैदेशिक रोजगारीले बसाइँसराइँमा पारेको प्रभाव

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले मानिसहरूलाई भौतिक सुविधा नभएको स्थानबाट सुविधा सम्पन्न स्थानमा बसाइँ सर्न उत्प्रेरणा गरेको देखिन्छ तर हाल जमिनको मूल्य बढेको कारण धेरैले बसाइँ सर्न सक्ने अवस्था छैन । तलको तालिकामा वैदेशिक रोजगारीले बसाइँसराइँमा पारेको प्रभाव उल्लेख गरिएको छ ।

**तालिकाः १६ वैदेशिक रोजगारीले बसाइँसराइँमा पारेको प्रभाव**

| क्र.स. | वैदेशिक रोजगारीबाट पैसा आउन थालेपछि तपाईं बसाइ सरेर सुविधा युक्त स्थानमा आउनुभयो भएन ? | प्रतिशत |
|---|---|---|
| १ | छ | ३० |
| २ | छैन | ७० |
| ३ | जम्मा | १०० |


*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकामा वैदेशिक रोजगारीले बसाइँसराइँमा पारेको प्रभाव उल्लेख गरिएको छ । तालिकाअनुसार ३० प्रतिशतले बसाइँसराइँमा विप्रेषणले प्रभाव पारेको बताएका छन् भने बाँकी ७० प्रतिशतले भने विप्रेषणले बसाइँसराइँमा खासै प्रभाव पार्न नसकेको बताएका छन् ।

**५.३.२२ हाल वैदेशिक रोजगारीमा रहेको वा फर्केको अवस्था**

नेपालबाट खाडी मुलुकमा रोजगारीका लागि जाने व्यक्तिहरू प्रायः दुईदेखि तीन वर्षमा नेपाल फर्कने गर्दछन् तर केही देशहरूमा गएका श्रमिकहरू चार पाँच वर्षसम्म पनि स्वदेश फर्कन सकेको अवस्था छैन । तलको तालिकामा रोजगारीबाट उत्तरदाताका आफन्त फर्के नफर्केको विषय उल्लेख गरिएको छ ।

**चित्रः १६ वैदेशिक रोजगारीमा रहेको वा फर्केको अवस्था**





स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२

७० प्रतिशत उत्तरदाताका परिवार वैदेशिक रोजगारीबाट पटकपटक आउजाउ गरेका छन् भने ३० प्रतिशत उत्तरदाताका आफन्त भने एकपटक पनि नेपाल आएका छैनन् । देशमा भरपर्दो रोजगारीको अवसर नभएको कारण आर्यआर्जन गर्नका लागि पटकपटक वैदेशिक रोजगारीमा जानु परेको र आम्दानीको एकमात्र स्रोत वैदेशिक रोजगारी मात्र भएको अवस्था देखिन्छ ।

**५.४ सामाजिक/सांस्कृतिक अवस्थामा परिर्वतन**

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूमा समाजिक तथा संस्कृतिक अवस्थामा केही परिवर्तन आएको देखिन्छ । तलको तालिकामा उनीहरूमा आएको परिवर्तनलाई देखाइएको छ ।

**चित्रः १७ सामाजिक/सांस्कृतिक अवस्थामा परिर्वतन**





*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको चित्रमा वैदेशिक रोजगारीबाट फर्केर आएपछिको सामाजिक/सांस्कृतिक अवस्थामा आएको परिर्वतनलाई देखाइएको छ । चित्रका अनुसार २५ प्रतिशत उत्तरदाताले सामाजिक अवस्थामा परिवर्तन आएको बताएका छन् भने ३० प्रतिशत उत्तरदाताले सांस्कृतिक अवस्थामा पनि परिर्वतन आएको अनुभव गरेका छन् । तर ४५ प्रतिशत उत्तरदाताले सामाजिक तथा सांस्कृतिक अवस्थामा परिर्वन नआएको अनुभव गरेका छन् । लामो समयसम्म वैदेशिक रोजगारीमा बसेका व्यक्तिमा परिर्वतन देखिएको छ भने भर्खर गएको व्यक्तिमा त्यति धेरै सामाजिक सांस्कृतिक परिवर्तन आएको अवस्था छैन ।

### ५.४.१ सामाजिक अवस्थामा आएको परिवर्तन

यस अध्ययनमा सहभागी २५ प्रतिशत उत्तरदाताले सामाजिक अवस्थामा परिवर्तन आएको अनुभव गरेका छन् । सामाजिक परिवर्तनअन्तर्गत देखिएका परिर्वतनहरूलाई तलको चित्रमा देखिएको छ ।

**चित्रः १८ सामाजिक अवस्थामा आएको परिवर्तन**





*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको चित्रमा वैदेशिक रोजगारीमा गएकाहरूमा आएको सामाजिक परिवर्तनका बारेमा उत्तरतदाताले गरेका अनुभवलाई देखाइएको छ । चित्रअनुसार ४० प्रतिशतको भाषा वा बोलीको लवजमा परिवर्तन आएको छ भने २० प्रतिशतमा खानपानमा परिवर्तन आएको देख्न सकिन्छ । यस्तै २० प्रतिशत उत्तरदाताले पोसाकमा परिर्वतन आएको देख्न सकिन्छ भने ५ प्रतिशत उत्तरदाताले उनीहरूको सरसफाइ/स्वास्थ्य परिवर्तन आएको अनुभव गरेका छन् ।

### ५.४.२ सांस्कृतिक अवस्थामा आएको परिवर्तन

यस अध्ययनमा सहभागीमध्ये ३० जना उत्तरदाताले वैदेशिक रोजगारीमा गएका व्यक्तिमा सांस्कृतिक परिवर्तन आएको अनुभव गरेका छन् जुन विषयलाई तलको चित्रमा देखाइएको छ ।

**चित्रः १९ सांस्कृतिक अवस्थामा आएको परिवर्तन**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

५० प्रतिशतले पूजा आजा विवाह, जस्ता संस्कारमा परिवर्तन आएको अनुभव गरेका छन् भने २३ प्रतिशतले चाड पर्व मनाउने अवस्थामा परिर्वतन आएको अनुभव गरेका छन् । यस्तै १७ प्रतिशतले जात्रा मेला मनाउने अवस्थामा परिवर्तन आएको अनुभव गरेका छन् भने १० प्रतिशतले अन्य विषयजस्तै धामी झाँक्रीमा विश्वास जस्ता विषयमा परिर्वतन आएको अनुभव गरेका छन् ।

वैदेशिक रोजगारीले आर्थिक रूपमा जस्तै सामाजिक रूपमा पनि केही सकारात्मक परिर्वतन ल्याएको छ । जस्तैः वृद्धवृद्धाको औषधी उपचारमा सहजता ल्याएको देखिन्छ । विगतमा सरकारी बिमा र सरकारी अस्पतालमा औषधी उपचारमा जानेहरू हाल आधुनिक मेडिकल कलेजहरूमा जान सक्ने भएको देखिन्छ । तलको तालिकामा यस विषयमा उत्तरदाताहरूले व्यक्त गरेको धारणालाई प्रस्तुत गरिएको छ ।

**तालिकाः १७ वैदेशिक रोजगारीले स्वास्थ्य सेवामा ल्याएको परिर्वतन**

| क्र.स. | आफन्तले विदेशबाट रकम पठाएपछि परिवारको स्वास्थ्य अवस्थामा परिर्वतन आएको छ ? | प्रतिशत |
|---|---|---|
| १ | छ | ६० |
| २ | छैन | ४० |
| ३ | जम्मा | १०० |

*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

माथिको तालिकामा विप्रेषणले परिवारको स्वास्थ्य उपाचरमा ल्याएको परिवर्तनलाई प्रस्तुत गरिएको छ । तालिकअनुसार ६० प्रतिशतले परिर्वतनको अनुभव गरेका छन् भने ४० प्रतिशतले परिर्वतनको अनुभव गर्न पाएका छैनन् । तर उतरदाताको अवस्था हेर्दा उनीहरूको स्वास्थ्य अवस्थामा ठुलो परिर्वतन आएको देखिन्छ । स्वास्थ्य अवस्थामा परिर्वतन आउनुलाई सामाजिक सुरक्षामा देखिएको प्रभावका रूपमा पनि हेर्न सकिन्छ ।

**शैक्षिक अवस्थामा आएको परिर्वतन**

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले बालबच्चाको शैक्षिक अवस्थामा पनि परिर्वतन ल्याइदिएको छ । विगतमा विद्यालय नजाने बालबच्चा वैदेशिक रोजगारबाट रकम आउन थालेपछि विद्यालय जान थालेको । सरकारी विद्यालय जाने बच्चा बोर्डिङ स्कुल जान थालेको आदि अवस्थाले विप्रेषणले शिक्षामा परिवर्तन ल्याएको देखिन्छ । तलको तालिकामा यस विषयमा उत्तरदाताहरूले व्यक्त गरेको धारणा प्रस्तुत गरिएको छ ।

**तालिकाः १८ शैक्षिक अवस्थामा आएको परिर्वतन**

| क्र.स. | आफन्तले विदेशबाट रकम पठाएपछि परिवारको शैक्षिक अवस्थामा परिर्वतन | प्रतिशत |
|---|---|---|
| १ | छ | ६५ |
| २ | छैन | ३५ |
| ३ | जम्मा | १०० |

*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

६५ प्रतिशत उत्तरदाताले विप्रषण प्राप्त भएपछि आफ्नो बालबालिकाको शैक्षिक अवस्थामा परिवर्तन आएको महसुस गरेका छन् भने बाँकी ३५ प्रतिशतले परिर्वतनको अनुभव गर्न सकेको अवस्था

छैन । बहुमत उतरदाताले शिक्षामा परिर्वतन आएको बताएका कारण उनीहरूको सामाजिक सुरक्षा मजबुत हुँदै गएको देखिन्छ ।

**चाडपर्व मनाउने अवस्थामा परिर्वतन आएको परिवर्तन**

वैदेशिक रोजगारीमा गएर आर्थिक अवस्थामा सुधार आएपछि चाडपर्व मनाउने रमाइलो गर्ने विषयमा पनि परिवर्तन आएको देखिएको छ । तलको तालिकामा यस विषयलाई देखाइएको छ ।

**तालिकाः १९ चाड पर्व मनाउने अवस्थामा आएको परिवर्तन**

| क्र.स. | परिवारको चाड पर्व मनाउने अवस्थामा परिर्वतन | प्रतिशत |
|---|---|---|
| १ | छ | ५५ |
| २ | छैन | ४५ |
| ३ | जम्मा | १०० |

स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२


वैदेशिक रोजगारीमा गएकामध्ये ५५ प्रतिशतले परिर्वतन महसुस गरेका छन् भने बाँकी ४५ प्रतिशतले परिर्वतन महसुस नगरेको अवस्था देखिन्छ । विप्रेषण प्राप्त भएपछि बहुमत वैदेशिक रोजगारीमा गएका परिवारले राम्रोसँग चाडपर्व मनाउन सकेको अवस्थाले उनीहरूको सामाजिक अवस्थामा सकारात्मक परिर्वतन ल्याएको देखिन्छ ।

माथिको विश्लेषणको आधारमा वैदेशिक रोजगारीले समग्र गरिबीको अवस्थामा सुधार ल्याउन महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । सामाजिक र आर्थिक अवस्थामा परिर्वतन ल्याएर गरिबी घटाउन वैदेशिक रोजगारीले भूमिका खेलेको छ ।

**५.५ वैदेशिक रोजगारी र सामाजिक समस्या**

वैदेशिक रोजगारीमा परिवारको मुख्य व्यक्ति जाँदा घरमा हेरचाह गर्ने ब्यक्तिको अभाव जस्तै बालबच्चा बिरामी हुँदा अस्पतालसम्म पुऱ्याउने, वृद्धवृद्धालाई हेरविचार गर्नेलगायत सामाजिक समस्या आएको देखिन्छ । यस्तै विदेशबाट पठाएको रकम फजुल खर्च गर्ने, अनैतिक सम्बन्ध राख्ने, विदेशबाट पठाएको रकम हिनामिना गर्नेजस्ता घटना पनि देखिएको वर्तमान अवस्थामा उत्तरदाताहरूलाई पनि यस विषयमा प्रश्न सोधिएको र उत्तरदाताले यस विषयमा धारणा राखेका थिए, जुन तल उल्लेखित तालिकामा देखाइएको छ ।

**चित्रः २० वैदेशिक रोजगारी र सामाजिक समस्या**




*स्रोतः अनुसन्धानकर्ताले लिएको स्थलगत अध्ययनमा आधारित २०२२*

यहा वैदेशिक रोजगारीले ल्याएको सामाजिक समस्याका बारेमा प्रकाश पारिएको छ । चित्रमा देखाए अनुसार १० प्रतिशतले पारिवारिक विचलन, जस्तै विदेशबाट पठाएको रकम हिनामिना, बहुविवाह आदि । यस्तै ५ प्रतिशतले बालबच्चाको पढाइमा नकारात्मक परिवर्तन ल्याएको अनुभव गरेका छन् भने ५० प्रतिशतले वृद्धा, बालबच्चाको हेरचाहमा आएको नकारात्मक परिवर्तनलाई सामाजिक समस्याको रूपमा लिएका छन् । ३५ प्रतिशतले अन्य समस्यालाई जस्तै स्वास्थ्यमा आएको समस्या, एक्लोपन आदिलाई अन्य समस्याको रूपमा चित्रित गरेका छन् ।

माथिको विश्लेषणबाट वैदेशिक रोजगारीले अध्ययन क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिन्छ । समग्रमा प्रभाव मूल्याङ्कन गर्दा उत्तरदाताले दिएका अभिव्यक्तिहरूलाई आधार मानिएको छ । तर अध्ययनको क्रममा क्षेत्रको अवलोकन, उत्तरदाताको घरको अवस्था उनीहरूको बोलीचाली भेषभुषा आदिको अवलोकन गरिएको थियो । यसरी अध्ययन अवलोकन गर्दा कतिपय स्थानमा भेटिएका उत्तरदाताको अवस्था त्यति राम्रो देखिएको थिएन । उनीहरू प्रायः भाडाका घरमा बस्ने विदेशबाट कमाएर पठाएको रकम खान र घर भाडा तिर्न जेनतेन पुगेको अवस्था देखिन्थ्यो । तैपनि उनीहरूले आत्मसम्मानका लागि आफ्नो गरिबीलाई देखाएनन् । खाडी मुलुकमा जाने कामदारको अवस्था त्यति सहज नदेखिएका कारण वैदेशिक रोजगारीले विगतमा जस्तो राम्रो जीवनस्तरको सपना पूरा गर्न सकेको छैन । अमेरिका, युरोप, जानेहरू उतै बस्ने प्रपञ्च मिलाउने कारण त्यति धेरै रकम नेपाल पठाउने गरेको देखिँदैन । जापान र कोरियाबाट भने राम्रै रकम विप्रेषणको रूपमा आउने

गरेको छ । भारतलगायत खाडी मुलुकबाट नेपाल भित्रने विप्रेषणले  पनि खासै प्रगति गर्न सकेको अवस्था छैन ।

विप्रेषणका कारण उत्तरदाताको आय बढेको कारण गरिबी निबारणमा प्रत्यक्ष असर पारेको देख्न सकिन्छ भने र सामाजिक सुरक्षाको महत्वपूर्ण पक्ष शिक्षा, स्वास्थ्य, खानपानलगायतमा परिर्वतन आएको कारण सामाजिक सुरक्षमा पनि प्रभाव पारेको देखिन्छ । सामाजिक सुरक्षाको अर्को पाटो पाका उमेरका परिवारको सदस्यको हेरचाह, बालबच्चाको हेरचाहमा समस्या, परिवारमा फजुल खर्च बढ्नु, विदेशबाट पठाएको रकमलाई लिएर झैझगडा पर्नु आदि नकारात्मक प्रभाव पनि देख्न सकिन्छ तर पनि स्वदेशमा भरपर्दो रोजगारीको अवसर नभएको कारण वैदेशिक रोजगारीको विकल्प देखिँदैन ।

अध्यायः ६

# निचोड, निष्कर्ष र सुझाव

## ६.१ निचोड

'वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा पारेको प्रभाव' शीर्षकको यस अध्ययनले वैदेशिक रोजगारीले आम नेपालीमा पारेको आर्थिक तथा सामाजिक प्रभावलाई मुख्य उद्देश्य बनाएको छ भने मुख्य उद्देश्यभित्र रहेर स्वास्थ्य, शिक्षा, आम्दानी, बचत, क्रयशक्तिलगायत वैदेशिक रोजगारीमा जाँदा गरेको खर्च वैदेशिक रोजगारीबाट प्रति बर्ष हुने आय, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण खर्च गर्ने प्रवृत्ति आदिको बारेमा व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनलाई पूरा गर्न व्याख्यात्मक र विवरणात्मक दुवै विधिको प्रयोग गरिएको छ । संख्यामा देखाउन सकिने तथ्याङ्कहरूलाई विवरणात्मक विधिको प्रयोग गरेर तालका र चित्रमा प्रस्तुत गरिएको छ भने अन्य सूचनाहरूलाई व्याख्यात्मक विधिको प्रयोग गरेर प्रस्तुत गरिएको छ । यस अध्ययनमा काठमाडौं उपत्यकाभित्रका चार स्थानीय तह काठमाण्डौ महानगरपालिका, तारेकेश्वर नगरपालिका, चन्द्रागिरी नगरपालिका, कीर्तिपुर नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने परिवारको सदस्य वैदेशिक रोजगारीमा गएका घरपरिवारलाई नमुना परिवारको रूपमा छनौट गरी उनीहरूसँग अन्तर्वार्ता लिइएको थियो र उनीहरूबाट प्राप्त उत्तरलाई आधार मानेर अध्ययनको निष्कर्ष निकालिएको छ । अध्ययनको लागि प्रत्येक नगरपालिकाबाट २५/२५ का दरले नमुना छनौट गरिएको थियो । यसरी नमुना छनौट गर्दा सुविधायुक्त उद्देश्यपरक (Convenience Purposive Random Sampling) विधिको प्रयोग गरिएको थियो । क्षेत्र अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई सकेसम्म तथ्यपरक तरिकाले विश्लेषण गरेर निचोड निकालिएको छ ।

यस अध्ययनले निर्धारण गरेका उद्देश्य तथा अनुसन्धान प्रश्नअनुसार विश्लेषण गर्दा वैदेशिक रोजगारी नेपालको अर्थ व्यवस्थाको एक महत्वपूर्ण अंशको रूपमा रहेको देखिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले हालका वर्षहरूमा कुल ग्राहास्थ उत्पादनको एक तिहाइ अंश ओकटेको देखिन्छ । अध्ययनको मुल उद्देश्य "वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षमा पारेको प्रभाव" माथि विमर्श गर्दा के देखिन्छ भने बेदेशिक रोजगारीबाट प्राप्त विप्रेषणकै कारण आम नेपालीको ठूलो हिस्साले आफूलाई आधारभूत आवश्कता पूरा गर्न सक्ने अवस्थामा पुऱ्याएको छ । विप्रेषणको कारण आम नेपालीको आयमा सकारात्मक परिर्वतन आएको देखिन्छ । जसको कारण उनीहरूको पहुँच शिक्षा, स्वास्थ्यलगायतका आधारभूत आवश्यकतासम्म पुगेको छ ।

यसरी आधारभूत आवश्यकतामाथि पहुँच पुग्नुलाई सामाजिक सुरक्षाको एउटा कसी मानिन्छ । यस्तै आधारभूत रूपमा विप्रेषणले आम उपभोक्तालाई निरपेक्ष गरिबीको रेखाबाट माथि उठाउन भूमिका खेलेका कारण गरिबी निवारणमा वैदेशिक रोजगारीले सकारात्मक प्रभाव पारेको छ ।

अध्ययनको मूल उद्देश्यमाथि प्रकाश पार्ने क्रममा पारिवारिक अवस्था, परिवारको संरचना, उनीहरूले विदेश जान गरेको खर्च, खर्चको स्रोत, विदेशमा गइसकेपछि प्रतिमहिना उनीहरूले कमाएको रकम, सो रकम नेपाल पठाउने माध्यम, त्यसरी प्राप्त रकम जम्मा गरेको स्थान, रकम प्राप्त भएपछि गरेका खर्चको शीर्षक तथा अवस्था आदि विषयमा पनि छोटकरीमा चर्चा गरिएको छ । ती विषयमाथि अध्ययन गर्दा हालसम्म पनि वैदेशिक रोजगारीमा जाँदा चर्को ब्याजमा स्थानीय साहुमहाजनसँग रकम सापटी लिने गरेको देखिन्छ । विदेशमा आयआर्जन गरेको रकमको ठुलो हिस्सा स्थानीय स्तरमा सञ्चालित रेमिटहरूबाट प्राप्त गर्ने गरेको र तिनै स्थानीय सहकारीमा राख्ने गरेको देखिन्छ ।

वैदेशिक रोजगारीको कारण परिवार विखण्डन हुने, विदेशबाट पठाएको रकम हिनामिना, आश्रित परिवारका बुढाबुढी, बालबच्चाको हेरचाहमा समस्या आउने गरेको देखिए तापनि आधारभूत आवश्यकता जस्तैः गासबास, स्वास्थ्य, शिक्षा पूरा गर्न वैदेशिक रोजगारीबाट प्राप्त रकमले ठुलो भुमिका खेलेको कारण समग्रमा वैदेशिक रोजगारीले सामाजिक सुरक्षामा सकारात्मक प्रभाव पारेको छ ।

वैदेशिक रोजगारीबाट प्राप्त रकमको ठुलो हिस्सा घरखर्चमा सकिने र थोरैमात्र बचत हुने अवस्था देखिएको छ । बचत थारैमात्र भए पनि आधारभूत आवश्कतालाई विप्रेषणले धानेको देखिन्छ । वैदेशिक रोजगारीमा गएका व्यक्तिले कमाएको रकम प्रतिव्यक्ति आय भन्दा बढी नै छ । त्यसकारण वैदेशिक रोजगारीले गरिबी घटाउन महत्वपूर्ण योगदान गरेको देखिन्छ ।

वैदेशिक रोजगारीमा गएका ब्यक्तिको परिबारको खर्च वार्षिक रूपमा दुई लाखदेखि चार लाखसम्म रहेको छ । विप्रेषणको कारण बहुमत ७० प्रतिशतको खर्च गर्ने अवस्थामा परिर्वतन आएको छ । विप्रेषणले शिक्षामा पारेको प्रभावलाई हेर्दा आफ्ना बालबालिकालाई सस्तो विद्यालयबाट महँगो, सरकारी विद्यालयबाट निजी विद्यालयमा स्थानान्तरण गरेको अवस्था देखिन्छ ।

वैदेशिक रोजगारीबाट प्राप्त रकम खर्चको अवस्थालाई हेर्दा ४३ प्रतिशतले घर खर्चमा बढोत्तरी आएका कारण खर्चमा परिर्वतन आएको देखिन्छ । यसैगरी १४ प्रतिशत उत्तरदाताले स्वास्थ्य उपचारमा खर्च बढेका कारण खर्च गर्ने अवस्थामा परिवर्तन आएको छ भने अरू १४ प्रतिशतले विलासिताको वस्तुमा खर्च बढेको कारण विप्रेषणले खर्च गर्ने अवस्थामा परिर्वतन आएको देखिन्छ ।

७५ प्रतिशत उत्तरदाताले वैदेशिक रोजगारीबाट आएको विप्रेषणले पारिवारिक बचतमा परिर्वतन आएको महसुस गरेका छन् भने २५ प्रतिशत उत्तरदाताले परिवर्तनको महसुस गर्नसकेको अवस्था छैन । परिवारिक खर्चभन्दा विदेशबाट पठाएको विप्रेषण कम भएको कारण उनीहरूमा बचत गर्न नसकेको उत्तरदाताहरूले बताउने गरेको अवस्था छ ।

वैदेशिक रोजगारीले समाजिक अवस्थामा सुधार ल्याउन पनि महत्वपूर्ण भूमिका खेलेको छ । विदेशमा गएर पैसा पठाउन थालेपछि बालबच्चाको पढाइ, आश्रित परिवारका वृद्धवृद्धाहरूको औषधी उपचारमा सहजता आदि हेर्दा वैदेशिक रोजगारीले सामाजिक अवस्थामा परिर्वतन ल्याएको देख्न सकिन्छ । वैदेशिक रोजगारीले सामाजिक विचलन ,परिवारमा कलह, बालबच्चाको स्याहारसुसारमा समस्या, वृद्धवृद्धाको हेरचाहमा समस्या आदि सामाजिक समस्या पनि निम्त्याएको अवस्था देखिन्छ । वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक अवस्थामा परिवर्तन ल्याएर गरिबी घटाउन महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## ६.२ निष्कर्ष

वैदेशिक रोजगारीले पारेको आर्थिक तथा सामाजिक अवस्थामा पारेको प्रभाव मूल्याङ्कन गर्दा यस अध्ययनमा सहभागी उत्तरदाताले दिएको सूचनाको आधारमा वैदेशिक रोगजारी निम्न आय भएका घरपरिवारका निम्ति जीवन निर्वाहको एक महत्वपूर्ण आर्थिक क्रियाकलाप भएको निष्कर्ष निकाल्न सकिन्छ । अध्ययन क्षेत्रमा भेटिएका उत्तरदाताहरूको आफन्तले विदेशबाट विप्रेषणको रूपमा पठाएको रकमबिना उनीहरूको आधारभूत आवश्यकता पूरा हुने अवस्था देखिँदैन । वैदेशिक रोजगारीबाट प्राप्त रकमबाट आश्रित परिवारको गासबास कपासको व्यवस्था गर्दा सकिने अवस्था रहेको कारण बचत त्यति भएको अवस्था छैन । वैदेशिक रोजगारीबाट प्राप्त रकम बचत गरी उत्पादनको क्षेत्रमा लगाउन सकिने सम्भावना भए पनि देशको विद्यमान महँगी र आश्रित परिवारको बचत गर्ने सोचमा कमि हुनु आदिले सोचेअनुसार प्रतिफल दिन सकेको अवस्था छैन ।

वैदेशिक रोजगारीले आश्रित परिवारको आय, बचतलगायत खर्चमा पनि वृद्धि गरेको कारण जत्रो आइरो त्यत्रो पहिरो (जति आम्दानी त्यति खर्च भन्ने) नेपाली उखानलाई चरितार्थ गरेको छ । तैपनि भोलिको समुन्नत नेपाल निर्माणको आधार बालबालिकाको शिक्षा, स्वास्थ्य, पूर्वाधारमा वैदेशिक रोजगारीबाट प्राप्त रकम खर्च भएको अवस्था छ । यसलाई सकारात्मक पक्ष मान्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने युवाको अकालमा मृत्यु हुने, अङ्गभङ्ग हुने, विदेशबाट पठाएको रकम सही स्थानमा सदुपयोग नहुँदा पारिवारिक कलह बढ्नेजस्ता समस्या पनि देखिने गरेको छ तर

उत्तरदाताहरूले त्यस विषयमा खासै प्रकाश नपारेका कारण वैदेशिक रोजगारीले ल्याएका नकारात्मक प्रभावभन्दा सकारात्मक प्रभाव बढी भएको देख्न सकिन्छ । मानव विकासमा प्रभाव पर्ने तत्व जस्तैः शिक्षा, स्वास्थ्य, सरसफाइ, आय, बचत, पूर्वाधार आदिमा वैदेशिक रोजगारीबाट विप्रेषणका रूपमा प्राप्त रकमले सकारात्मक परिर्वतन ल्याएको देखिन्छ ।

नेपालको चुनौतीको रूपमा रहेको गरिबी निवारणलाई वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले केही हदसम्म भए पनि कम गराएको छ । सामाजिक अवस्था जस्तै शिक्षा, स्वास्थ्य, सरसरफाइ, आर्थिक अवस्था, आय, बचत आदिमा सुधार ल्याएको कारण निरपेक्ष गरिबीको अवस्थाबाट माथि उठ्न वैदेशिक रोजगारीले ठुलो भूमिका खेलेको छ ।

**सुझाव**

| **भएको** | **हुनुपर्ने** |
|---|---|
| तालिम विहिन कामदार वैदेशिक रोजगारीमा गएको | व्यापक ढंगले तालिम प्रशिक्षण दिने र सीप भएको प्रमाणपत्र भएकालाई मात्र वैदेशिक रोजगारीमा पठाउने व्यवस्था गर्ने । |
| विप्रेषणबाट प्राप्त आम्दानी उत्पादनशील क्षेत्रमा प्रयोग नभएको - विप्रषणको ७० प्रतिशत घरखर्चमा सकिने अवस्था रहेको । | विप्रेषणबाट प्राप्त आम्दानी उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने वातावरण सृजना गर्ने । जस्तैः वैदेशिक रोजगारीमा गएका श्रमिकले पठाएको रकममा कर छुट । त्यस्तो रकम प्रयोग गरी साना उद्योग, कृषि फर्म, आदि सञ्चालन गरेर स्वदेशमा बस्न चाहेमा थप ऋण अनुदान, तालिम आदि उपलब्ध गराउने ब्यवस्था मिलाउने । |
| नेपाली गएका सबै देशमा श्रम सम्झौता नभएको । | नेपाली श्रमिकहरू ठुलो संख्यामा जाने सबैजसो देशहरूसँग श्रम सम्झौता गरी त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । |
| विप्रेषण बैंकिङ्ग प्रणालीमा नआएको अवस्था | श्रमिकहरू वैदेशिक रोजगारीमा जानुअघि नेपालमा बैंक खाता खोल्नै पर्ने व्यवस्था गर्ने र वैदेशिक रोजगारीको सिलसिलामा कमाएको रकम बैकिङ्ग प्रणालीबाट भित्र्याई त्यस्तो रकम उत्पादन मूलक |

| | |
|---|---|
| | लघु तथा साना उद्योग र रोजगारीमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने । |
| रोजगार सम्बन्धी काम गर्ने सरकारी संयन्त्रलाई प्रदेश स्तरसम्म नपुगेको अवस्था । | रोजगारसम्बन्धी काम गर्ने सरकारी संयन्त्रलाई कम्तिमा प्रदेश स्तरसम्म विस्तार गर्ने । रोजगार व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने । |
| श्रम कूटनीति प्रभावकारी नभएको । | श्रम कूटनीतिलाई प्रभावकारी बनाउने । रोजगारीको लागि तुलनात्मक लाभ भएका रोजगार गन्तव्य मुलुकहरूको खोजी गर्ने र उक्त मुलुकमा नेपाली श्रमिकको हकहित संरक्षण र सम्वर्द्धनको लागि विशेष पहल गर्ने । |
| स्वदेशमा रोजगारी सृजना गरी आयस्तर वढाउन पहल नभएको । | समग्र गरिबीको अवस्थाबाट माथि उठ्न वैदेशिक रोजगारीले हाललाई भूमिका खेलेको भएपनि दिर्घकालिन रूपमा यस्लाई निरन्तरता दिन उपयुक्त हुँदैन । तसर्थ स्वदेशमा रोजगारी सृजना गरी आयस्तर बढाउन पहल गर्नुपर्ने खाँचो देखिन्छ । त्यसका लागि सबैले आआफ्नो स्थानबाट काम गर्नुपर्ने अवस्था छ । |
| रोजगारी जानेहरूको समाजिक सुरक्षामा प्रयाप्त काम नभएको । | रोजगारीमा जानेहरूको सामाजिक सुरक्षामा प्रयाप्त काम गर्नुपर्ने अवस्था देखिन्छ । जस्तै विदेशमा अंगभङ्ग भएकाका लागि सहयोग, मृत्यु भएकाको लास नेपाल ल्याउने आदि । |

**सन्दर्भ सामग्री सूची**

**नेपाली खण्ड**


अभिकारी, गणेश (२०६५) नेपालमा वैदेशिक रोजगारीले निम्त्याउन सक्ने असर, *प्रवास,* अंक १ वर्ष १ ।

अर्थ मन्त्रालय (२०७८), आर्थिक सर्वेक्षण, काठमाडौंः अर्थ मन्त्रालय, नेपाल सरकार ।

कार्की, नरमाया (२०६८), नेपालका लागि वैदेशिक रोजगारको सकारात्मक र नकारात्मक प्रभाव, कान्तिपुर राष्ट्रिय दैनिक, काठमाडौं ।

खत्री, खिमबहादुर (२०६०), वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, काठमाडौः अप्रकाशित शोधः त्रि.वि. शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

पण्डित, सूर्यकुमार (२०५७), नेपालमा वैदेशिक रोजगार, काठमाडौंः वैदेशिक पत्रकार संघ ताहाचल ।

पोखरेल, नारायणदत्त (२०६७), वैदेशिक रोजगारीले समाजमा पारेको प्रभाव, काठमाडौं : अप्रकाशित शोधपत्र, मानविकी तथा समाजशास्त्र संकाय, कीर्तिपुर ।

वन्जाडे, नरेन्द्रप्रसाद (२०६८), वैदेशिक रोजगारीले शैक्षिक क्षेत्रमा परेको प्रभाव, काठमाडौं : अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, अर्थशास्त्र शिक्षा विभाग, कीर्तिपुर ।

भट्टराई, पूर्णचन्द्र (२०६९), विप्रेषणको प्रभाव, अभिमान, दैनिक, २०६९/५/१५ पेज नं. ७ ।

ज्ञावली, खेमराज (२०७०), नेपालमा वैदेशिक रोजगारको वर्तमान अवस्था र चुनौती जनमैत्री पाक्षिक, काठमाडौं : जनमैत्री सञ्चार सञ्जाल प्रा.लि. ।

रेग्मी, धनप्रसाद (२०६५), वैदेशिक रोजगारीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, शैक्षिक सम्प्रेशण अर्थशास्त्र शिक्षा विभाग कीर्तिपुर ।

नेपाल राष्ट्र बैंक (२०६२), वैदेशिक रोजगार र अर्थतन्त्र र नेपाल, काठमाडौं : नेपाल राष्ट्र बैंक ।

## अंग्रेजी खण्ड

Adhikari, J., & Ganesh, G. (2009). *Migration, security and livelihoods*: A case of migration between Nepal and India. Kathmandu: Nepal Institute of Development Studies, Nepal.

Central Bureau of Statistics (CBS). (2011). *Nepal living standard survey 2010/11.* Kathmandu: Central Bureau of Statistics, Nepal.

Central Bureau of Statistics (CBS). (2014). *Population Monograph of Nepal*, Kathmandu: Central Bureau of Statistics, Nepal.

Conway, D. & Shrestha, N. R. (1981). *Causes and consequences of rural-to rural migration in Nepal.* Indiana University: Department of Geography, Ford Foundation and Rockefeller Foundation.

Government of Nepal (GoN). (2007). *Foreign employment act*, 2007. Kathmandu: Government of Nepal.

Government of Nepal (GoN). (2008). The foreign employment rules, 2008. Kathmandu: Government of Nepal. https://www.lawcommission.gov.np

Government of Nepal (GoN). (2012). Foreign employment policy, 2012. Kathmandu: Government of Nepal.

Government of Nepal (GoN). (2072). Constitution of Nepal. Kathmandu: Government of Nepal, Nepal. https://www.iom.int/global-forum-migration-and-development-gfmd

K. C., B. K. (1998). *Trends, patterns and implications of rural-to urban migration in Nepal.* Kathmandu: Central Department of Population Studies, Tribhuvan University, Nepal.

Kansakar, V. B. S. (2005). International migration in Nepal for livelihood. In geography and geographers' work in Nepal: Reflections on mountain environment and human activities Vol. 1, edited by Bhim P. Subedi and Padma C. Poudel. Kathmandu: Nepal Geographical Society, Central Department of Geography, Tribhuvan University and National Centre of Competence.

Laxman S. K. (2020). *Labour Migration and Governance in Nepal.* Journal of Population and Development, Nepal.

International Labour Organization (ILO). (2018). Migration data portal. Geneva: International Labour Office. https://migrationdataportal.org/themes/labour-migration

Ministry of Finance (2019). Economic survey 2018/19. Kathmandu: Ministry of Finance, Government of Nepal, Nepal.

Ministry of Labour (1999). Foreign employment rules, 1999. Kathmandu: Minister of Labour, Nepal.

Ministry of Labour and Employment (MLE) (2014). *Labour migration for employment, a status report for Nepal:* 2013/2014. Kathmandu: Ministry of Labour and Employment, Nepal.

Ministry of Labour and Employment (MLE) (2018). *Labour migration for employment, a status report for Nepal:* 2015/2017-2017/2017, Kathmandu: Ministry of Labour and Employment, Nepal.

Ministry of Labour and Transportation Management (MLTM) (1992). Foreign employment (first amendment) act, 1992. Kathmandu: Ministry of Labour and Transportation Management, Nepal.

Ministry of Labour and Transportation Management (MLTM) (1998). Foreign employment, (second Amendment), act, 1998. Kathmandu: Ministry of Labour and Transportation Management, Nepal.

Ministry of Labour, Employment and Social Security (MLESS) (2020). Nepal labour migration report. Kathmandu: Ministry of Labour, Employment and Social Security, Government of Nepal.

Ministry of Labour and Employment (MLE). (2018). Labour migration for employment, a status report for Nepal: 2015/2017-2017/2017. Kathmandu: Ministry of Labour and Employment, Nepal.

National Planning Commission (1995/56) *Life Stand survey Report* . Kathmndu : NPC

National Planning Commission (2002/2003) *Life Stand survey Report*. Kathmndu : NPC

National Planning Commission (20111) *Life Stand survey Report* . Kathmndu : NPC

National Planning Commission (2020) *Nepal Human Development Report* . Kathmndu : NPC

William, Collins ( 2013) Collion English Dictionary . London: Harper Collion.

World Bank Report (2020) *Poverty Situation of South Asia. New* Delhi : World Bak Grpups

**अनुसूची १**

नेपाल सरकारले काम गर्न जान कानुनी रूपमा श्रम इजाजात दिएका देशहरू

| **क्र. स** | **देशको नाम** | **क्र. स.** | **देशको नाम** | **क्र. स** | **देशको नाम** |
|---|---|---|---|---|---|
| १ | अफगानिस्तान | ३७ | गौना | ७५ | ओमान |
| २ | अल्बेनिया | ३८ | होलिसि | ७६ | पाकिस्तान |
| ३ | अलजेरिया | ३९ | हङकङ | ७७ | पनामा |
| ४ | अर्जेनटिना | ४० | हङगेरी | ७८ | पेरू |
| ५ | अरमेनिया | ४१ | आइल्यान्ड | ७९ | पोल्यान्ड |
| ६ | अस्ट्रेलिया | ४२ | इन्डोनेसिया | ८० | पोर्चुगल |
| ७ | अस्ट्रिया | ४३ | इरान | ८१ | कतार |
| ८ | अजेरवैजन | ४४ | आयरल्यान्ड | ८२ | रि.कोरिया |
| ९ | बहराइन | ४५ | इजरायल | ८३ | रि.स्लोभाक |
| १० | बंगलादेश | ४६ | इटली | ८४ | रूमेनिया |
| ११ | बेलरस | ४७ | जापान | ८५ | रसिया |
| १२ | बेल्जियम | ४८ | जोडन | ८६ | साइपन |
| १३ | बोलिभिया | ४९ | कजाकिस्तान | ८७ | साउदी अरेयिबा |
| १४ | बोस्निया हज | ५० | केनिया | ८८ | सिङ्गापुर |
| १४ | ब्राजिल | ५१ | कोसोभो | ८९ | स्लोभेनिया |
| १५ | ब्रुनिया | ५२ | कुवेत | ९० | साउथ अफ्रिका |
| १६ | बुलगेरिया | ५३ | लोस पिडिआर | ९१ | स्पेन |
| १७ | क्यानडा | ५४ | लटभिया | ९२ | श्रीलंका |
| १८ | चिली | ५५ | लेबनान | ९३ | स्वीडेन |
| १९ | चीन | ५६ | लग्जुम्बर्ग | ९४ | स्विजरल्यान्ड |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | कोल्मबिया | ५७ | मकाउ | ९५ | सिचेल्सी |
| २१ | कम्बोडिया | ५८ | मलेसिया | ९६ | तेन्जानिया |
| २२ | कङगो | ५९ | माल्दिवस | ९७ | थाइल्याण्ड |
| २३ | कोस्टारिका | ६० | मालटा | ९८ | फिलिपिन्स |
| २४ | क्रोएसिया | ६१ | मेकोडोनिया | ९९ | टुनेटिया |
| २५ | क्युबा | ६२ | मेक्सिको | १०० | टर्की |
| २६ | साइफरस | ६३ | मोलडोभा | १०१ | युगान्डा |
| २७ | चेकरिपब्लिक | ६४ | मंगोलिया | १०२ | युक्रेन |
| २८ | डेनमार्क | ६५ | मैरिसस | १०३ | अमेरिका |
| २९ | इजिपट | ६६ | मोरोको | १०४ | उजबेगिस्तान |
| ३० | इस्टोनिया | ६७ | मोजामविक | १०५ | भेनेजुयेला |
| ३१ | फिजी | ६८ | म्यानमार | १०६ | भियेतनाम |
| ३२ | फिलाइन्ड | ७० | नेदरल्याण्ड | १०७ | जामविया |
| ३३ | फ्रान्स | ७१ | न्युजिल्यान्ड | १०८ | ओमान |
| ३४ | जर्मनी | ७२ | निकारगुवा | १०९ | इराक ( रोक) |
| ३५ | ग्रेट ब्रिटेन | ७३ | नाइजेरिया | ११० | लिविया (रोक) |
| ३६ | ग्रिस | ७४ | नर्वे | | |

*स्रोत: संयुक्त अरब इमिरेट्स (श्रम, रोगजार तथा सामाजिक सूरक्षा मन्त्रालयको प्रतिवेदन २०७७)*

## अनुसूची २

**प्रश्नावली**

१. उत्तरदाताहरूको सामाजिक आर्थिक अवस्था

१.उमेर :

२. लिङ्ग :

३. शैक्षिक योग्यता :

४. वैवाहिक अवस्था :

५. धर्म :

६. जाति/जनजाति :

७. परिवारको किसिम :

८.परिवार संख्या :

९. पेसा/व्यवसाय :

१०. बचत :

१०. खर्च :

**वैदेशिक रोजगारीले आर्थिक अवस्थामा पारेको प्रभाव**

१. तपाईंको घरको परिवारको कुन सदस्य वैदेशिक रोजगारीमा हुनुहुन्छ ?

क. बुबा ख. छोरा ग. श्रीमान् घ. भाइ/दाजु

२. वैदेशिक रोजगारीको सिलसिलामा कुन देशमा जानुभएको छ ?

क. भारत ख. खाडी मुलुक ग युरोप ४. अन्य मुलुक

३. वैदेशिक रोजगारीमा जाँदा कति रकम तिरेर जानुभएको हो ?

क. ५० हजारदेखि १ लाख ख. १ लाखदेखि २ लाख ग. २ लाखभन्दा बढी

४. वैदेशिक रोजगारीमा जाने रकम कसरी संकलन गर्नुभयो ?

क. साहुसँग ऋण काडेर  ख. बैकमा धितोराखेर  ग. घरका पशु चौपया बेचेर  ४. अन्य विकल्पबाट

५. वैदेशिक रोजगारीमा कति वर्षदेखि कार्यरत हुनुहुन्छ ?

क. विगत २ वर्षभन्दा  कम    ख.  विगत २ देखि ५वर्ष  ग. विगत ५ वर्षभन्दा वढी

६. वैदेशिक रोजगारीबाट प्रतिवर्ष अनुमानित आम्दानी कति हुन्छ ?

क. ३ लाखसम्म  ख. ३ देखि ४ लाखसम्म  ग. ४ देखि ५ लाखसम्म  घ.  ५ लाखदेखि माथि

७. वैदेशिक रोजगारीमा जाँदा लागेको ऋण तिर्नुभयो वा छैन?

क. छ                                        ख. छैन

८. के वैदेशिक रोजगारीबाट रकम प्राप्त भएपछि  तपाईंको परिवारले आर्थिक रूपमा सहजता प्राप्त गरेको छ ?

क. छ                                        ख. छैन

९. छैन भने किन  क. विदेशमा सोचे अनुरूप कमाइ नभएर  ख. चर्को ब्याजमा ऋण लिएर वैदेशिक रोजगारमि गएको भएर  घ. अन्य

१०. वैदेशिक रोजगारीबाट तपाईंका आफन्तले कुन माध्यमबाट रकम पठाउनुहुन्छ ?

क. बैक  ख. विभिन्न रेमिटेन्स कम्पनि  ग. साथीभाइमार्फत  घ. अन्य

११. रकम प्राप्त गर्न सहज छ वा छैन ?

क. छख. छैन

१२. वैदेशिक रोजगारीले तपाईंको परिवारको  पारिवारिक आयमा परिवर्तन ल्याएको छ वा छैन ?

क. छ                                ख. छैन

१३. ल्याएको छ भने के कसरी परिवर्तन ल्याएको छ ?

१४. तपाईको प्रतिवर्ष अनुमानित खर्च कति हुन्छ ?

क. २ लाखसम्म  ख. २ देखि ३ लाखसम्म  ग. ३ देखि ४ लाखसम्म  घ.  ४ लाखदेखि माथि

१५. वैदेशिक रोजगारीले तपाईंको परिवारको  पारिवारिक  बचतमा  परिर्वतन ल्याएको छ वा छैन ?

क. छ                                   ख. छैन

१६. छ भने केमा कसरी परिर्वतन ल्याएको छ ।

१७. के तपाईंले वैदेशिक रोजगारीबाट प्राप्त रकम बचत गर्नुभएको छ ?

क. छ                                   ख. छैन

१८. छ भने  बैंक वित्तीय संस्था , सहकारी  वा व्यक्तिगत सापटी केमा प्रयोग गर्नुभएको छ ?

१९. वैदेशिक रोजगारीले तपाइको परिवारको पारिवारिक  खर्चमा परिर्वतन ल्यएको छ वा छैन?

क. छ                                   ख. छैन

२०. छ भने केमा कसरी परिर्वतन ल्याएको छ ? छैन भने के कारणले परिर्वतन आएन ?

२१. वैदेशिक रोजगारीले तपाईंको परिवारको पारिवारिक क्रयशक्तिमा परिर्वतन ल्याएको छ वा छैन ?

क.  छ                                   ख.  छैन

२२. छ भने केमा कसरी परिर्वतन ल्याएको छ ? छैन भने के कारणले परिर्वतन आएन ?

क. छ                                   ख. छैन

२३. वैदेशिक रोजगारीबाट पठाएको रकमक सबैभन्दा धेरै कुन शीर्षकमा खर्च गर्नुहुन्छ ?

क. खानामा  ख. कपडामा  ग. स्वाथ्यमा  घ.   शिक्षामा  ङ. अन्यमा

**वैदेशिक रोजगारीले मानव विकासमा पारेको प्रभाव**

२४. वैदेशिक रोजगारीबाट पैसा आउन थालेपछि तपाईं बसाइँ सरेर सुविधा युक्त स्थानमा आउनुभयो भएन ?

क. छ                                   ख. छैन

२५. वैदेशिक रोजगारीबाट तपाईंको आफन्त फर्कनुभएको छ वा छैन ?

छ भने फर्केर आएपछि केही परिर्वतन देख्नुभयो ?

क: भाषामा परिर्वतन ख . खानपानमा ग लुगा लगाउने अवस्थामा घ. अन्य अवस्थामा

२६. वैदेशिक रोजगारीमा तपाईंको आफन्त जानुभएपछि तपाईंले केही सामाजिक समस्याजस्तै क. बच्चा बयस्क बिरामी हुँदा अस्पतालसम्म लाने

ख. बच्चा वृद्ध आदिको हेरचाह गर्ने

ग. अन्य समस्या

२७. वैदेशिक रोजगारीले सामाजिक/सांस्कृतिक अवस्थामा ल्याएको परिवर्तन छ ?

क. सामाजिक अवस्थामा परिर्वतन

ख. सांस्कृतिक अवस्थामा परिर्वतन

ग. सामाजिक र सांस्कृतिक अवस्थामा परिर्वतन नभएको

**२८**. आफन्तले विदेशबाट रकम पठाएपछि परिवारको स्वास्थ्य अवस्थामा परिवर्तन आएको छ ?

क. छ ख. छैन

छ भने कसरी

२९. आफन्तले विदेशबाट रकम पठाएपछि परिवारको शिक्षामा अवस्थामा परिर्वतन आएको छ ?

क. छ ख. छैन

छ भने कसरी

३०. आफन्तले विदेशबाट रकम पठाएपछि परिवारको चाड पर्व मनाउने अवस्थामा परिवर्तन आएको छ ?

क. छ ख. छैन

छ भने कसरी

३१. वैदेशिक रोजगारीबाट प्राप्त रकम कुन शीर्षकमा खर्च गर्नुहुन्छ ?

क. बाल बालिकाको शिक्षामा

ख. खाना र कपडामा

ग. स्वास्थ्य उपचारमा

घ. चाडपर्व मनाउन

ङ. अन्य काममा

३२. वैदेशिक रोजगारीले समग्र आर्थिक अवस्थामा परिर्वतन ल्याएको छ वा छैन ?

क. छ ख. छैन

३३. वैदेशिक रोजगारीको सिलसिलामा परिवारको सदस्य विदेशमा बस्दा परिवारिक विचलन आएको छ वा छैन ?

३४. समग्रमा वैदेशिक रोजगारीले ल्याएका सकारात्मक परिवर्तन र नकारात्मक परिर्वतनबारे तपाईंको धारणा के छ ?

*Government of Nepal*

**National Planning Commission**

**Singha Durbar, Kathmandu**

**Phone: +977 - 1- 4211970**

**Fax: +977 - 01 4211700**

**Email: npc@npc.gov.np**